# *बुधनको घोडी* कथासङ्ग्रहको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

स्नातकोत्तर तह (एम.ए.) नेपाली दोस्रो वर्षको दसौँ

पत्रको प्रयोजनको लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

सविता गजुरेल

परीक्षा रोल नं. : २२००१६

त्रि.वि. दर्ता नं. : ६-१-५५५-१७०३-२००५

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर


२०७६

# प्रतिबद्धतापत्र

यस शोधपत्र भित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको होइनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ यो शोत्रपत्र मौलिक भएको प्रतिवद्धता व्यक्त गर्दछु ।

..........................

शोधार्थी

सविता गजुरेल

मिति : २०७६/०२/०८

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पसको विद्यार्थी सविता गजुरेलले स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनार्थ ***बुधनको घोडी*** **कथासङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०७६/०१/०३

..............................

उपप्रा. चर्तुभुज केवरत

शोधनिर्देशक

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**पाटन संयुक्त क्याम्पस**

**पाटनढोका, ललितपुर**

मितिः २०७६/०२/०८

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पस नेपाली विभागको विद्यार्थी सविता गजुरेलले स्नातकोत्तर तहको नेपाली विषयको दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पार्नु भएको ***बुधनको घोडी*** **कथासङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

सहप्रा. अच्युराज पराजुली (विभागीय प्रमुख) .............................

उपप्रा. चतुर्भुज केवरत (शोधनिर्देशक) .............................

उपप्रा.डा. धनप्रसाद सुवेदी (बाह्य परीक्षक) .............................

प्रा.डा.धर्मराज अधिकारी (प्रतिनिधि, अनुसन्धान समिति) .............................

# कृतज्ञताज्ञापन

***बुधनको घोडी* कथासङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पस नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । प्रस्तुत शोधपत्रको क्रममा मलाई शोधकार्य गर्न स्वीकृति प्रदान गर्नुहुने विभागका अध्यक्ष सहप्रा. अच्युतराज पराजुलीलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोध निर्देशन गरी निरन्तर सहयोग पुऱ्याउनुहुने गुरु उपप्रा. चतुर्भुज केवरतलगायत पाटन संयुक्त क्याम्पस नेपाली विभागका सम्पूर्ण प्राध्यापकहरू तथा कर्मचारी श्री दुर्गादेवी महर्जनप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्र तयारीका क्रममा सुझाव दिनुहुने यस कृतिका सर्जक श्री मन्दिरा कोइराला पाण्डे अर्थात् मन्दिरा मधुश्रीलाई आवश्यक सामग्रीका साथसाथै यस कथासङ्ग्रहमा शोधकार्य गर्न सहमति दिनु भएकोले आभार व्यक्त गर्दछु । त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति आभारी छु ।

अन्त्यमा, शोत्रपत्रको टङ्कण गरी सहयोग गर्नुहुने युनिभर्सल फोटोकपी एन्ड कम्प्युटर सेन्टर कीर्तिपुरका सुभाष खत्रीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । शोधकार्यमा सहयोग गर्नुहुने श्रीमान् वसन्तकुमार अर्याल साथै परिवारजन र शुभेच्छुकप्रति हार्दिक आभार प्रकट गर्दै यस शोधपत्रको मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, पाटन संयुक्त क्याम्पस, नेपाली विभाग स्नातकोत्तर कार्यक्रमसमक्ष पेश गर्दछु ।

..........................

शोधार्थी

सविता गजुरेल

पाटन संयुक्त क्याम्पस

पाटनढोका ललितपुर

मिति : २०७६/०१/०३

# विषयसूची

## परिच्छेद एक

## शोधपरिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन १

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य ३

१.६ शोधकार्यको सीमाङ्कन ४

१.७ सामग्री सङ्कलन र विश्लेषण ४

१.८ शोधपत्रको रूपरेखा ४


## परिच्छेद दुई

## कथाको सैद्धान्तिक स्वरूप


२.१ विषयप्रवेश ५

२.२ कथाको अर्थ र परिभाषा ५

२.३ कथाका तत्त्वहरू ८

२.३.१ कथानक ८

२.३.२ चरित्र चित्रण १०

२.३.३ परिवेश ११

२.३.४ दृष्टिबिन्दु १२

२.३.५ उद्देश्य १४

२.३.६ भाषाशैली १५

२.४ नेपाली कथाको विकासक्रमको सामान्य परिचय १६

## परिच्छेद तीन

## मन्दिरा मधुश्रीको जीवनी र व्यक्तित्व


३.१ विषयप्रवेश १८

३.२ जन्म र जन्मस्थान १८

३.३ शिक्षादीक्षा १८

३.४ दाम्पत्य जीवन १८

३.५ साहित्य सिर्जना १९

३.६ व्यक्तित्व १९

३.७ सम्मान तथा पुरस्कार १९


## परिच्छेद चार

## विधातत्त्वका आधारमा 'बुधनको घोडी' कथासङ्ग्रहका कथाहरूको विश्लेषण


४.१ विषयपरिचय २१

**४.२ 'बुधनको घोडी' कथासङ्ग्रहको विश्लेषण** २१

**४.२.१ 'वीरेको सपना र रेडियोको समाचार' कथाको अध्ययन** २१

४.२.१.१ कथानक २१

४.२.१.२ चरित्रचित्रण २२

४.२.१.३ परिवेश २२

४.२.१.४ दृष्टिबिन्दु २४

४.२.१.५ उद्देश्य २५

४.२.१.६ भाषाशैली २६

४.२.१.७ निष्कर्ष २६

**४.२.२ 'हाकिम म र त्यो साँझ' कथाको अध्ययन** २७

४.२.१.१ कथानक २७

४.२.१.२ चरित्रचित्रण २७

४.२.२.३ परिवेश २८

४.२.२.४ दृष्टिबिन्दु २९

४.२.२.५ उद्देश्य २९

४.२.२.६ भाषाशैली ३०

४.२.२.७ निष्कर्ष ३१

**४.२.३ 'मैले चिनेको सहर' कथाको अध्ययन ३१**

४.२.३.१ कथानक ३१

४.२.३.२ चरित्रचित्रण ३१

४.२.३.३ परिवेश ३२

४.२.३.४ दृष्टिबिन्दु ३३

४.२.३.५ उद्देश्य ३३

४.२.३.६ भाषाशैली ३४

४.२.३.७ निष्कर्ष ३५

**४.२.४ 'पुनरावृत्ति' कथाको अध्ययन ३५**

४.२.४.१ कथानक ३५

४.२.४.२ चरित्रचित्रण ३६

४.२.४.३ परिवेश ३६

४.२.४.४ दृष्टिबिन्दु ३७

४.२.४.५ उद्देश्य ३८

४.२.४.६ भाषाशैली ३८

४.२.४.७ निष्कर्ष ३९

**४.२.५ 'आइमाई' कथाको अध्ययन ३९**

४.२.५.१ कथानक ३९

४.२.५.२ चरित्रचित्रण ४०

४.२.५.३ परिवेश ४०

४.२.५.४ दृष्टिबिन्दु ४१

४.२.५.५ उद्देश्य ४२

४.२.५.६ भाषाशैली ४३

४.२.५.७ निष्कर्ष ४३

**४.२.६ 'सिट नं. १२' कथाको अध्ययन** ४३
४.२.६.१ कथानक ४३
४.२.६.२ चरित्रचित्रण ४४
४.२.६.३ परिवेश ४४
४.२.६.४ दृष्टिबिन्दु ४५
४.२.६.५ उद्देश्य ४६
४.२.६.६ भाषाशैली ४६
४.२.६.७ निष्कर्ष ४७
**४.२.७ 'मम्मी मलाई किन छोड्नु भको ?' कथाको अध्ययन** **४७**
४.२.७.१ कथानक ४७
४.२.७.२ चरित्रचित्रण ४८
४.२.७.३ परिवेश ४८
४.२.७.४ दृष्टिबिन्दु ४९
४.२.७.५ उद्देश्य ४९
४.२.७.६ भाषाशैली ५०
४.२.७.७ निष्कर्ष ५१
**४.२.८ 'मासुको तिर्सना' कथाको अध्ययन** **५१**
८.२.८.१ कथानक ५१
४.२.८.२ चरित्रचित्रण ५२
४.२.८.३ परिवेश ५२
४.२.८.४ दृष्टिबिन्दु ५३
४.२.८.५ उद्देश्य ५४
४.२.८.६ भाषाशैली ५४
४.२.८.७ निष्कर्ष ५५
**४.२.९ 'अंशवन्डा' कथाको अध्ययन** **५५**
४.२.९.१ कथानक ५५
४.२.९.२ चरित्रचित्रण ५६
४.२.९.३ परिवेश ५७

४.२.९.४ दृष्टिबिन्दु ५७

४.२.९.५ उद्देश्य ५८

४.२.९.६ भाषाशैली ५९

४.२.९.७ निष्कर्ष ५९

**४.२.१० 'पानी परेको रात' कथाको अध्ययन ६०**

४.२.१०.१ कथानक ६०

४.२.१०.२ चरित्र चित्रण ६१

४.२.१०.३ परिवेश ६१

४.२.१०.४ दृष्टिबिन्दु ६२

४.२.१०.५ उद्देश्य ६३

४.२.१०.६ भाषाशैली ६३

४.२.१०.७ निष्कर्ष ६४

**४.२.११ 'मध्यरात र खुल्ला झ्यालभित्रको उज्यालो' कथाको अध्ययन ६४**

४.२.११.१ कथानक ६४

४.२.११.२ चरित्र चित्रण ६५

४.२.११.३ परिवेश ६६

४.२.११.४ दृष्टिबिन्दु ६७

४.२.११.५ उद्देश्य ६७

४.२.११.६ भाषाशैली ६८

४.२.११.७ निष्कर्ष ६९

**४.२.१२ 'विजेता' कथाको अध्ययन ६९**

४.२.१२.१ कथानक ६९

४.२.१२.२ चरित्र चित्रण ७०

४.२.१२.३ परिवेश ७१

४.२.१२.४ दृष्टिबिन्दु ७१

४.२.१२.५ उद्देश्य ७२

४.२.१२.६ भाषाशैली ७३

४.२.१२.७ निष्कर्ष ७३

**४.२.१३ 'अम्बाको बोट' कथाको अध्ययन** ७४
४.२.१३.१ कथानक ७४
४.२.१३.२ चरित्रचित्रण ७५
४.२.१३.३ परिवेश ७६
४.२.१३.४ दृष्टिबिन्दु ७६
४.२.१३.५ उद्देश्य ७७
४.२.१३.६ भाषाशैली ७८
४.२.१३.७ निष्कर्ष ७८
**४.२.१४ 'बुधनको घोडी' कथाको अध्ययन** **७९**
४.२.१४.१ कथानक ७९
४.२.१४.२ चरित्र चित्रण ८०
४.२.१४.३ परिवेश ८०
४.२.१४.४ दृष्टिबिन्दु ८१
४.२.१४.५ उद्देश्य ८२
४.२.१४.६ भाषाशैली ८२
४.२.१४.७ निष्कर्ष ८३
**४.२.१५ 'बाजी' कथाको अध्ययन** **८३**
४.२.१५.१ कथानक ८३
४.२.१५.२ चरित्र चित्रण ८४
४.२.१५.३ परिवेश ८५
४.२.१५.४ दृष्टिबिन्दु ८५
४.२.१५.५ उद्देश्य ८६
४.२.१५.६ भाषाशैली ८७
४.२.१५.७ निष्कर्ष ८७
४.३ निष्कर्ष ८७

# परिच्छेद पाँच

## सारांश तथा निष्कर्ष


५.१ सारांश ८९

५.२ निष्कर्ष ९१

**सन्दर्भसामग्री सूची** **९४**

# परिच्छेद एक
# शोधपरिचय

## १.१ विषयपरिचय

मन्दिरा मधुश्रीको जन्म वि.सं. २०२९ वैशाख २८ गते भोजपुर जिल्लाको मुलावारी १ महादेवस्थानमा भएको हो । उनको पिताको नाम गणेशप्रसाद कोइराला र माताको नाम डम्बरकुमारी कोइराला हो । मन्दिरा मधुश्रीले नेपाली साहित्यमा एम.ए. सम्मको अध्ययन पूरा गरेकी छन् । मन्दिरा मधुश्रीको वास्तविक नाम मन्दिरा कोइराला हो । उनले अध्ययन कालदेखि नै साहित्यिक गोष्ठीमा आफ्ना रचना सुनाउँथिन् । मन्दिराले वि.सं. २०५६/०५७ देखि साहित्यिक रचना प्रकाशन गराउन थालेकी हुन् । उनको प्रथम प्रकाशित रचना 'सहरको कथा' हो । उनको यो कथा वि.सं. २०५८ साउन महिनाको मधुपर्कमा प्रकाशित भएको थियो । उनका रचनामा यौन मनोविज्ञानको साथै सामाजिक यर्थाथवादी चित्रण पाइन्छ । मधुश्रीले विभिन्न पत्र-पत्रिकामा आफ्ना गीत, गजल तथा कथा छपाएर साहित्यिक यात्रालाई अगाडि बढाएकी छन् । मधुश्रीको 'बुधनको घोडी' २०७३ सालमा प्रकाशित कथासङ्ग्रह हो । उनका यस कथासङ्ग्रहमा पन्ध्रवटा कथाहरू सङ्गृहीत छन् । मधुश्रीका कथामा समाजमा घटेका घटनालाई नै कथामा परिणत गरिएका पाइन्छ । मधुश्रीको बुधनको घोडी कथासङ्ग्रहको विधातात्त्विक शोध गर्नु नै यस शोधको विषय हो । यस कथासङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कथाहरूको विधातात्त्विक अध्ययन नै यस शोधकार्यको विषय क्षेत्र हो ।

## १.२ समस्याकथन

शोध शीर्षकले नै शोध समस्याको जानकारी दिएको हुन्छ । यसले अनुसन्धानको विषयमा के-कस्ता समस्याहरू छन् भन्ने यथार्थताको जानकारी गराउँदछ । हालसम्म बुधनको घोडी कथासङ्ग्रहको विधातात्त्विक अध्ययन नभएकोले 'बुधनको घोडी' कथासङ्ग्रहको विधातात्त्विक अध्ययन गर्नु नै प्रस्तुत शोधपत्रको मुख्य समस्या रहेको छ ।

प्रस्तुत शोधका समस्याहरू निम्नानुसार रहेका छन् :

(क) मन्दिरा मधुश्रीको जीवनी र व्यक्तित्व के-कस्तो छ ?

(ख) कथाको विधातत्त्वका आधारमा 'बुधनको घोडी' कथासङ्ग्रह कस्तो छ ?

यस शोधको विषय हो । कथाकार मन्दिरा मधुश्रीको ‘बुधनको घोडी’ कथासङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कथाहरूको विधातात्त्विक अध्ययन नै यस शोधकार्यको विषय क्षेत्र हो ।

## १.३ शोधकार्यको उद्देश्य

सामाजिक यथार्थवादी कथाकार मन्दिरा मधुश्रीको बुधनको घोडी कथासङ्ग्रहको विधातात्त्विक अध्ययन गर्नु नै प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य रहने छ । यसलाई निम्न बुँदामा देखाउन सकिन्छ :

(क)मन्दिरा मधुश्रीको जीवनी र व्यक्तित्व अध्ययन गर्नु,

(ख)कथाको विधातत्त्वका आधारमा ‘बुधनको घोडी’ कथासङ्ग्रहको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्य जगतमा कथा, गीत र गजल क्षेत्रमा कथाकार मन्दिरा मधुश्रीको जीवनी, व्यक्तित्व र कृतित्वको विषयमा खोजीनीति हुँदै गरेको पाइए पनि उनको ‘बुधनको घोडी’ नामक कथासङ्ग्रहमा हालसम्म अनुसन्धान भएको छैन ।

साहित्यकार तथा विभिन्न पत्रिकाहरूले मधुश्रीका बारेमा निम्न समीक्षा गरेका छन् ।

सुवास ढकाल (२०७३) ले सम्पादन गरेको नारी पत्रिकामा *बुधनको घोडी* नामक शीर्षकको समीक्षामा मधुश्रीका कथाहरूमा समानता, मातृत्व, सहिष्णुता, उदार मानवता एवं स्वतन्त्रताको आवाज सुनिन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

मीना तिवारी (घिमिरे) (२०७३) ले सम्पादन गरेकी ऐक्यबद्धता पत्रिकामा मन्दिराको *बुधनको घोडी* नामक शीर्षकको समीक्षामा मधुश्रीका कथामा समाजका घटनाहरूलाई यथार्थरूपमा प्रतिविम्वित गरिएको पाइन्छ । विशेषतः मधुश्रीले तराईको सहर र गाउँका समस्याहरूलाई आफ्ना कथामा देखाउन खोजेकी छन् भन्ने भाव व्यक्त गरिएको छ ।

रामहरि कोइराला (२०७३) ले मधुपर्क पत्रिकामा *विविध स्वादका कथाहरू* नामक लेखमा मधुश्री गुणात्मक साहित्यिक साधनामा विश्वास गर्ने कथाकार हुन् भन्ने कुराको प्रमाणका रूपमा यो कथासङ्ग्रह आफैँ बोल्छ भन्ने भनाइ व्यक्त गरेका छन् ।

परशु प्रधान (२०७३) ले *बुधनको घोडी* कथासङ्ग्रहको शुभकामनामा मन्दिरा मधुश्री नेपाली कथा साहित्यको सशक्त, सवल र सक्षम नारी हस्ताक्षर हुन् भनी उल्लेख गरेका छन् । उनले भोगेको यथार्थ र नारी तनमनका कटु यथार्थलाई कथाको विषयवस्तु बनाएकी छन् भन्ने भनाइ व्यक्त गरेका छन् ।

माया ठकुरी (२०७३) ले *बुधनको घोडी* कथासङ्ग्रहको शुभकामनामा मधुश्रीलाई निम्न मध्यम वर्गीय पात्रका जीवन सङ्घर्ष र मानिस मानिस बिचको अन्तर्सम्बन्धलाई सूक्ष्म तवरले केलाउँदै कथाको स्वरूप दिने कथाकारको नाम हो मन्दिरा मधुश्री भनेकी छन् ।

सनत रेग्मी (२०७३) ले *बुधनको घोडी* कथासङ्ग्रहको शुभकामनामा बुधनको घोडी कथासङ्ग्रहले उनलाई स्थापित कथाकार हुन सहयोग पुर्‍याएको छ र उनका कथामा सामयिक युगबोध, नारी पीडा, आक्रोश र विद्रोहको भाव पाइन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

नारायण तिवारी (२०७३) ले *बुधनको घोडी* कथासङ्ग्रहको शुभकामनामा नेपाली कथाका क्षेत्रमा मन्दिरा समर्थवान् कथाकारका रूपमा उभिन सक्षम छन् । उनी थोरै समर्थ नारी कथाकारमा पर्दछिन् । मन्दिराका कथाबाट पाठकहरू लाभान्वित हुनेछन भन्ने विचार व्यक्त गरेका छन् ।

साथै नेपालको साहित्यको विकासमा थप योगदान पनि पुर्‍याउनेमा म विश्वस्त छु भन्ने विचार व्यक्त गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य

साहित्य सिर्जनामा निरन्तर साधनारत कथाकार मन्दिरा मधुश्रीका बारेमा आजसम्म विस्तृत चर्चा परिचर्चा भएको छैन । भर्खरै मात्र उनको जीवनी, व्यक्तित्व र कृतित्वको वारेमा मात्र अनुसन्धान भइरहेकोले यस शोधकार्यमा *बुधनको घोडी* कथासङ्ग्रहको विधातात्त्विक अध्ययन हुने हुँदा यो शोधकार्य औचित्यपूर्ण रहेको छ । यस कथासङ्ग्रहको बारेमा जानकारी लिन चाहने हरेक अध्येताका लागि यो शोधपत्र निकै नै उपयोगी र प्रेरणादायी बन्ने हुँदा यसको औचित्य, महत्त्व र उपयोगिता प्रस्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

मन्दिरा मधुश्रीले नेपाली साहित्यका गीत, गजल र कथा क्षेत्रमा कलम चलाएको पाइन्छ । त्यसमध्ये पनि उनी कथा विधामा क्रियाशील देखिन्छन् । प्रस्तुत शोधकार्यमा उनको *बुधनको घोडी* कथासङ्ग्रह भित्रका कथाहरूको मात्र विधागत विश्लेषण गरिने भएकाले यही नै प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन र विश्लेषण

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलनका लागि मूलतः पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । यसका अतिरिक्त कथाकारसँगको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिनुका साथै विभिन्न विद्वान्हरूबाट प्राप्त सुझाव र सल्लाह पनि लिइएको छ । त्यसैगरी सङ्कलित सामग्रीहरूको कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ । विश्लेषण गर्दा कथासङ्ग्रहका बारेमा चर्चा गरिएका पुस्तकका कृति र यससँग सम्बन्धित चर्चा परिचर्चालाई पनि विश्लेषणको आधार बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र वैज्ञानिक रूपमा सम्पन्न गर्नका लागि निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोधपरिचय |
| परिच्छेद दुई | : | कथाको सैद्धान्तिक स्वरूप |
| परिच्छेद तीन | : | कथाकार मन्दिरा मधुश्रीको जीवनी र व्यक्तित्त्व |
| परिच्छेद चार | : | विधातत्त्वको आधारमा बुधनको घोडी कथासङ्ग्रहको विश्लेषण |
| परिच्छेद पाँच | : | सारांश तथा निष्कर्ष |

सन्दर्भसामग्री सूची

# परिच्छेद दुई
# कथाको सैद्धान्तिक स्वरूप

## २.१ विषयप्रवेश

'बुधनको घोडी' (२०७३) कथासङ्ग्रहको विधातात्त्विक अध्ययन शीर्षकको प्रस्तुत शोधकार्यको यस परिच्छेदमा कथा सिद्धान्तको चिनारी दिइएको छ । अङ्ग्रेजी, हिन्दी तथा नेपाली भाषाका विभिन्न शब्दकोशहरुमा व्यक्त भएका कथाका अर्थलाई आधार बनाउँदै पूर्वीय पाश्चात्य र नेपाली साहित्य चिन्तकहरूका कथा सम्बन्धी धारणाहरू प्रस्तुत गरिएको छ ।

## २.२ कथाको अर्थ र परिभाषा

नेपाली भाषामा प्रयोग हुने 'कथा' शब्द संस्कृत भाषाबाट आएको तत्सम शब्द हो । संस्कृतको 'कथ्' धातुमा टाप् (आ) प्रत्यय लगाउँदा कथा शब्दको निर्माण हुन्छ र यसले कुनै कुरा कथ्नु वा भन्नु भन्ने अर्थ बुझाउँछ । यही अर्थबाट कथाको तात्पर्यगत अर्थ पनि स्पष्ट हुन्छ । कथाको परम्परा पहिल्याउँदै जाँदा अलिखित रूपमा रहेका लोककथासम्म पुग्नुपर्ने हुन्छ । मानव सभ्यताको आरम्भसँगै मानिसले कथा भन्ने र सुन्ने क्रम पनि सुरू गरेको मान्न सकिन्छ । आधुनिक कथाको विकासको पृष्ठभूमिलाई हेर्ने हो भने पनि यिनै लोककथा र दन्त्यकथाहरूलाई भेट्न सकिन्छ । आज जुन प्रकारका कथालाई कथाको संज्ञाले परिचित गराइन्छ, त्यस्तो कथाको विकासको जन्म भने १९ औँ शताब्दीमा अमेरिकाका स्कर्नर एडगर एलेन पोबाट भएको हो । तसर्थ आज कथा नामले चिनिने विधा प्राचीन कथा नभएर आधुनिक कथा हो । अङ्ग्रेजीमा कथालाई 'सर्ट स्टोरी' भनिन्छ र यही अङ्ग्रेजी 'सर्ट स्टोरी' लाई पर्यायवाची शब्दका रूपमा कथा भन्ने शब्दले नै यसलाई चिनाइन्छ (गौतम र अधिकारी, २०६९ : ०१)

कथाको अर्थलाई थप प्रस्ट पार्नका लागि परिभाषाहरूले सहयोग गर्छन् । त्यसैले यहाँ केही महत्त्वपूर्ण परिभाषाहरूको उल्लेख र चर्चा आवश्यक हुन्छ ।

शर्मा भन्छन्; एडगर एलेन पो को भनाइलाई उद्धृत गर्दै मोहनराज शर्मा भन्छन्, "छोटो कथा एक बसाइमा पढिसकिने सानो तर आफैँमा पूर्ण गद्य इतिवृत्त हो । यो विशिष्ट

प्रभावोत्पादक कर्ताका लागि लेखिन्छ र अन्य सारा उपकरणहरू यसैको विकासका लागि प्रयोग गरिएका हुन्छन् ।

जे वर्ग इसेनवाइनको भनाइमा "कथा एक सर्वप्रमुख घटना र एकतन्त्रीय पात्रका चरित्रको उद्घाटन गर्ने छोटो कल्पनात्मक इतिवृत्त हो । यसमा एउटा कथानक हुन्छ । केवल एक प्रभाव उत्पन्न गर्नका लागि यसको प्रवृत्ति अत्यन्त संहत र कथा प्रबन्ध अत्यन्त संरचित हुन्छ" । इसेनवाइनले कथाको परिभाषामा रूप पक्षलाई ज्यादा जोड दिएका छन् । कथामा एउटै घटना प्रमुख हुने, एउटै पात्र वा चरित्रको केन्द्रीयता रहने र कथाले उसैको चरित्रलार्य उद्घाटितथ गर्ने, यो कल्पना शक्तिको सहयोगबाट निर्मित वा रचित हुने मत यिनको छ । कथानक र त्यसको आदि, मध्य र अन्त्युक्त संरचना सुगठित संरचनालाई यिनले महत्त्व दिएका छन् ।

जेम्स डब्ल्यु लिन कुनै एक पात्रको जीवनसित सम्बन्धित महत्त्वपूर्ण घटना वा मनोदशाको सङ्क्षिप्त नाटकीय रूपद्वारा प्रतिनिदान गरिने वस्तु कथा हो (बराल, २०२९ : ३७) । लिनले कथाको परिभाषामा मनोदशालाई स्थापित गरी कथालाई चिन्ने नयाँ आधार प्रदान गरेका छन् । यिनले कथालार्य पात्रको जीवनसित सम्बन्धित भनेर मानवीय पक्षमा जोड दिएका छन् र कथामा नाटकीय रूप रहने कुरा बताएका छन् । कथामा आवश्यक पर्ने नाटकीय रूपको अर्थ कथानकमा देखिने आकस्मिक मेड हो जसले पात्रलाई एउटा बिलकुलै भिन्न परिस्थितिमा पुऱ्याइदिन्छ र उसको जीवनको सन्तुलन खलबलिन्छ ।

प्रेमचन्दको भनाइमा कथा एक यस्तो गद्यरचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एक मनोभावको प्रदर्शन गर्ने उद्देश्य कथाकारले लिएको हुन्छ । उपन्यासमा झैँ यसमा मानव जीवनको सम्पूर्ण तथा बृहत् रूप देखाउने प्रयास गरिँदैन । यो एक रमणीय उद्यान होइन, जहाँ रङ्गीबिरङ्गी घटनापुष्पहरू सजिएका होइन अपितु यो एक यस्तो गमला हो जसमा एउटै पुष्पलताको शोभा समुन्नत अवस्थामा दृष्टिगोचर हुन्छ (शर्मा, सन् १९८२ : ८-९) । प्रेमचन्दले सर्जकीय आँखाबाट कथालाई हेर्ने प्रयास गरेका छन् र कथाकारको उद्देश्य समेतलाई प्रकाश पारेका छन् । उनले मुख्यतः उपन्याससँग तुलना गर्दै कथाको विशिष्टतालाई देखाउने काम गरेका छन् ।

जैनेन्द्रको भनाइमा कथा मानव जीवनको चिन्तन प्रश्न, शङ्का र चिन्ताहरूको उचित समाधानको खोज हो (राजरैना, सन् १९७८ : २४) । जैनेन्द्रको परिभाषा कथाको रूप

पक्षभन्दा पनि मानवीय आवश्यकता र उपयोगिताको कोणबाट गरिएको छ । मानव जीवनको बौद्धिक, कलात्मक आवश्कताको परिपूर्ति गर्ने सामग्रीका रूपमा कथालाई हेरिएको छ र यसको उद्देश्य तथा उपदेयतामाथि प्रकाश पारिएको छ ।

सूर्यविक्रम ज्ञवालीको भनाइअनुसार, कथाको भाषा प्रभावोत्पादक र शैली चित्ताकर्षक हुनुपर्छ किनभने लेखक भाषा र शैलीको अधिकारी नभए कसरी सानो कथामा पाइने छोटो ठाउँमा उसले चरित्रको चित्रण गरी त्यसबाट पढ्नेका हृदयमा गम्भीर भाव उत्पन्न गराउन सक्छ? यही भाव मेरो दृष्टिमा सानो कथाको प्राण हो तर सो भाव कथामा दुधमा नौनी मिसिए झैँ नदेखिने गरी बसेको हुन्छ । त्यो देखियो वा त्यसलाई देखाउने प्रयासको गन्ध पनि पाइयो भने कथाको सुन्दरता र रोचकता नष्ट हुन्छ ।

ज्ञवालीले भाषाशैलीलाई पनि प्रशस्तै जोड दिएर कथाको परिभाषा तयार पारेको देखिन्छ । दुधमा नौनीझैँ मिसिएर गम्भीर भाव आएको हुन्छ भन्नु र त्यसलाई देखाउन खोज्दा कथाको सौन्दर्य हराउँछ भन्नु महत्त्वपूर्ण हो ।

रामप्रसाद जोशीको भनाइअनुसार, जीवन-शक्तिहरूको सङ्घर्ष नै कथा हो । यी शक्तिहरूमा एक चाहिँ कुनै मनुष्य जीवनको अग्रगति, अर्को चाहिँ त्यो शक्ति जसलाई हामी भाग्य भन्दछौँ या अरू कुनै मनुष्य जीवन हुनुपर्छ । केवल दुई शक्तिको मात्र सङ्घर्ष भयो भने यो एक छोटो कथा पूर्ण बन्दछ । यो गद्यमा लेखिएको हुन्छ । यसको शैली रुचिकर हुनुपर्छ । विषय हेरी हाँसो, रुवाइ आदिको भाव हुनुपर्छ यसले मनुष्यात्माको उच्च स्वप्नलाई चित्रित गर्नुपछ ।

जोशीको परिभाषामा भएका नयाँ कुराहरू कथाका सन्दर्भमा मानवीय छन् । यिनले दुई विपरीत जीवन शक्तिहरूका बिचको सङ्घर्षका रूपमा कथालाई ग्रहण गरेका छन् जो उनको द्वन्द्ववादी विश्वदृष्टिबाट प्रभावित छ । द्वन्द्वलाई यिनले केन्द्रमा राखेका छन् । मानिसको उच्च स्वप्नसँग जोडिएका सङ्घर्षहरू कथामा अभिव्यक्त हुने जोशीको छ ।

समग्रमा अमेरिकी कथाकार एडगर एलेन पोदेखि भारतीय हुँदै नेपाली समालोचकसम्म आइपुग्दा कथाका अनेक पक्षमा जोड दिई परिभाषा दिने गरेको देखिन्छ । यी सबै परिभाषाहरूको समष्टिबाट आजको आधुनिक कथा के-कस्तो साहित्य विधा हो भन्नेमा प्रशस्तै सूचना र जानकारीहरू प्राप्त हुन्छन् । कथा र उपन्यासको तुलना गर्दैकथालाई छोटो,

चोटिलो तर स्वयंममा पूर्ण गद्य रचनाका रूपमा हेर्ने दृष्टिकोण प्राय: सबै कथाकारहरूमा पाइन्छ । भाव वा विचारको केन्द्रीयतामा खास व्यक्ति चरित्रलाई निश्चित परिवेशभित्र राख्दा देखिने उसको सङ्घर्षपूर्ण क्रियाकलापहरूको तार्किक वर्णन कथामा हुन्छ भन्ने देखिन्छ ।

## २.३ कथाका तत्त्वहरू

कथा बन्नका लागि आवश्यक पर्ने उपकरणहरू नै कथाका तत्त्व हुन् । यी तत्त्वहरूले एकातिर कथाको विधागत निर्धारणमा सहयोग गर्छन् भने अर्कातिर साहित्यका अन्य विधासँग यसको भिन्नतालाई देखाउने काम पनि गर्दछन् । यस्ता तत्त्वहरूको उचित संयोजनबाट कथाको वास्तविक स्वरूप निर्धारण भएको हुन्छ ।

कथाका मूलभूत तत्त्वहरू के के हुन् भन्ने बारेमा विद्वान्हरूका बिचमा मतान्तर पाइन्छन् । ईश्वर बरालले कथाको वस्तुविन्यासको चर्चा गर्दा तत्त्वलाई उपकरण भन्दै कथानक, पात्र, सङ्घर्ष, घटना, संशय, पराकाष्ठा र कलात्मक अन्त्य भनी कथाका सात तत्त्व हुने बताएका छन् (बराल, २०२९ : ४७) । मोहनराज शर्माले कथाका उपकरणलाई स्थुल र सूक्ष्म गरी दुई भागमा बाँड्दै स्थुल अन्तर्गत कथानक, चरित्र परिवेश र सूक्ष्म अन्तर्गत विषयसूत्र, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दुको उल्लेख गरेका छन् (शर्मा २०५० : २०) । यस अध्ययनमा कथानक, चारित्रिक, परिवेश, दृष्टिविन्दु, भाषाशैली, उद्देश्यका आत्मराम कथाको विश्लेषण गरिएको छ ।

### २.३.१ कथानक

कथाका तत्त्वहरूमध्ये कथानक एक महत्त्वपूर्ण घटक हो । यो स्थूल तत्त्व हो । कथाभरिनै व्याप्त रहने तत्त्व हो । हरेक कथामा कथावस्तुको स्थान सशक्त रहने गर्दछ (गौतम र अधिकारी, २०६९ : १२) । पाठकलाई आफूतिर आर्क आकर्षण गरी पाठकको मनलाई आनन्दित तुल्याउन कथानक लागिपरेको हुन्छ ।

आरम्भ कथाको आदि भाग हो । यस भागमा कथाको थालनी वा विषयप्रवेश हुन्छ । यसका विविध प्रकारहरू हुन सक्छन् । कुनै कथा परिचयात्मक भूमिकाद्वारा प्रारम्भ गरिन्छ भने कुनै कथाहरू पात्र र परिस्थितिको सङ्क्षिप्त परिचयद्वारा प्रारम्भ गरिन्छन् । कुनै कथामा अगाडि प्रकृति चित्रण पनि प्रदर्शित हुन्छ भने कुनै कथा एकदम आकस्मिक ढङ्गबाट आरम्भ गरिएका हुन्छन् । कुनै कथाको आरम्भ दुई पात्रका बिचको नाटकीय संवादबाट

गरिएको पाइन्छ र कतै कथामा अगाडि इतिवृत्त पनि प्रस्तुत गरिएको हुन्छ । अझ कुनै कथा चरित्रको आत्मसंस्मरणबाट आरम्भ हुन्छन् भने कुनै कथामा विषयको मूल सार सुरूमै भनिएको हुन्छ र कुनै कुनै कथामा कौतूहलोत्पादक प्रारम्भ पाइन्छ । कथाको आदि अर्थात् आरम्भ यसको आकर्षण बिन्दु र सफलताको पूर्ण लक्षण भएकोले यो भाग प्रभावकारी हुनु पर्दछ ।

कथाको प्रभावकारी आरम्भले पाठकलाई कथाप्रति रुचिपूर्ण बनाइदिन्छ । त्यसैले यो भाग सूरुचिपूर्ण, कथान्तसम्बद्ध र उद्देश्य सङ्केतक हुनुपर्छ । यो भाग नाटकीय, कौतुहलपूर्ण र उत्सुकता जागृत गर्ने खालको हुनुपर्छ । प्रसिद्ध कथाकार एडगर एलेन पोको भनाइ अनुसार आरम्भले नै पाठकलाई तान्ने वा नतान्ने भन्ने कुराको निर्धारण गर्छ ।

आरम्भपछि विकासको चरण आउँछ । यो कथाको मध्यभाग हो । आरम्भको चरणमा कथाको परिचय मात्रै हुन्छ भने विकास भागमा त्यसको विस्तार पनि हुन्छ । यस चरणमा विकास हुने द्वन्द्वका कारण पाठकमा रुचि बढ्दै जान्छ । मूल चरित्रका सामाजिक, वैयक्तिक, मानसिक तथा प्राकृतिक आदि स्तरको द्वन्द्वलाई उत्तरोत्तर विकसित तुल्याउँदै कथावस्तुलाई चरमोत्कर्षतिर लैजाने काम यस चरणमा हुन्छ । कथाको मूल चरित्र अनेक वाधाहरूको सामना गर्दै अगाडि बढ्दै जाँदा उसका समस्या वा अप्ठ्याराहरू पनि झन् झन् जटिल बन्दै आपसमा जेलिन थाल्छन् । यही जेलाइका बिचमा मुख्य चरित्र सङ्कटको स्थितिसम्म पुग्छ । सङ्कटबाट पार पाउन चरित्रले गर्ने अधिकतम प्रयासलाई चरमोर्त्कष भनिन्छ जो यस पछि लगत्तै आउने चरण हो ।

चरमोत्कर्ष कथाको सबैभन्दा अन्तिम चरण हो । यसै चरणमा पात्रको लक्षित उद्देश्य पूरा हुने वा नहुने कुराको निर्णय गर्छ । त्यसैले चरमोत्कर्ष भनेको निर्णायक ठाउँ हो । यस्तो ठाउँमा कथाकार असाध्यै सावधानीपूर्वक लक्षित भाव पैदा गर्ने कुरामा सचेत रहन्छ । मुख्य चरित्रलाई विजय वा पराजयमा लैजाने काम यही चरणमा हुने भएकाले समष्टि प्रभाव पैदा गर्ने दृष्टिले पनि यसको विशेष महत्त्व छ । कुनै कुनै कथामा चरमोत्कर्ष नै अन्तिम अवस्थामा रूपमा रहेको हुन्छ भने कुनैमा परिसमाप्ति पनि पाइन्छ ।

कथावस्तुले उठाएका समस्त जिज्ञासाहरूको समाधान हुने ठाउँ परसमाप्ति हो । कथाका सहायक चरित्रहरूका समस्याले पनि यही ठाउँमा आइपुगेपछि एउटा खास निकास पाउँछन् भने उपकथाहरूको समापन पनि यही चरणमा आएर हुने गर्दछ । द्वन्द्वको समाप्ति

यस चरणको मुख्य विशेषता हो । यसै चरणले मूलतः कथाको सन्देश र कथाकारको उद्देश्यलाई प्रस्ट पार्ने काम गरेको हुन्छ ।

## २.३.२ चरित्र चित्रण

कथामा सहभागिता जनाउन आउने व्यक्तिलाई नै पात्र वा सहभागी भनिन्छ र यो चरित्रको रूपमा आएको हुन्छ । कथामा कुनै न कुनै रूपमा यसको उपस्थिति भने अनिवार्य नै हुन्छ (गौतम र अधिकारी, २०६९ : १४) ।

कथामा चरित्रका रूपमा सामान्यतया मान्छेहरू आउँछन् तर चरित्र भनेको मान्छे मात्रै हुनुपर्छ भन्ने छैन । पशु वा जनावरहरू पनि चरित्र भएर आउन सक्छन् । कहिलेकाहीँ वस्तु मात्रै पनि चरित्र भएर आउन सक्छ, कथाको प्रकृति र कथाकारको रुचिले यी कुराहरूलाई निर्धारण गरेका हुन्छन् ।

कथामा स्थिर र गतिशील चरित्रहरू रहेका हुन्छन् । स्थिर चरित्रको प्रकृति निश्चित गन्तव्यतिर निरन्तर अगाडि बढेको हुन्छ भने गतिशील चरित्रहरूमा अन्तर्द्वन्द्वको मात्रा बढी हुन्छ । उनीहरू तुरुन्तै निर्णय लिने ठाउँमा हुँदैनन्, के गर्दा ठिक होला भनेर आफैँसँग बारम्बार प्रश्न गर्ने र कुनमा फाइदा छ, हित छ भनेर गहिरोसँग सोचमा पर्ने खालका हुन्छन् । बनिबनाउ बाटो उनीहरूसँग हुँदैन । तिनको गद्यात्मक विशेषताले पाठकलाई आकर्षित गर्दछ । त्यसैले स्थिरभन्दा गतिशील पात्रहरू ज्यादा रुचिकर हुन्छन् ।

कथामा चरित्रहरूलाई लिङ्गका आधारमा महिला र पुरुष भनी वर्गीकरण गर्न सकिए झैँ कार्यका आधारमा मुख्य, सहायक र गौण गरी तीन प्रकारमा बाँडिएको पाइन्छ । मुख्य पात्र भनेको सामान्यतया नायक, नायिका र खलनायक हुन् भने सहायक पात्र भनेको तिनको काममा सहयोग वा बाधा पुऱ्याउन आउने कम महत्त्वका पात्रहरू हुन् । यिनीहरू प्रायः उत्प्रेरकका रूपमा कथामा आएका हुन्छन् र निर्णायक भूमिका खेल्न सक्दैनन् । गौण पात्रहरू सामान्यतया वातावरण निर्माणका लागि कथामा आएका हुन्छन् । कथाभित्र र बाहिर पनि यिनीहरूको भूमिका खासै महत्त्वको हुँदैन ।

प्रवृत्तिका आधारमा चरित्रहरूलाई सकरात्मक र नकारात्मक भनी दुई वर्गमा बाँडेर हेर्न सकिन्छ । समाज र मानव जातिका लागि हित गर्ने वा उनीहरूको मर्मलाई बुझेर व्यवहार गर्ने चरित्रहरू सकरात्मक चरित्र हुन् । सामान्यतया नायक नायिका र उनीहरूकै

जस्ता विचार अनि व्यवहार भएका चरित्रहरू सकारात्मक कहिन्छन् भने तिनका विपरीत, तिनलाई बाधा पुऱ्याउने खलनायक वा उसकै जस्तो विचार र व्यवहार भएका चरित्रहरू नकारात्मक चरित्र मानिन्छन् । सकारात्मक चरित्रलाई अनुकूल र नकरात्मक चरित्रलाई प्रतिकूल भन्ने गरिएको पनि पाइन्छ ।

जीवन चेतनाका आधारले हेर्दा चरित्रहरू वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । समाजका कुनै वर्ग वा समुदायको प्रतिनिधित्व गर्ने गरी आएका चरित्रहरू वर्गीय चरित्र हुन् । यिनीहरूमा उक्त वर्गको साझा वा प्रतिनिधिवर्ग विशेषता रहेका हुन्छ । त्यक्तिगत पात्रहरूमा प्रतिनिधित्वको प्रश्न हुँदैन । खास व्यक्ति यस्तो खालको रहेछ भन्ने देखाउनका लागि यस्ता चरित्रहरू निर्माण गरिन्छन् । इतिहास पुरुषहरू व्यक्तिगत चरित्रका नमुना हुन् भन्न सकिन्छ ।

कथामा चरित्रका मानसिक रूपहरूको प्रबल भूमिका हुन्छ किनभने पाठकलाई प्रभावित गर्ने कुरा भनेका उसका तिनै मानसिक रूपहरू हुन् । त्यससँगै उसको सामाजिक, सांस्कृतिक र नैतिक मानहरू गाँसिएका हुनछन् । निश्चित परिवेश र जीवनदृष्टिले चरित्रहरूलाई विशिष्ट प्रतिविम्बका रूपमा उभ्याएको हुन्छ ।

प्रत्यक्ष र परोक्ष गरी कथाका चरित्रमा चित्रण गर्ने मुख्यतः दुई विधिहरू छन् । प्रत्यक्ष विधि कम नाटकीय र ज्यादा आग्रही प्रकारको हुन्छ । कथाकारले कुन चरित्र कस्तो छ भनेर खुलासा गरिदिने भएकाले पाठकले उसलाई तुरुन्तै बुझ्ने वा चिन्ने त हुन्छ तर त्यसमा पाठकको सिर्जनशील सहभागिता न्यून हुन्छ । परोक्ष वा नाटकीय विधिबाट चरित्र चित्रण गर्दा कुन चरित्र कस्तो भन्ने बारेमा कथाकारले कुनै राय दिँदैन । उसले करिब तटस्थ भावमा चरित्रका गतिविधि र क्रियाकलापहरूको वर्णन गर्छ । पाठकले उसको गतिविधिहरू हेरेर ऊ कस्तो हो भन्ने चिन्नु पर्ने हुन्छ । तसर्थ यसलाई नाटकीय विधि पनि भन्ने गरिएको पाइन्छ । आधुनिक कथाहरूमा नाटकीय विधिबाट चरित्र चित्रण गर्नुलाई राम्रो मान्ने गरिएको छ ।

### २.३.३ परिवेश

परिवेश भनेको दिक+काल हो । दिक वा ठाउँ र काल वा समय जनाउने परिवेशलाई यस्तो मूर्त भौतिक स्थिति मानिन्छ, जहाँ कुरा वा कथन घटित हुन्छ (शर्मा,

२०५५ : २२९) । कथामा वर्णित स्थान, काल र वातावरणको समष्टि नै परिवेश हो र यो पात्रले कार्यव्यापार सम्पन्न गर्ने ठाउँ, समय र परिस्थिति हो । यस परिवेशले स्थान, काल र वातावरणमध्ये कुनै एकको अथवा तीनओटैको अभिव्यक्तिलाई जनाउँछ ।

कथाको महत्त्वपूर्ण सामग्री, उपकरणका रूपमा परिवेश रहेको हुन्छ । परिवेशको पर्यायवाची रूपमा देश, काल, वातावरण आएका हुन्छन् । देश, काल र वातावरण भन्नाले कथामा घटनाहरू घटेको वा पात्रपात्रले आफ्नो भूमिका निर्वाह गरेको स्थान, समय र वातावरण बुझिन्छ । यसलाई पर्यावरण पनि भनिन्छ । कथामा वर्णित घटनाको धरातललाई देश,काल र वातावरण भनिन्छ । यसले स्थानगत अवस्था, संस्कार चालचलन, रीतिरिवाज, जीवन भोगाइ राजनीतिक अवस्था जस्ता विविध पक्षलाई समेटेको हुन्छ । कथावस्तुलाई यथार्थ, विश्वसनीय र प्रभावपूर्ण ढङ्गले विकास गराउन र पात्रलाई सजीव र जीवन्त रूपमा चित्रण गर्न उपयुक्त वातावरण तथा परिवेशले पृष्ठभूमि निर्माण गर्ने कार्य गर्दछ । कुन ठाउँमा कुन घटना घट्यो र कहिले घट्यो भन्ने कुराको जानकारी परिवेशले गराउँदछ ।

परिवेश अङ्कनले कथालाई सत्य, स्वाभाविक र सजीव बनाएको हुन्छ । त्यस्तै परिवेशले समाज र युगको प्रतिनिधित्व पनि गरेको हुन्छ । सामाजिक आचार विचार, सांस्कृतिक विशेषता र राजनीतिक गतिविधिको तत्कालीन युगको वास्तविक झाँकी प्रस्तुत गर्छ । परिवेशको काम भनेको पाठकको हृदयमा पर्ने प्रभावलाई ज्यादा प्रभावकारी र मूल्यवान् बनाउनु हो । इन्द्रिय विशेषलाई प्रभावित गरी उद्दीप्त तुल्याउनु, सौन्दर्यानुभूतिलाई परितृप्त पार्नु र सच्चा सहानुभूति वृत्तिलाई जागृत तुल्याउनु यसको काम हो ।

### २.३.४ दृष्टिबिन्दु

कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ (लुइटेल, २०७० : ९७) । दृष्टिबिन्दु भनेको कथानकको स्थितिको बोध गराउने महत्त्वपूर्ण तत्त्व हो । अर्को अर्थमा भन्नु पर्दा आख्यातालाई कुन स्थानमा राखेर आख्यानलाई आकृति दिने भन्ने सवाल हो । कथाकारले पात्रलाई कुनै नाम नदिई ‘म’ र ‘त्यो’ र ‘ऊ’ पात्रका रूपमा अथवा सामान्य नाम दिएर पनि कथालाई प्रस्तुत गर्न सक्दछ । उसले एकभन्दा बढी पात्रलाई दृष्टिबिन्दु पात्रका रूपमा चयन गरी पात्रका कार्यव्यापारलाई

पाठकका सामु प्रस्तुत गर्न पनि सक्दछ । पाठकका सामु प्रस्तुत गर्ने यस्तो पद्दति विशेष नै दृष्टिबिन्दु हो ।

कथाका पात्र, परिवेश र कार्यव्यापार कसका माध्यमबाट प्रस्तुत भएको छ, त्यसलाई दृष्टिबिन्दुले स्पष्ट पार्दछ । तसर्थ यो कथाकारको वैचारिक क्षेत्र पनि हो । यो कथा भन्ने त्यस्तो विधि वा प्रवृत्ति पनि हो जसले कथाको श्रेष्ठता वा उत्कृष्टताको मापनमा अहं भूमिका खेल्छ । अर्को शब्दमा भन्नेमा हो भने दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा पनि हो जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक समक्ष सफलतापूर्वक सम्प्रेषण गर्दछ । दयाराम श्रेष्ठले पात्रको मनभित्रको डुबुल्कीलगाइलाई दृष्टिबिन्दु भनेर अर्थ्याएका छन् (श्रेष्ठ, २०६० : ११) । यसरी हेर्दा दुष्टिबिन्दु भनेको कथाको त्यो परिप्रेक्ष्य हो भन्ने देखिन्छ जसद्वारा कथाकारले चरित्र, कार्यव्यापार, परिवेश आदिलाई पाठकसामू प्रस्तुत गर्दछ ।

आन्तरिक र बाह्य गरी दृष्टिबिन्दु मूलतः दुई प्रकारका हुन्छन् । आन्तरिक दृष्टिबिन्दु भनेको म पात्रको प्रयोग कथाकारले कथाकारले कथाभित्र आफ्नो उपस्थिति जनाएको हुन्छ। यसलाई प्रथम पुरुष दृष्टिबिन्दु पनि भनिन्छ । यस दृष्टिबिन्दुको प्रयोग गरी लेखिएका कथाहरूमा म पात्रले आफ्नो मात्रै वर्णन नगरी अरूका गतिविधिहरूको पनि वर्णन गर्दछ । आख्याताको निकटताका आधारमा यसलाई पनि केन्द्रीय र परिधीय गरी दुई भागमा बाँड्न सकिन्छ ।

आख्यानको केन्द्रीय आकर्षण र जिज्ञासा 'म' पात्रमा सीमित रहने दृष्टिबिन्दु केन्द्रीय दृष्टिबिन्दु हो । यसमा म पात्रका रूपमा स्वयं कथाकार वा अरू कुनै पात्र मुख्य रही कथा कथनलाई अगाडि बढाएको हुन्छ । यस दृष्टिबिन्दु मार्फत कथिएको कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ गरिएको हुन्छ (श्रेष्ठ, २०६० : ११) । यस दृष्टिबिन्दुले पात्रको निजी जीवन अनुभवलाई बढी नै जिम्मेवार पूर्वक र आधिकारिकताका साथ पेस गर्ने सामर्थ्य राख्छ ।

परिधीय दृष्टिबिन्दु भनेको म पात्र केन्द्रीय दृष्टिबिन्दु भन्दा फरक ठाउँमा रहेको हो । यस्तो दृष्टिबिन्दु प्रयोग गरी कथिएको कथामा म पात्रको उपस्थिति त हुन्छ, तर ऊ केन्द्रीय चरित्रका रूपमा नभई सहयोगी पात्रका रूपमा मात्रै उपस्थिति जनाउँछ । कथामा उसको स्थान कि गौण रहन्छ कि त नटस्थ रहन्छ (श्रेष्ठ, २०६० : १२) । त्यसैले अर्कै मुख्य

हुने र त्यस पात्रको माध्यमका रूपमा मात्रै म पात्र उपस्थित हुने प्रथम पुरुषीय दृष्टिबिन्दुलाई परिधीय दृष्टिबिन्दु भनी बुझ्न पर्ने हुन्छ ।

आन्तरिक दृष्टिबिन्दुभन्दा फरक बाह्य दृष्टिबिन्दुबाट कथा भन्दा कथाकार पूर्ण रूपले आख्यानभन्दा बाह्य दृष्टिबिन्दुबाट कथा भन्दा कथाकार पूर्ण रूपले आख्यान भन्दा बाहिर बसेर कथा भन्ने गर्दछ । यस्तो दृष्टिबिन्दु प्रयोग गरी लेखिएका कथाहरूमा लेखकको उपस्थिति कथाभन्दा बाहिर हुन्छ । कथामा वर्णन गरिएका घटनाहरू लेखकका जीवनसँग सम्बन्धित होइनन्, तिनलाई लेखकले टाढैबाट देखेको मात्रै हो भन्ने ढङ्गले वर्णन गरिन्छ । कथा भन्दा कथाकारले पात्रहरूको नामै तोकेर कथा भन्दा वा तिनीहरूलाई ऊ, उनी, तिनी, तिनीहरू जस्ता तृतीय पुरुष सर्वनामको प्रयोग गर्छ । त्यसैले बाह्य दृष्टिबिन्दुलाई तृतीय पुरुष दृष्टिबिन्दु पनि भन्ने गरेको पाइन्छ ।

सर्वदर्शी, सीमित र वस्तुपरक गरी तृतीय पुरुष दृष्टिबिन्दुहरू तीन प्रकारका हुन्छन् । सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरी कथाभन्दा कथाकारले सबै पात्रको भावना, प्रतिक्रिया, विचार आदिको समावेश गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिने गरी प्रस्तुत गर्दछ । पात्रको सोचिरहेको छ र कुन काम किन गर्न खोज्दै छ भन्नेमा कथाकार पुर्णरूपमा जानकार हुन्छ । सीमित दृष्टिबिन्दु यस्तो हुँदैन । सीमित दृष्टिबिन्दुको प्रयोग गरी लेखिएका कथामा एउटा मात्र पात्रको अवलोकन गरी उसको विचार, स्मृति र अनुभूति व्यक्त गर्ने काम गरिन्छ । यस्तो दृष्टिबिन्दु प्रयोग भएका कथामा एउटै पात्रको मात्र मानसिक संसारको विचरण गरिएको हुन्छ । वस्तुपरक दृष्टिबिन्दु चाहिँ सर्वदर्शी र सीमित दुवै दृष्टिबिन्दु भन्दा फरक प्रकारको दृष्टिबिन्दु हो । यस दृष्टिबिन्दुमा कुनै पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन (श्रेष्ठ, २०६० : १२) । त्यसैले यसलाई नाटकीय दृष्टिबिन्दु पनि भन्ने गरेको पाइन्छ ।

## २.३.५ उद्देश्य

प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुन्छ र प्रयोजन नै उद्देश्य हुन्छ (श्रेष्ठ, २०६८ : १२) । कथाले प्रस्तुत गर्न खोजेका मुख्य प्रयोजन उद्देश्य हो र प्रयोजनबिना कुनै कथा पनि रचना गरिँदैन । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण र यथार्थको प्रकटीकरणलाई कथा सिर्जनाको प्रमुख उद्देश्य भनिन्छ र यी उद्देश्यमध्ये पनि यथार्थको प्रकटीकरणलाई नै कथाको प्रमुख उद्देश्य मानिन्छ ।

सम्पूर्ण कथाको केन्द्रीय रूपमा रहेको लेखकीय अभिप्रायलाई वहन गर्ने मूलभूत तत्त्व उद्देश्य हो । यस तत्त्वले कथाको स्वरूपलाई एकान्विति प्रदान गर्दछ । कथावस्तु र उदेश्यका विचारमा केही समानता रहेको पाइए पनि वास्तवमा यी दुईका बिचमा ठुलो अन्तर छ । कथावस्तुको चयनमा उद्देश्यले कथाकारलाई दिशानिर्देश गरेको हुन्छ । कथा भन्नेका लागि कुन विषय छान्ने भन्ने कुराको टुङ्गो लगाउने उद्देश्यले सहयोग गर्छ तर कथावस्तु आफैंमा कहिल्यै उद्देश्य हुन सक्दैन । बिपरीत उद्देश्यले लेखिने कथाहरूको पनि कथावस्तु एउटै हुन सक्छ ।

उद्देश्यले कथाकारको धारणा वा विचारधारालाई आत्मसात गरेको हुन्छ । त्यसैले कथा लेख्नुको उदेश्य अवश्य नै हुन्छ तर कथाकारले आफ्नो उद्देश्यलाई औपदेशिक बनाउनु राम्रो मानिँदैन । उद्देश्य औपदेशिक प्रकारको भयो भने कलात्मकतामा क्षति पुग्छ । यसबाट  आनन्दित हुनुको साटो असन्तुष्ट हुने खतरा हुन्छ ।

कथाकारले आफ्नो जीवनदर्शन वा विचारलाई नै कथा मार्फत अभिव्यक्त गर्ने भएकाले उद्देश्यको सम्बन्ध विचार वा जीवनदर्शनसँग गाँसिएको हुन्छ । उद्देश्यलाई चिनाउँदै दयाराम श्रेष्ठले लेखेका छन्, ।"कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसैमा जुन भावर्थ वा अभिप्राय पाउँछौ, त्यही नै उद्देश्य हो" (श्रेष्ठ, २०६० : १२) । केशवप्रसाद उपाध्यायले पनि "वास्तवमा जीवनको सत्यानुभावलाई कल्पनाको सहायताले प्रस्तुत गर्नु नै कथाको उद्देश्य हो (उपाध्याय, २०५९ : १२४) भनेर उद्देश्यलाई चिनाएका छन् । यी दुवै परिभाषालाई हेर्दा कथा निरुद्देश्य लेखिँदैन तर उद्देश्यलाई औपदेशिक शैलीमा सोझैँ भन्न थालियो भने कथाको कलात्मक क्षमता कमजोर हुन्छ भन्ने निष्कर्ष नै निस्कन्छ ।

## २.३.६ भाषाशैली

कथाको संरचना पूर्ण हुन भाषाशैली एक महत्त्वपूर्ण तत्त्वका रूपमा मानिन्छ । अभिव्यक्तिको मूल माध्यम भाषा हो । व्यक्तिले आफ्नो भाव वा विचार भाषाका माध्यमबाट प्रस्तुत गर्दछ । कथा लेख्ने शिल्पलाई र कथामा प्रयोग भएको भाषा शब्द, पदावली र वाक्यको ढाँचालाई भाषाशैली भनिन्छ । कुनै पनि भाव वा विचारलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो र भाषालाई व्यक्त गर्ने तरिका, ढङ्ग शैली   हो । लेखकले आफ्नो भाव वा विचार व्यक्त गर्ने माध्यम भाषा भएकोले भाषाद्वारा मूल विषय, कथावस्तु, घटना चरित्र आदि संरचना तयार भएपछि तिनीहरूलाई स्वरूप प्रदान गर्न जुन तरिका अपनाउँछ,

त्यस्तो तरिकालाई शैली भनिन्छ । शैली नै व्यक्तिको व्यक्तित्व हो । व्यक्ति भाषा हो, व्यक्तित्व शैली हो ।

कथाकारले कथामा पात्रको स्तर र विषयलाई ध्यानमा राखेर भाषाशैलीको प्रयोग गरेको हुन्छ । निरक्षर व्यक्तिले प्रयोग गर्ने भाषाशैली र शिक्षित वर्गको व्यक्तिले प्रयोग गर्ने भाषाशैलीमा भिन्नता हुन्छ । पात्रहरूको उमेर, लिङ्ग, वर्ग, भाषिका र पेसा आदिले भाषा र शैलीलाई प्रभावित गर्छ ।सामान्यतया कथाको भाषा सरल तर आफैँमा विशिष्ट प्रकारको हुन्छ । काव्यिक र आलङ्कारिक शैलीको प्रयोग गरी कथा लेख्न नसकिने होइन तर कविताको जस्तो भव्यतापूर्व शैली आधुनिक कथामा राम्रो मानिँदैन । वर्णानात्मक र विवरणात्मक शैलीकै प्रयोग कथा साहित्यमा ज्यादा हुन्छ । मनोवैज्ञानिक कथाहरू हुन् भने विश्लेषणात्मक शैली पनि हुन सक्छ । कस्तो शैलीको प्रयोग गर्ने भन्ने कुरा लेखकीय रुचि पात्रको स्तर र अवस्था अनि कथ्य विषयको प्रकृतिले निर्धारण गर्ने कुरा हो ।

### २.४ नेपाली कथाको विकासक्रम सामान्य परिचय

नेपाली कथाको प्रारम्भिक काल मूलत संस्कृतको कथा-आख्यायिका परम्पराकै अनुगमनबाट निर्मित काल खण्ड हो । यस कालमा संस्कृतका शास्त्रीय कथाका साथै लोककिस्सा दुवैको अनुवाद सर्वाधिक मात्रामा भएको देखिन्छ । अतः यस काललाई एक प्रकारले संस्कृत कथासाहित्यकै पुन प्रस्तुतिको समय भन्नु अत्युक्ति नहोला (श्रेष्ठ, २०७० : ०९) । जेहोस्, त्यसबेला सर्वसाधारण नेपालीहरूको शिक्षाको मुख्य आधार नै एक मात्र संस्कृत भाषा साहित्य हुनुका साथै नेपाली संस्कृतिको आधारभूत स्रोत समेत यही संस्कृत वाङ्मय भएकाले यस भाषाको जगमा जनमानसको सामाजिक-सांस्कृतिक जीवनको निर्माण भएको थियो । अतः यस परिप्रेक्ष्यबाट हेर्दा भाषान्तरण भए पनि जीवन पद्धतिका दृष्टिले यस प्राथमिक कालका आख्यानहरूलाई किमार्थ उपेक्षा गर्न सकिँदैन । नेपाली कथा परम्पराको श्रीगणेश यसै शुभमुहर्तबाट भएकोमा उपलब्धी पूर्ण पनि भएको पाइन्छ । यस सन्दर्भमा सर्वप्रथम हामी नेपाली साहित्यकै प्रातः स्मरणीय व्यक्तित्वको रूपमा शक्तिवल्लभ अर्ज्याललाई पाउँदछौँ । अहिले सम्मको अध्ययन अनुसन्धान अनुसार उनले सम्वत् १८२७ मा संस्कृतबाट नेपालीमा अनुवाद गरेका महाभारत विराट पर्वनै पहिलो नेपाली आख्यान हो । यो अनुदूति आख्यान हो तापनि यसको ऐतिहासिक मूल्य र महत्त्व किन उच्च छ भने यसपछि नेपाली आख्यानको लामो परम्पराको निर्माण प्रारम्भ भयो (श्रेष्ठ र शर्मा, २०३४) र कथामा नेपाली कथाको काल विभाजनलाई यसप्रकार देखाइएको छ :

(क) प्रारम्भिक काल : १८२७ देखि १९५७ सम्म

(ख) माध्यमिक काल : १८५८ देखि १९९१ सम्म

(ग) आधुनिक काल : १९९२ देखि वर्तमान समयसम्म

नेपाली आधुनिक कथामा गुरुप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइरालाले नै जग बसालेको देखिन्छ । प्रारम्भिक कालीन नेपाली कथा साहित्यको पहिलो पुस्तक महाभारत विराटपर्व जसको रचनाकार पंण्डित शक्तिवल्लभ अर्ज्याल हुन् । जासुसी कथा र तिलस्मी कथा साहित्यको आरम्भ पनि प्रारम्भकालीन समय नै हो । गुरुप्रसाद मैनालीको 'नासो' कथा नेपाली कथाको आधुनिक कालमा प्रवेश गरिएको कथा मानिएको छ । यस कालका चर्चित लेखकहरूमा विश्वेश्वरप्रसाद कोइराला, गुरुप्रसाद मैनाली र रूपनारायण सिंह हुन् । त्यस्तै नेपाली आधुनिक कथाको इतिहासले शेरमान थापा र गोविन्दलाल श्रेष्ठ पनि अभियन्ताको रूपमा चिनाउने कोसिश गरेको पाइन्छ (गौतम र अधिकारी, २०६९ : १०)

नेपाली कथाको सुरूवातसँगै विभिन्न धाराहरूमा कथा लेखनको सुरूवात भयो । २०७० को दशकमा देखापरेकी मन्दिरा मधुश्रीका कथामा विशेषत यौनमनोविज्ञानलाई जोड दिइएको पाइन्छ । कथामा यौन मनोविज्ञानको सुरूवात पनि आधुनिक नेपाली कथाको सुरूवातसँगै भएको पाइन्छ ।

# परिच्छेद तीन

# मन्दिरा मधुश्रीको जीवनी र व्यक्तित्व

## ३.१ विषयप्रवेश

*बुधनको घोडी* **कथासङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको यस परिच्छेदमा कथाकार मन्दिरा मधुश्रीको कथालेखनको यात्रा, उनको जीवनी र व्यक्तित्त्वको वर्णन गरिएको छ ।

## ३.२ जन्म र जन्मस्थान

मन्दिरा कोइरालाको जन्म वि.सं. २०२९ वैशाख २८ गते भोजपुर जिल्लाको आम्तेक गा.वि.स. १ मुलाबारीमा भएको हो । उनको साहित्यिक नाम मन्दिरा मधुश्री हो । उनी आमा श्रीडम्बर कुमारी कोइराला र बुबा श्री गणेशप्रसाद उपाध्याय कोइरालाको पाचौँ सन्तान हुन् । मधुश्रीको जन्म एक शिक्षित ब्राह्मण परिवारमा भएको हो (शोधनायकसँग मिति २०७५/१०/१४ गते लिइएको मौखिक अन्तर्वार्तामा आधारित) ।

## ३.३ शिक्षादीक्षा

मन्दिराको मधुश्रीको जन्म शिक्षित पण्डित परिवारमा भएको हुनाले उनको शिक्षाको सुरूवात बालककालबाट नै आरम्भ भएको हो । पण्डित परिवार भएकोले उनको बाल्यकाल सरल र अनुशासित रूपमै बित्यो । मन्दिरा मधुश्रीको विद्यालय शिक्षाको सुरूवात राधाकृष्ण नि.मा.वि. बाट भयो । त्यसपछि उनले शारदा उमावि खनार, सुनसरी बाट एस.एल.सी. पास गरिन् । उनले आइ.ए. जनता क्याम्पस इटहरीबाट, बि.ए. महेन्द्र मोरङ विराटनगरबाट र डिग्री क्याम्पस विराटनगरबाट स्नातकोत्तरसम्मको अध्ययन गरेकी छन् ।

## ३.४ दाम्पत्य जीवन

मन्दिरा मधुश्रीको विवाह वि.सं २०६१ असोज ११ गते भोजपुरकै केशव पाण्डेसँग भयो । बाह्मण र क्षेत्रीको विवाह भएकोले परिवारले सहयोग गरेनन् । उनको पारीवारिक जीन्दगीको सुरूवात सङ्घर्षमय भयो । श्रीमान्को वकालत पेसा भएको कारणले रोजिरोटीको सिलसिलामा हाल मन्दिराको बसाइँ काठमाडौँमा अस्थायी रूपमा छ ।

## ३.५ साहित्य सिर्जना

वि.सं. २०५६/५७ देखि मन्दिरा मधुश्रीले कथालेखनको सुरूवात गरेकी हुन् । गरिमा, मधुपर्क, समष्टि, रचना, दायित्व, मिर्मिरे आदि साहित्यिक पत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका साहित्य लेखनमा विशेषगरी कथामा जुनसुकै विषयमा पनि सूक्ष्म तरिकाले चित्रण गरिएको पाइन्छ । कथासङ्ग्रह 'बुधनको घोडी' प्रकाशित छ । अन्य दुईवटा कथासङ्ग्रह तयारी अवस्थामा रहेको छ । एउटा लघुकथासङ्ग्रह तयारी अवस्थामा रहेको छ । उनी गीत गजलमा पनि उत्तिकै सक्रिय छिन् । गजल सङ्ग्रह पनि तयार पारेकी छन् । दुईवटा गीत रेकर्डिङ गराइसकेकी छिन् । लोककथाको पनि सङ्कलनमा रुचि राख्छिन् । झाँगड जातिको लोककथाहरूको सङ्ग्रह तयार गरेकी छन् ।

## ३.६ व्यक्तित्व

इन्दिरा मधुश्री समाजमा त्यति धेरै सामाजिक संघसंस्थामा आवद्ध भएकी छैनन् । वि.सं. २०५६/५७ देखि कथा लेखनको सुरूवात लेख्ने बित्तिकै पत्रपत्रिकामा प्रकाशित भएको थियो । गरिमा मधुपर्क, समष्टी, रचना, दायित्व, मिर्मिरे आदि साहित्यिक पत्रिकाहरूमा प्रकाशित भएका छन् । कथा सङ्ग्रहको रूपमा कथासङ्ग्रह 'बुधनको घोडी' (२०७३) प्रकाशित छ । अन्य दुईवटा कथासङ्ग्रह पनि प्रकाशित अवस्थामा रहेको छ । एउटा लघुकथासङ्ग्रह तयारी अवस्थामा रहेको छ । उनी गीत गजलमा पनि सक्रिय छिन् । उनले गजल सङ्ग्रह पनि तयार पारेकी छिन् । दुईवटा गीत रेकर्ड गराई सकेकी छिन् । लोककथाको सङ्कलनमा पनि रुचि राख्छिन् । झाँगड जातिका लोककथाहरूको सङ्ग्रह तयार गरेकी छन् । त्यस्तै विभिन्न विषयका पुस्तकहरूको समीक्षा पनि गरेकी छन् ।

## ३.७ सम्मान तथा पुरस्कार

मन्दिरा मधुश्री साहित्य सिर्जनामा लागे पनि कथासङ्ग्रह बुधनको घोडी २०७३ सालमा मात्र प्रकाशित भएको हो । उनी छोटो समयमा नै सफलता प्राप्त गर्न सफल भएकी छन् । यति छोटो समयमा पनि उनले विभिन्न किसिमका पुरस्कारहरू प्राप्त गरेकी छन् । उनले उत्कृष्ट कथा विषेशाङ्क पुरस्कार (कनकाई प्रतिभा प्रतिष्ठान) तथा नवरङ्ग नारी सम्मान (नवरङ्ग साहित्य प्रतिष्ठान, धरमपुर झापा) जस्ता सम्मान तथा पुरस्कार प्राप्त गरेकी छन् ।

मन्दिराको साहित्य लेखनको यात्रादेखि अहिलेसम्म आइपुग्दा दर्जनौ कथा, गजल, गीत, निबन्ध समालोचना जस्ता विविध विधामा कलम चलाएकी छिन् । सुरूसुरूमा उनका रचना विभिन्न पत्रिकामा प्रकाशित भएका थिए । यिनले विभिन्न सङ्घ संस्थाबाट पत्रकारिता तालिम लिएकी छन् । त्यस्तै विभिन्न पत्रिकाको  संस्थापक, प्रकाशक, सम्पादक आदि भएर पनि काम गरेकी छन् ।

यस 'बुधनको घोडी' कथासङ्ग्रहमा मुख्यगरी यौन मनोविज्ञानमा आधारित कथा सङ्गृहीत छन् । यस कथासङ्ग्रहभित्र पन्ध्रवटा कथा सङ्गृहीत छन् । यस कथा कृतिका विधातात्त्विक अध्ययन गर्ने काम प्रस्तुत शोधकार्यमा भएको छ । यसका लागि प्रस्तुत शोधकार्यमा कथावस्तु, दृष्टिबिन्दु र भाषाशैली जस्ता कथा विधाका तत्त्वहरूलाई आधार बनाई निष्कर्ष निकाल्ने काम भएको छ ।

# परिच्छेद चार

# विधातत्त्वका आधारमा कथाहरूको विश्लेषण

## ४.१ विषयपरिचय

'बुधनको घोडी' कथासङ्ग्रहको विधातात्त्विक अध्ययन शीर्षकको शोधकार्यको यस परिच्छेदमा सम्पूर्ण कथाहरूको वर्णन गरिएको छ । यस परिच्छेदमा सङ्गृहीत सम्पूर्ण कथाहरूको विधातत्त्वको आधारमा विश्लेषण गरिएको छ । सम्पूर्ण कथाहरूको कथानक, चरित्र चित्रण, परिवेश, दृष्टिबिन्दु, उद्देश्य र भाषाशैलीको आधारमा अध्ययन गरिएको छ ।

## ४.२ विधातत्त्वका आधारमा 'बुधनको घोडी' कथासङ्ग्रहको विश्लेषण

यस परिच्छेदमा 'बुधनको घोडी' कथामा सङ्गृहीत सम्पूर्ण कथाहरूको विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ । सम्पूर्ण कथाहरूमा त्यस कथाको विषय वस्तु, चरित्र त्यस ठाउँको परिवेश, त्यसकथामा के कस्तो दृष्टिबिन्दुको प्रयोग कस्तो किसिमले भएको र कसरी भएको छ भन्ने अध्ययन गरिएको छ । त्यस्तै के कस्ता भाषाको प्रयोग गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

### ४.२.१ 'वीरेको सपना र रेडियोको समाचार' कथाको अध्ययन

#### ४.२.१.१ कथानक

'वीरेको सपना र रेडियोको समाचार' कथामा देशमा माओवादी द्वन्द्वले उग्ररूप लिएको समयको सेरोफेरोमा केन्द्रित रहेको छ । प्रस्तुत कथामा नेपालमा माओवादी द्वन्द्वले जर्जर पारेको अवस्थालाई सूक्ष्म तरिकाले फरक चित्रण गरिएको छ । कथा यसप्रकारको छ; वीरेलाई थाहा छ, भाँडामा थप्ने भात छैन, बसन्तीलाई एक चोइली बाहेक । जाबो आधा मानो कनिकाको भात कति नै पो हुन्छ र ? (मधुश्री, २०७३ : २२) । यस कथामा गरिबीको चरम सिमालाई पनि उजागर गरिएको छ । पेटभरी खान पनि नपाएको जति नै दुःख गर्दा पनि आफू र आफ्नो स्वास्नीको पेट अघाउने गरी खान नपाउने स्थितिको सजीव चित्रण गरिएको छ ।

त्यस्तैमा घरमा भाँडा माभिरहेकी श्रीमतीलाई हेरेर बसिराखेको वीरेलाई घरमै गोली हानी मारिएको र उसकी स्वास्नीलाई पनि गोली हानी मारिएको कथा यसमा छ ।रेडियोमा भने गाउँमा भएको सुरक्षा कारबाहीमा आतङ्ककारी कमान्डरको मृत्यु भएको भनेर समाचार सम्प्रेषण गरिएको कुरा उल्लेख गरिएको छ । यो कथामा माओवादी युद्धताका जनताले अनाहकमा ज्यान गुमाउँदा आतङ्ककारी घोषणा गरिएको तितो यथार्थलाई उजागर पार्न खोजिएको छ ।

## ४.२.१.२ चरित्र चित्रण

यो कथामा वीरे र उसकी स्वास्नी बसन्तीको घटनालाई आधार बनाइ कथा तयार पारिएको छ । यस कथामा वीरे मुख्य पात्र सहायकपात्र उसकी स्वास्नी बसन्ती । विरे र उसकी स्वास्नी बसन्ती ज्यादै सोभ्फा र निरिह्य पात्रको रूपमा देखाइएको छ । गाउँमा बस्ने विरे ज्यादै गरिब छ, त्यसैले उसले उसकी स्वास्नीलाई पनि अघाउनी गरी खाना खुवाउन सकेको छैन ।

गाउँमा माओवादी द्वन्द्वले उग्ररूप लिएको अवस्था छ । वीरेको काम केहीपनि छैन कनिकाको भात खाइ भाँडा माऊदै रहेको बेला दुईजना राम्ररी कमाएर बाँच्ने सपनाको कुरा गर्दै सपनाको संसारमा डुल्दै कुरा गरिरहेका हुन्छन् । वीरेले उसकी स्वास्नी बसन्तीको जवानी पनि नियाल्दै कुरा गरिरहेको हुन्छ । वीरे भविष्यमा सहर गएर भए पनि केही काम गरेर जीवन बिताउने कुरा गर्दै आँगनको डिलमा बसेको हुन्छ यत्तिकैमा सरकारी पक्षले उसलाई र वसन्तीलाई पनि गोली हानेर मार्छन् । भोलिपल्ट रेडियोको समाचारमा दुई पक्षीय भिडन्तमा माओवादी कमान्डरको मृत्यु भएको भनि समाचार फैलाइन्छ ।

यस कथामा कथाकारले द्वन्द्वकालको बेलामा भएका यथार्थ परक घटनालाई वीरे र वसन्तीको पात्रद्वारा चित्रण गरेकी छन् । यस कथामा प्रत्यक्ष विधि अँगालिएको छ । यो कथाको मुख्य पात्रको रूपमा रहेको वीरे माओवादी द्वन्द्वकालको सामाजिक परिवेशको प्रतिनिधि चरित्र हो ।

## ४.२.१.३ परिवेश

*वीरेको सपना र रेडियोको समाचार* कथा गाउँको कथा हो । ठ्याक्कै ज्यामिरे भन्ने गाउँको भन्ने कुरा कथाका पात्रको मृत्युपछि रेडियोमा भनेको समाचारबाट थाहा हुन्छ । यो

कथा गाउँमा बसोबास गर्ने सर्वसाधारण जनता जो आफ्नो दैनिक जीवनको आवश्यकता पूरा गर्नकालागि सङ्घर्षशिल छन् । यो उनीहरूकै परिवेश वरिपरि घुमेको कथा हो ।

यस कथामा नेपालमा १० वर्षे जनयुद्ध ताकाको सामाजिक पक्षलाई देखाउन खोजिएको छ । माओवादीले नेपालमा जनयुद्ध छेडेको बेला नेपालको विभिन्न गाउँमा बस्ने व्यक्ति त्यस्तै विभिन्न सरकारी पक्षका व्यक्तिहरूले पाएको गृहयुद्धको पीडा यो कथाले देखाउन खोजेको छ । गाउँमा एकछाक पेट भरि भात खान नपाउने वीरे र उसकी श्रीमतीको कथालाई कथाकारले सूक्ष्म तरिकाले वर्णन गरेकी छन् । एउटा गाउँमा आफ्नो समस्यासँग जुध्ने सामान्य गाउँले केटो जसको मृत्युमा रेडियोको समाचारबाट माओवादी कमान्डरको मृत्यु भएको घोषणा गरिन्छ । त्यस्तै एउटा तिलहरी लाउने रहर पालेकी सामान्य युवती वीरेकी श्रीमती जो वीरेलाई मनैदेखि माया गर्छे । आफू नखाएर पनि श्रीमान्लाई खान आग्रह गर्छे । उनीहरूको घरमा दुवैजनालाई पुग्ने भात पकाउन सकेका छैनन् तैपनि दुवैजना बाँडेर खान्छन् । उनीहरूको प्रेम दुःखमा पनि त्यतिकै देखिन्छ । एउटा तिलहरी ल्याइदिने कुरा श्रीमान्ले गर्छ । भात दुवै जना बाँडेर खान्छन् । वीरे तिलहरीको कुरा गर्दै आँगनको डिलमा बसेको छ भने उसकी श्रीमती भाँडा माँझ्दै हुन्छे । त्यत्तिकैमा सरकारी पक्षले हानेको गोली वीरेको छातीमा लाग्छ । वीरे उसकी श्रीमती बसन्तीको नाम लिँदै ढल्छ । यो देखेर बसन्ती दौडदै जान्छे । एकहुल बुट बजाउँदै बन्दुक बोकेका व्यक्तिहरू आउँछन् र वीरेको मृत शरिरमा बुटले कुल्चिन्छन् । एकलाई गोली हान्दा अर्कोलाई परेको कुरा एक आपसमा गर्छन् । बसन्ती त्यहि कामेर आफ्नो लोग्नेलाई हेर्दै हुन्छे, उसलाई देखेर उनीहरूले र्‍याल काढ्छन् । छाती सुमसुम्याउँछन् र उसलाई पनि गोली ठोक्छन् । यसरी माओवादीको दशवर्षे जनयुद्धमा सोझासाझा जनताले अनाहकमा आफ्नो ज्यान गुमाउने पात्रको रूपमा वीरे र बसन्तीले त्यस समयको भयावह स्थितिको यथार्थ चित्रण नै यस कथाको मुख्य विषय हो ।

अन्त्यमा विना कसुर मारिएका जनतालाई पनि माओवादीको संज्ञा दिँदै रेडियोको समाचार बनाइएको तितो यथार्थ र तत्कालीन परिवेश यस कथाले प्रस्तुत गरेको छ । त्यसैले तत्कालीन गाउँको परिवेशलाई ज्यामिरे गाउँ भनी प्रस्तुत गरिएको कारणले यो ज्यामिरे गाउँको कथा हो भन्न सकिन्छ ।

### ४.२.१.४ दृष्टिबिन्दु

'वीरेको सपना र रेडियोको समाचार' कथामा तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । ऊ पात्रमार्फत कथा भनिएको छ । वीरे, बसन्ती भनेर अधिकांश भागमा माओवादी द्वन्द्वकालीन परिवेशलाई देखाइएको छ । सोही आधारमा प्रस्तुतिकरण र घटना, पात्र आदिको मूल्याङ्कन पनि गरिएको छ । वीरे र उसकी श्रीमतीको कथालाई वर्णन गरी कथाकार उपस्थित भएकी छन् ।  तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग उचित ढङ्गले गरिएको छ । दृष्टिबिन्दुको हिसाबले 'वीरेको सपना र रेडियोको समाचार' कथा अलि कमजोर नै सावित भएको छ ।

कथामा ठाउँ ठाउँमा दृष्टिबिन्दुको प्रयोग भएको छ भने, ठाउँ ठाउँमा नामकरण नै गरिएको छ । यो कथा द्वन्द्वकालीन परिस्थितिको हुनाले कथाभरि नै पात्रहरूको उपस्थिति रहेको र पात्रको देहावसान भएपछि रेडियोले समाचार भनेबाट कथाको पनि अन्त्य गरिएको छ । कथाको सबै घटनामा दृष्टिबिन्दुको प्रयोग गरिएको छैन । ठाउँ ठाउँमा दुवै पात्रमा तृतीय पुरुष दृष्टिबिन्दुको अनुकुल मिलाएर प्रयोग गरिएको छ । कथामा उचित तरिकाले नै दृष्टिबिन्दुको प्रयोग भएको छ । यो कथामा पात्र पर दृष्टिबिन्दुको उचित र कलात्मक प्रयोग भएको छ । त्यसैले कथाको विश्वसनीयता पनि रहेको छ, प्रभावोत्पादन बलियो भएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोगले कथालाई तत्कालीन परिस्थितिको यथार्थ धरातलमा उर्तान कथाकार सफल भएको मानिन्छ । यो कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा घटनाक्रम अनुरूप सन्दर्भ अनुरूप अनुच्छेदभित्र राखिएको छ

कथामा संवादात्मक शैलीको प्रयोग पाइन्छ । ऊ पात्रको रूपमा वीरे र उसका प्रतिक्रियाहरूबाट कथा अगाडि बढेको छ । वीरे र बसन्तीको प्रेमलाई पनि कलात्मक रूपले नै प्रयोग गरिएको छ । कथामा संवादको प्रयोग पनि छ । वीरे र बसन्ती प्रेमिल जोडी हुन्छन्, जो द्वन्द्वकालीन परिस्थितिमा ज्यान गुमाउन पुग्छन् । तिलहरी बनाइदिने र लाउने रहर यसै जान्छ । कथाले तत्कालीन माओवादी द्वन्द्वको यथार्थ चित्रणलाई कथामा सरल भाषामा उर्तान सफल भएको देखिन्छ ।

कथाको भाषा शैलीमा लेखकीय परिष्कारको केही कमी खट्किन्छ । कथाको अन्तिमतिरको अंश यस्तो छ;

बेलुका रेडियोले समाचार भन्यो, "आज दिउँसो ज्यामिरे गाउँमा भएको सुरक्षा कारवाहीमा रतन र देवी उपनामका कथित दुई जना आतङ्ककारी कमान्डरको मृत्यु भएको छ" (मधुश्री, २०६३ : २९) । यसरी हेर्दा 'वीरेको सपना र रेडियोको समाचार' कथाको भाषाशैली धेरै परिष्कृत र उच्च तहको नदेखिए पनि तत्कालीन पारिस्थितिक समाजलाई चित्रण गर्न सकेको छ ।

## ४.२.१.५ उद्देश्य

माओवादी द्वन्द्वको कहालीलाग्दो परिस्थितिको यथार्थ चित्रण गर्नु कथाको मुख्य उद्देश्य हो । तत्कालीन परिस्थितिमा सरकारी पक्षका साथसाथै गाउँका निमुखा जनताले पाएको दुःखलाई देखाउनु यसको अर्को उद्देश्य हो । गाउँको जीवनमा नीम्न वर्गीय जनतालाई हातमुख जोर्न गरेको सङ्घर्ष र पेटभरी खान र आफ्ना साना इच्छालाई पूरा गर्नु कति गाह्रो छ भनी देखाउनु पनि यो कथाको उद्देश्य हो । त्यस परिस्थितिमा गाउँका जनताले पाएको दुःखलाई सबैका सामु प्रस्तुत गर्नु पनि यो कथाको उद्देश्य हो ।

तत्कालीन परिस्थितिमा माओवादी पक्षबाट र सरकारी पक्षबाट यस्ता निमुखा जनता धेरै अनाहकमा मारिएका छन् । जसको कुनै पक्षसँग कुनै सम्बन्ध नै रहेको छैन । यस्ता कुरालाई सबैका सामु देखाउनु पनि यो कथाको उद्देश्य रहेको छ । सरकारी पक्षले माओवादीको नाममा र माओवादीले विभिन्न लाञ्छना लगाएर सोझासाझा जनताका धेरै आमाको कोख उजाडेका, धेरैको सिउँदो पुछेका, धेरैलाई टुहुरो बनाएका कुरालाई कथा मार्फत उजागर गर्नुपनि यो कथाको उद्देश्य हो । विभिन्न अमानवीय कार्यहरू दुवैपक्षबाट तत्कालीन परिस्थितिमा भएको कुरालाई सबै जनताको सामु कथा मार्फत प्रस्ट्याउनु पनि यो कथाको उद्देश्य रहेको छ । गाउँमा आफ्नो जीवनमा दुःख नै भए पनि एक आपसमा रमाएर बसेका निमुखा जनता कसरी द्वन्द्वको चपेटामा पर्छन् र उनीहरूलाई मरिसकेपछि कस्तो किसिमको घोषणा गरिन्छ ? मरेका व्यक्तिलाई पनि एउटा दाग लगाइन्छ भन्ने जस्तो यथार्थ घटनालाई उजागर गर्नु यो कथाको उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.१.६ भाषाशैली

'वीरेको सपना र रेडियोको समाचार' कथाको भाषा सरल प्रकारको नै छ । तद्भव शब्दहरू पनि कतै प्रयोग भएका छन् । सरल भाषाको प्रयोग भएको हुँदा बुझ्नमा कहीँ कतै पनि पाठकलाई कठिनाई अनुभव हुँदैन ।

'वीरेको सपना र रेडियोको समाचार' कथाको अनुच्छेद व्यवस्थित नै देखिन्छ । घटनाक्रम अनुरूप अनुच्छेद परिवर्तन गरिएको छ । कथामा एकजोडी निर्दोष व्यक्तिको हत्या मार्मिक रहेको छ । तत्कालीन माओवादी द्वन्द्वलाई घटनाको आधार बनाइएको छ । कथामा घटनाक्रम, सन्दर्भ अनुरूप अनुच्छेदभित्र राखिएको छ ।

कथामा संवादात्मक शैलीको प्रयोग गरेको पाइन्छ । ऊ पात्रको रूपमा वीरे र उसका प्रतिक्रियाहरूबाट कथा अगाडि बढेको छ । वीरे र बसन्तीको प्रेमलाई पनि कलात्मक रूपले नै प्रयोग गरिएको छ । कथामा संवादको प्रयोग पनि छ । वीरे र बसन्तीको प्रेमिल जोडी हुन्छन्, जो द्वन्द्वकालीन परिस्थितिमा ज्यान गुमाउन पुग्छन् । तिलहरी बनाईदिने र लाउने रहर यसै जान्छ । कथाले तत्कालीन माओवादी द्वन्द्वको यथार्थ चित्रणलाई कथामा सरल भाषामा उर्तान सफल भएको देखिन्छ ।

कथाको भाषा शैलीमा लेखकीय परिष्कारको केही कमी खट्किन्छ । कथाको अन्तिमतिरको अंश यस्तो छ, बेलुका रेडियोले समाचार भन्यो- "आज दिउँसो ज्यामिरे गाउँमा भएको सुरक्षा कारवाहीमा रतन र देवी उपनामका कथित दुई जना आतङ्ककारी कमान्डरको मृत्यु भएको छ" (मधुश्री, २०७३ : २९) यसरी हेर्दा 'वीरेको सपना र रेडियोको समाचार' कथाको भाषाशैली धेरै परिष्कृत र उच्च तहको नदेखिए पनि यस तत्कालीन समाजलाई चित्रण गर्न सकेको छ ।

### ४.२.१.७ निष्कर्ष

यस कथामा नेपालमा १० वर्षे जनयुद्ध ताका नेपालीले भोगेका वास्तविकतालाई आधार बनाइएको छ । कथा मार्मिक छ । कथाले नेपालको तत्कालीन परिस्थितिलाई उजागर पारेको छ । तत्कालीन समयमा सोझासाझा जनताले भोगेका परिस्थितिको यथार्थ चित्रण यस कथामा पाइन्छ । कतै सुरक्षाकर्मिको रूपमा त कतै आतङ्ककारीको रूपमा जनताले भोगेको पीडालाई कथाकारले यस कथामा यथार्थ चित्रण गरेकी छन् ।

कथामा वीरे र वसन्तीलाई प्रतिनिधि पात्रको रूपमा देखाइएको छ । सुरक्षाकर्मीलाई साङ्केतिक रूपमा देखाइएको छ । आतङ्कारीको रूपमा होस् वा सुरक्षाकर्मीको रूपमा जो भएता पनि उनीहरू नेपाल आमाका सन्तान हुन् । जसलाई चोट परेपनि एउटै हो भन्ने कुरा कथाकारले संकेत कथा मार्फत गरेकी छन् । माओवादी द्वन्द्वकालीन परिस्थितिमा जनताले भोगेका परिस्थितिलाई यस कथाले सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ ।

## ४.२.२ 'हाकिम, म र त्यो साँझ' कथाको अध्ययन

### ४.२.२.१ कथानक

यस कथामा म पात्रले आफ्नो बाबुको मृत्यु पछि जीवननिर्वाह गर्नको लागि भोगेको पीडाको कथावस्तुलाई समावेश गरिएको छ । जसलाई कम उमेर र पढाइको मापदण्डले गर्दा काम पाउन गाह्रो हुन्छ ।

हाकिमको व्यक्तित्व र हेराइले उनलाई विभिन्न कुराहरू सोच्न बाध्य बनाउँछ । उनले लोग्नेमान्छे प्रतिको आफ्ना विभिन्न धारणाहरू सोच्छिन् र हाकिमलाई पनि विभिन्न किसिमका लोग्नेमान्छेसँग दाँज्न पुग्छिन् । हाकिमको बारेमा आफ्नो मनमा विभिन्न तर्कना गरेको कुरालाई नै यस कथामा म पात्रद्वारा व्यक्त गरिएको छ । लोग्ने मान्छे एकै किसिमका हुँदैनन्, उनीहरूको चरित्र र महिलालाई हेर्ने दृष्टिकोण पनि एउटै हुँदैन भन्ने कुरालाई यस कथाद्वारा छर्लङ्ग पारिएको छ । कथाको शीर्षकअनुसार कथावस्तु पनि ठिक देखिएको छ ।

### ४.२.२.२ चरित्र चित्रण

यस कथाको मूल पात्रका रूपमा म पात्रका स्मृति र अनुभूतिहरूबाट कथा अगाडि बढेको छ । सहरमा विभिन्न समस्या र अझ कम पढेकाले काम पाउनको लागि गर्नुपर्ने विभिन्न समस्यालाई कथा मार्फत देखाइएको छ ।म पात्रको समस्या,उसको बाबु नहुनुको पीडा र समाजमा महिलालाई विभिन्न ठाउँमा गरिने यौन शोषणले गर्दा म पात्रको मनमा पुरुषप्रति एक किसिमको नकरात्मक धारणा पैदा भएकोले म पात्रले हाकिमलाई पनि त्यहि दृष्टिले हेर्न विवश भएकी छ ।

हाकिमले उसलाई कोठामा बोलाउँदा उसले आज यसै भएन उसै भएन भन्ने हिसाबले हाकिमलाई नै सिध्याउने निधो गरेर भित्र प्रवेश गर्छे । हाकिमले जब अङ्गालो हालेर छोरी मेरो छोरी तिमी कहाँ गएकी थियो, अब मलाई छाडेर कहिल्यै नजाउ है भन्दै सम्पूर्ण कुरा भनेपछि ऊ छाँगाबाट खसेजस्तो भएकी छे र उसले अर्थात् म पात्रले पुरुष सबै एकै किसिमको नहुने रहेछन् भन्ने किसिमको शिक्षा पनि यस कथाले दिन खोजेको छ । यो कथा म पात्र र उसको जीवन भोगाइमा आउने विभिन्न रूपका पुरुषहरू उनीहरूको नारीप्रति हेरिने कुदृष्टि र अन्त्यमा एउटा असल पुरुषको चरित्रको रूपमा हाकिमलाई एउटा भिन्नै खालको चरित्रमा देखाएर पुरुषप्रति हेरिने दृष्टिलाई समेत सकारात्मक चित्रण गरी कथाको अन्त्य गरिएको छ ।

### ४.२.२.३ परिवेश

यो कथा ठाउँको बारेमा यकिन नभएपनि सहरी परिवेशको हो भन्ने अनुमान लगाउन सकिन्छ । विभिन्न अफिस अँध्यारो भएपछि सिँगारेर निस्कने महिलाहरू आदिको बारेमा त्यस्तै विभिन्न किसिमका निजी कार्यालय र सरकारी कार्यालय आदि विभिन्न कुराको बयान गरेबाट पनि यो कथा सहरी परिवेशको हो भनेर अनुमान लगाउन सकिन्छ ।

यो कथा बाबु बितिसकेपछि पढाइ पूरा नभएको र पारिवारिक कारणले जिम्मेवारी लिनुपर्ने अवस्था आइपर्ने समाजमा रहेका निम्न मध्यम परिवारको कथा यसमा छ । समाजमा घट्ने एक किसिमको घटनालाई कथाकारले नाटकीय रूपमा अन्त्य गरेकी छन् । यस कथामा म पात्रले उसको बाबुको मृत्युपछि पढाइ नटुङ्ग्याइकनै कामगर्नु पर्ने बाध्यता आईपर्छ । उनी कामको खोजिको शिलशिलामा विभिन्न ठाउँमा धाउँदा विभिन्न किसिमका अपशब्द र विभिन्न हन्डर खाँदै अन्त्यमा एउटा फर्ममा जागिर खान पुग्छे । जागिर खाएदेखि नै हाकिम उनको नजिक हुन खोज्छन् र नजिक हुन्छन् पनि । यसरी हाकिमको सामिप्यतलाई अफिसका कर्मचारिहरूले विभिन्न किसिमका कुरा गर्छन् । म पात्रले पनि विभिन्न किसिमको अड्कल वाजि गर्छिन् र अन्त्यमा हाकिमले म पात्रलाई आफ्नो छोरी सोचेको कुरो थाहा पाउँछिन् र कथाको अन्त्य गरिएको छ । यो कथा सहरी परिवेशमा आधारित छ र समाजको विभिन्न चरित्रहरूलाई केलाउने जमर्को यस कथामा छ ।

### ४.२.२.४ दृष्टिबिन्दु

'हाकिम म र त्यो साँझ' कथामा दृष्टिबिन्दुको प्रयोग उपयुक्त किसिमले नै भएको छ । कथाको अधिकांश भागमा म पात्र मार्फत कथा भनिएको छ । हाकिम, समाज र युगीन परिवेशलाई म पात्रका आँखाले हेरिएको छ । सोही आधारमा प्रस्तुतिकरण र घटना, पात्र आदिको मूल्याङ्कन पनि गरिएको छ । हाकिम र म पात्रको कथालाई वर्णन गर्न कथाकार उपस्थित भएका छन् । कथामा घटनाभरि प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ भने ठाउँ ठाउँमा तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको छ ।

कथामा जुन भागसम्म प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ, त्यहाँसम्म परिधीय दृष्टिबिन्दु नै देखिन्छ । दृष्टिबिन्दुको पात्र सक्रिय र घटना र दुर्घटनाहरूको स्मरण गरेको कारण ऊ आफैं जीवन्त भएकी छन् । सबै घटनाहरूमा ऊ आफू संलग्न भएकी छन् । त्यसैले कथा प्रथम पुरुष परिधीय दृष्टिबिन्दुका साथ अगाडि बढ्छ । कथामा घटना तथा पात्रको आधारमा ठाउँ ठाउँमा तृतीय पुरुष टठस्थ दृष्टिबिन्दुबाट अगाडि बढेको छ । त्यसैले कथामा  असङ्गति पनि पैदा भएको छ । दृष्टिबिन्दुको उचित र कलात्मक प्रयोग हुन नसक्दा कथाको विश्वसनीयतामा क्षति पुगेको छ, प्रभावोत्पादन कमजोर भएको छ । कथामा नाटकीय पक्ष बलियो देखिन्छ । दृष्टिबिन्दुका हिसाबले कथा सामान्य रहेको छ । मान्छेले सोचेको कुरा र अनुभव गरेको कुरा पनि यथार्थ थाहा नपाईकन निर्णयमा पुग्नु राम्रो हुँदैन । जहिले पनि यथार्थ कुरा पत्ता लगाएर मात्रै अघि बढ्नु पर्छ भन्ने यो कथामा देखिन्छ । यो कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

### ४.२.२.५ उद्देश्य

समाजमा विभिन्न समस्याले ग्रसित व्यक्तिलाई सामाजिक परिस्थितिसँग सामना गर्न के कस्ता कार्यहरू गर्नुपर्छ भन्ने देखाउनु यो कथाको उद्देश्य हो । बाबु नभएकी छोरी भनौं वा भर्खर यौवन अवस्थामा प्रवेश गर्न लागेकी युवतीले कुनै कार्यालयमा काम खोज्दा पाइने हन्डर, लालची आँखा आदि विभिन्न किसिमका दुर्व्यवहार जस्ता कुराको सामाजिक चित्रण गर्नु पनि यो कथाको अर्को उद्देश्य रहेको छ । नेपाली समाजमा बस्ने विभिन्न किसिमका व्यक्तिहरू चाहे त्यो महिला, पुरुष जो भएपनि एउटी यौवनाप्रति हेरिने दृष्टि र कसैसँग बोल्दा वा व्यवहार गर्दा पनि हेरिने नजरलाई केलाउनु र वास्तवमा सबै व्यक्ति एकै किसिमका हुँदैनन् । समाजका सम्पूर्ण व्यक्तिलाई एउटै तराजुमा राखेर तौलनु हुँदैन

भन्ने सामाजिक यथार्थ चित्रण पनि यो कथाले गरेको छ । हाम्रो नेपाली समाजमा विभिन्न मनसाय भएका व्यक्तिहरू छन् जसको एउटै सोचाई र एउटै लक्ष्य छैन भन्ने कुरा देखाउनु पनि यो कथाको उद्देश्य हो । मानिसहरूको अनुहार फरक फरक भए जस्तै विचार पनि फरक फरक हुन्छ । हाम्रो समाजमा नराम्रा व्यक्तिहरू छन् भने राम्रा व्यक्तिहरू पनि छन् । सबै जना मौकाको फाइदा उठाउने किसिमका हुँदैनन् । महिलाको लागि सबै महिला जाति र पुरुष, नजाति पक्कै हुँदैनन् । व्यक्ति संस्कार, शिक्षा वातावरण, पारिवारिक आचरण आदि विभिन्न किसिमले मानिसको विचार र धारणा फरक हुन्छ । त्यस्तै व्यक्तिहरू पनि त्यहि अनुसारका हुन्छन् भनेर प्रस्टयाउनु नै यो कथाको मुख्य उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.२.६ भाषाशैली

'हाकिम, म र त्यो साँझ' कथाको भाषा सरल नै छ । कथाको आधिकांश भाग स्वकथनसँग सम्बन्धित छ भने अन्त्य भाग संवादात्मक रहेको छ । कथामा म पात्रको स्वकथनको भाषा सोझो र सरल नै छ । पात्रको मनको चञ्चलताका आधारमा विषयको बहाव पाइने यस्तो कथनले प्रस्तुतिलाई केही कृतिम पारेको भान हुन्छ । यो कथामा केही तद्भव शब्दहरू जस्तो नजर, संस्कार, शृङ्गार, मुस्कान, सुषुप्त नगन्य मात्रामा प्रयोग गरिएको छ । आगन्तुक शब्दको प्रयोग बढी भएको पाइन्छ ।

यो कथाको प्रस्तुतिको शैली मनोवादात्मक रूपमा पनि हेर्न सकिन्छ । कथाको प्रस्तुति वर्णनात्मक पाराको नै देखिन्छ । सिङ्गो कथालाई म पात्रले मनको कुरो बनाएर वर्णन गरिएको पाइन्छ । समग्रमा कथाको भाषामा प्रयोग गरिएको शब्दहरू सरल नै रहेका छन्, जटिल शब्दको प्रयोग गरिएको छैन । कथाको अन्त्य संवादात्मक कथाको समापन यसरी गरेकी छन् ;

उसले भने जस्तै लुगा मैले तिमीलाई लगाउन दिएको हो । उनले मसँग हात जोडेर भने, अबदेखि तिम्रो जन्म दिन जहिले भए पनि आजकै दिनमा म मनाउन चाहन्छु । नाइँ नभन ल छोरी ! प्लीज !!! (मधुश्री, २०७३ : ४३) । अनायास यन्त्रवत रूपमा मेरो अँगालो कसिँदै गयो हाकिमसँग दुवैका आँखा चुपचाप बर्सिरहेका थिए । टेवलमा "ह्यापी बर्थ डे" लेखिएको केक र सजाइएको मैनबतीबाट हटेर मेरो रुझेका आँखा अघि खन्द्रयाङ्ग गर्दै भूइँमा खसेर टलक्क टाल्किरहेको सेतो छुरी माथी पऱ्यो, जुन मैले हाकिमको हत्या गर्न घरबाट नै सुटुक्क लुकाएर लगेकी थिएँ ।

त्यसैले कथामा प्रस्तुतिको शैलीमा पनि मिल्दो जुल्दो नै देखिन्छ र कथा केही आधुनिक लाग्छ ।

### ४.२.२.७ निष्कर्ष

यस कथामा नव युवतीले जागिरको सिलसिलामा भोग्ने विभिन्न परिस्थितिलाई देखाईएको छ । जागिर खोज्ने क्रममा विभिन्न गिद्धे नजर, कुरा काट्ने सामाजिक परिवेश आदि कुरालाई हाकिम, म र त्यो साँझ कथामा देखाइएको छ । एक जना नराम्रो हुँदैमा सबै त्यस्तै हुँदैनन्, भन्ने यथार्थ कुरालाई पनि यो कथाले प्रस्ट पारेको छ ।

## ४.२.३ 'मैले चिनेको सहर' कथाको अध्ययन

### ४.२.३.१ कथानक

यस कथामा सहरमा बस्ने मानिसहरूको आडम्बरलाई उजागर गर्न खोजिएको कथावस्तु समावेश गरिएको छ । सहरमा बस्ने सभ्य भनाउँदा मान्छेहरू आफ्नो जीवनको लागि के कस्तो घृणित कार्य गर्न समेत पछि पर्दैनन् भन्ने कथावस्तु समेटेको पाइन्छ ।

यस कथामा म पात्रले आफ्नो मित्र राधालाई खोज्न सहरमा आउँदा भोग्न परेको कुरालाई व्यक्त गर्नुका साथै सहरमा आएर बस्नेहरूले के कस्ता कार्य गर्न समेत पछि पर्दैनन् भन्ने कुरालाई सूक्ष्म तरिकाले व्यक्त गरिएको छ । यस कथामा स्वच्छ, सरल र पवित्र गाउँले हावापानी, स्वच्छ वातावरण र समाजमा हुर्किएको, आर्दश शिक्षा र संस्कार पाएको म शुद्ध र सरल गाउँले । कसरी जान्न सक्छु र विकासे बैंसले मातिएको उन्मुक्त सहरको उत्ताउलोपनलाई, अनि त्यही उन्मुक्त सहरको दुर्गन्धित सभ्यता ओडेर हिँड्ने मानिसहरू कसरी समयसँग सम्झौता गरेर आडम्बर बाँचिरहेछन्, के थाहा मलाई (मधुश्री, २०७३ : ५६) । यस कथाका घटनाहरू म पात्रको वरिपरि घुमेको हुनाले कथावस्तुमा एकान्विति देखिन्छ ।

### ४.२.३.२ चरित्र चित्रण

यस कथामा म पात्र पुरुष भएको र उसले एउटा महिलालाई साथी बनाएको र दुवैले एक आपसमा भेट्ने ठाउँको निधो गरी म पात्र सहर आउँछन् । सहरमा आएपछि भेट्ने ठाउँमा अगाडि नै पुगेकाले उनको विभिन्न चरित्रका मान्छेहरूसँग भेट हुन्छ ।

यसरी विभिन्न चरित्रमा मान्छेसँग भेट हुने क्रममा म पात्रले सहरका मानिसहरूको आचरण, व्यवहार आदिको बारेमा पनि धेरैकुरा जानकारी प्राप्त गर्दछ ।त्यस्तै सहरमा बस्ने क्रममा के कस्ता व्यवधान आउने साथै झूठो आडम्बर देखाउन मानिस कतिसम्म निर्घिणी हुनसक्ने तीतो यथार्थको चित्रण पनि यस कथामा गरिएको छ । त्यस्तै विना सित्तिमा लवाई हेरेर गाली गर्ने शहरियाहरू पाखे शब्द बोल्ने र काठमाडौँमा आफ्ना इज्जत लिलाम गर्ने महिलाहरूको चित्रण गरिएको छ । एक हिसाबले हेर्दा सहरमा बस्ने विभिन्न किसिमका पात्रहरूको चित्रण सूक्ष्म तरिकाले गरिएको छ ।

### ४.२.३.३ परिवेश

'मैले चिनेको सहर' कथामा गाउँ र सहर दुवै ठाउँको परिवेशको चित्रण पाइन्छ । मोवाइल नआइसकेको जमाना भन्नाले १५-१६ वर्ष अगाडिको परिवेशलाई यस कथामा चित्रण गरिएको छ । यस कथामा सहरबाट अलि टाढाको गाउँको परिवेशमा हुर्किएको म पात्र भन्ने अनुमान लगाउन सकिन्छ । त्यस्तै उसको पत्रमित्र साथि चाहिँ सहरमा बसोबास गर्ने भन्ने यस कथाबाट अनुमान लगाउन सकिन्छ ।

यस कथामा सहरमा रहेर सहरिया परिवेशलाई अङ्गाल्ने विकृतिलाई पनि यस कथाको माध्यमबाट कथाकारले उजागर गर्न खोजेकी छिन् । यो कथामा म पात्रले आफूले पहिलेदेखि पत्राचार गरेर बनाएकी पत्रमित्र साथिलाई भेट्न विभिन्न किसिमका तर्कना गर्दै गाउँबाट सहर आउँछ र कुनै निश्चित ठाउँमा पर्खेर बस्दा त्यहाँ आउने विभिन्न किसिमका पात्रहरूको हर्कतबाट सहरिया परिवेशको बारेमा अनुमान लगाएको घटना यस कथामा छ । म पात्रले पत्रमित्रको बारेमा पनि विभिन्न आफ्ना मनका जिज्ञासाहरू र अड्कलबाजीहरू गरेको कुरा यस कथामा छ । त्यस्तै गाउँबाट सहर आएर आफ्ना औकात भन्दा बढी देखाउन विभिन्न किसिमका यौन धन्दामा लागेकाहरूको चरित्रलाई पनि म पात्रले अनुमान लगाउँछ । त्यस्तै गाउँको मान्छेलाई हेप्ने प्रवृति पनि यस कथामा दर्शाइएको छ ।

आफ्नो पत्रभित्र भेट्न आएको म पात्र यस्ता विभिन्न किसिमका पात्रहरूको चरित्रमै रुमलिएको र विभिन्न सहरिया आडम्बरलाई केलाउन पनि सफल भएको छ । यस कथामा म पात्रले आफ्नो पत्रमित्रलाई नभेटिकनै कथाको अन्त्य भएको छ । म पात्रले सहरीया परिवेशको बारेमा र यहाँ रहेका आडम्बरीहरूको अवस्था यस कथामा उल्लेख गरिएको छ ।

### ४.२.३.४ दृष्टिबिन्दु

'मैले चिनेको सहर' कथाको दृष्टिबिन्दु म पात्र हो । कथाको सुरूवात उसकै भावनात्मक प्रसङ्गबाट भएको छ । उसले आफ्नो पत्रचित्र साथीका बारेमा उसको भावनाका तर्क वितर्कहरू आफैँसँग कौतुहलतापूर्वक मनन गरेको कुरा प्रस्तुत गरिएको छ । यो कथामा प्रथम र तृतीय दृष्टिबिन्दु दुवैको प्रयोग गरिएको छ । विशेषतः यो कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ ।

कथामा आफ्नो साथीप्रतिको कौतुहलता मेटाउन सहरमा आउँदा भेटभएका मानिसहरू र उनीहरूको व्यवहारबाट सहरको बारेमा आफ्नो धारणा बनाएको छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग कथाको सुरूदेखि अन्त्यसम्म गरिएको छ । कथाको दोस्रो प्रहरदेखि तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ । सहरमा बस्ने मानिसहरूले गाउँमा बस्ने व्यक्तिप्रति गरिने व्यवहार आदि देखेर म पात्रलाई साह्रै खल्लो लागेको छ । त्यस्तै यहाँ बस्ने मानिसहरू जो बाहिरी देखावटीमा रमाउने र देशका विभिन्न कुनाकाप्चाबाट आएर कोठा भाडामा लिएर बस्ने मानिसहरूले त्यस्तै देखासिकी गरी जस्तो काम गर्न पनि पछि नपर्ने मनन म पात्रले गरेका छन् । कथामा पात्रगत निरन्तरता छ र घटनाहरू क्रमशः एक आपसमा जोडिएका छन् । कथामा म पात्रले अर्को पात्रसँग अर्न्तसम्बन्धित तुल्याई कथाको समाख्यान गरेकाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको देखिन्छ । कथामा म पात्रको माध्यमबाट सहरीया जीवनशैलीको सन्दर्भलाई चियाउने प्रयास गरिएको छ ।

### ४.२.३.५ उद्देश्य

यो कथाको सुरूमा विभिन्न आफ्ना विचार र भावना, साटासाट गर्ने लगभग १५, २० वर्ष अगाडिको घटनालाई समेटेको पाइन्छ । यसको मुख्य उद्देश्य भनेको त्यतिबेला पनि एक ठाउँका मान्छेले अर्को ठाउँका मान्छेसँग चाहे त्यो पुरुष वा महिला जो सुकै हो आफ्ना भावना साटासाट कसरी गर्थे भन्ने कुरा अहिलेका पिँढिलाई देखाउने जमर्को गरेको छ । त्यस्तै आफ्नो साथीसँग भेट्न पाउँदा मान्छेमा कति उत्सुकता हुन्छ, साथी त्यो हो जसको साथ हामीलाई विभिन्न रूपमा जीवनभर चाहिन्छ भनेर देखाउनु पनि यो कथाको अर्को उद्देश्य हो ।

गाउँले भनेर सहरमा बसोबास गर्नेहरू कसरी खिल्लि उडाउँछन् र आफ्नो झुठो आडम्बर कसरी प्रर्दशित गर्छन् भनेर देखाउनु पनि यस कथाको अर्को उद्देश्य रहेको छ । त्यस्तै सहरीया जीवन निम्न वर्गीय जुन जीवनको लागि कति कहालीलाग्दो छ र मानिसहरू पैसाको लागि जस्तोसुकै काम गर्न पनि पछि हट्दैनन् । यहाँ तीन चारवटा बच्चा भैसकेकी महिलाले पनि पैसा र सहरिया देखासिकिमा यौन धन्दा गर्ने जस्ता सामाजिक विकृतिलाई देखाउनु यो कथाको अर्को उद्देश्य हो । त्यस्तै गाउँबाट सहरमा आफ्नो नेपालीपन झल्किने पोशाकमा आउने सहरिया मान्छेहरू कसरी विभिन्न गालि गलौज गरी आफूलाई मै हुँ भन्ने घमण्ड प्रस्तुत गर्छन् र आफ्नो नैतिक आचरणलाई कसरी पतन गराउँदै लगेका छन् भन्ने कुरा देखाउनु पनि कथाकारको अर्को उद्देश्य हो । आफ्नो साथीलाई कुरेर कुनै बाटोमा बस्ने यात्रीले काठमाडौंमा कस्ता-कस्ता मानिसहरूको सामना गर्नुपर्छ भन्ने कुरालाई सबैको सामु उजागर गर्नु पनि यो कथाको अर्को उद्देश्य हो भनेर भन्न सकिन्छ ।

## ४.२.३.६ भाषाशैली

'मैले चिनेको सहर' कथाको भाषा सरल छ । कथा वर्णात्मक शैलीमा भएपनि केही नगव्य मात्रामा संवादहरू पनि आएका छन् । कथामा केही तद्भव धेरैजसो तत्सम र आगन्तुक शब्दहरू कै बाहुल्य देखिन्छ । वाक्यहरू छोटाछरिता हुनाका साथसाथै कथाको भाषाले ग्रामीण समाज र सहरी दुवै समाजको झझल्को दिएको छ ।

गाउँले ठिटो सहरमा पत्रमित्र साथि एउटी महिलालाई भेट्न जाँदा केही समय कुर्न बस्दा उसले सहरलाई नजिकबाट चिन्ने मौका पाएको र अनुमान गरिएको कुरा मनोविश्लेषणात्मक रहेको छ । कथाको संरचना केही फितलो नै देखिन्छ । कथामा कतिपय घटनाहरू अप्रत्याशित रूपमा घटेका देखिन्छन् । म पात्रले सहरमा पेट पाल्न के कस्ता कार्य गर्न समेत पछि नपर्ने भन्ने कुरा थाहा पाउँछन् र आफ्नो साथीको खबर पाएबाट कथाको अन्त्य गरिएको छ ।

त्यहाँबाट जसोतसो उम्केर भागेँ म । अलिक पर पुगेपछि मरो सामुन्नेबाट एकजना आधुनिक फेसनमा सजिएकी युवती मपट्टि हेर्दै मुस्कुराउँदै आउँदै थिइन् । म भने किन किन भित्रै देखि डराइँरहेको थिएँ । उनी सामुन्ने नआइपुग्दै म अन्तै छलिएँ र एउटा पसलबाट फोन गरेँ मैले मेरी साथीलाई ।

सानो बच्चाको जस्तो स्वरमा जवाफ आयो, "राधा दिदी त बिरामी भएर अस्पताल राखेको छ हिजोदेखि ..." (मधुश्री, २०७३ : ५६) । कथाकार कथाको प्रस्तुति शैलीमा स्वच्छन्द छैनन्, संयमित देखिन्छन् । यस कथाको भाषाशैलीय विन्यास सरल अभिव्यक्तितिर नै उन्मुख रहेको देखिन्छ ।

### ४.२.३.७ निष्कर्ष

यस कथामा सहरिया जनजीवनको कटु सत्यलाई उजागर गर्न खोजिएको छ । सहरमा बस्नेले गाउँलेलाई गर्ने व्यवहारहरू देखाइएको छ । गाउँबाट सहरमा आएर गर्ने विभिन्न राम्रा नराम्रा कामहरूको पनि विश्लेषण यस कथामा पाइन्छ ।

## ४.२.४ 'पुनरावृत्ति' कथाको अध्ययन

### ४.२.४.१ कथानक

'पुनरावृत्ति' कथा म पात्रले बाह्रवर्ष पछि आफूले काम गरेको ठाउँमा आउँदा आफ्ना ती जीवनका पलहरूको बारेमा स्मरण गरिएको कथा हो । यस कथामा म पात्र यौनपिपासुको रूपमा देखा परेको छ । उसले चौकीदारकी छोरी माधुरीलाई शरिरीक शोषण गरेको कुरा उल्लेख गरिएको छ । यसरी अवैध रूपमा गरिएको यौन शोषणबाट छोरी जन्मिएकी र छोरीपनि यौवनको खुड्किलामा पाइला राख्दै गर्दा उसकै बाबुले को रहेछ भन्ने हिसाबले आफूले त्यस अफिसमा आउँदा देखिको स्मृतिलाई स्मरण गरिएको कथालाई उल्लेख गरिएको छ ।

ऊ मेरै अंश हो भन्ने भएपछि मलाई ऊसँग बोल्न मन लाग्यो । उसलाई छुन मन लाग्यो । खेलाउन मन लाग्यो । सुम्सुम्याउन अनि काखमा राखेर निचोर्न मन लाग्यो । म्वाइँ खान मन लाग्यो, तर मैले हात बढाउन सकिनँ । केवल आँखाले मात्र उसलाई एकोहोरो सुमसुम्याइरहेँ (मधुश्री, २०७३ : ६५) । अन्त्यमा म पात्रले त्यो केटीलाई आफ्नै छोरी हो भन्ने चिनेपछि त्यस केटीको हजुरबाबुको मृत्यु भएसँगै कथालाई पनि टुंग्याइएको छ । म पात्रले माधुरीको यौन शोषण गरेता पनि उसका विभिन्न वाध्यताले उसले माधुरीलाई अपनाउन नसकेको कुरा यस कथामा पुनरावृत्तिको रूपमा देखाइएको छ ।

### ४.२.४.२ चरित्र चित्रण

यस पुनरावृत्ति कथामा म पात्रले आफूले जीवनमा केही समय बिताएको कार्यालयमा १२ वर्षपछि त्यहि ठाउँमा आएर स्मरण गरिएको र विगतले वर्तमानमा पारेको असरलाई देखाइएको छ । यसरी आउँदा भर्खर यौवन अवस्थामा प्रवेश गर्न लागेकी एक बालिकालाई नियालेर हेर्छ । त्यो बालिका कार्यालयमा पिउन काम गर्नेको नातिनी भएको पत्ता लगाउँछ ।

यसरी म पात्र १२ वर्षपछि फर्केर आएर आफूले जीवनमा गरेका राम्रा नराम्रा सम्पूर्ण कुरालाई सम्झिएको घटना नै पुनरावृत्ति हो । यसमा म पात्र एउटा यौन पिपासुको रूपमा चित्रण गरिएको व्यक्ति हो जसले एउटी भर्खर फक्रिन लागेको फूललाई फक्रन नपाउँदै टिपेर फालेको घटना यस कथामा चित्रण गरिएको छ । सिधासादा युवतीलाई कसरी ठुला-ठाला भनौदाहरूले आफ्नो जालोमा पारी उसको यौवन लुटेर त्यसै फालिदिन्छन् भन्ने कथा यसमा छ । यस कथामा म पात्रले सोझी माधुरीलाई यौनसन्तुष्टि प्राप्त गरेपछि विभिन्न बाध्यतामा पारेर अपनाउँन नसकेको कथा यसमा छ ।

### ४.२.४.३ परिवेश

यो कथामा सहरिया र गाउँले परिवेशको कथा छ । यो कथामा सहरदेखि केही टाढा बस्ने चौकिदारकी छोरी र सहरबाट जागिरको सिलसिलामा अफिसको क्वाटरमा बस्ने हाकिमको कथा यसमा छ । यसरी जागिरको सिलसिलामा गाउँका विभिन्न ठाउँमा पुग्ने हाम्रा समाजका सरकारी जागिरेहरूको कथा यसमा छ । यो कथा गाउँमा बस्ने सोझी माधुरी जो अफिसको चौकिदारकी छोरी हो । उसको यौवनको कथा यसमा छ । यस कथामा गाउँको ठ्याक्कै ठाउँ पत्ता नलागेपनि गाउँले परिवेशको भन्ने कुरा यस कथाले प्रस्ट पारेको छ ।

भर्खर यौवन अवस्थामा प्रवेश गरेकी माधुरीलाई आफ्नो मायाजालमा पारेर म पात्रले उसको शारीरिक तिर्सना मेटेर विहे गर्ने वाचागर्दै आफ्नो सरुवा भयो भनि त्यहाँबाट जान्छ । यता माधुरी गर्भवती हुन्छे र हाकिम आउने बाटो हेर्छे,हाकिम नआएपछि बहुलाएर मर्छे । उसले छोरीलाई जन्म दिएकी हुन्छे र बाह्र वर्षपछि म पात्र कामको सिलसिलामा त्यहि अफिसमा आउँछ र उसले एक अबोध भर्खर यौवन अवस्थामा प्रवेश गर्न लागेकी

बालिका देखेर विभिन्न अड्कल काट्दै चौकिदारसँग बुझ्न जान्छ र माधुरीको बारेमा पनि सम्पूर्ण जानकारी लिन्छ । अन्त्यमा उसले ति बालिका आफ्नै छोरी भएको कुरा थाहा पाउँदछ । यसरी यो कथामा म पात्रले पहिलाको घटनालाई सम्झिएको र यथार्थमा उसले गल्ति गरेको कुरा पनि आफैँ मार्फत स्वीकारेको छ । यो कथा वास्तवमा हाम्रो पुरुष प्रधान समाजमा घट्ने सामाजिक र यौनशोषणको कथा छ ।

## ४.२.४.४ दृष्टिबिन्दु

'पुनरावृत्ति' कथा म पात्रले पुनः त्यहि ठाएँमा आउँदा विगतमा भएका घटनाक्रमलाई परिस्थिति अनुकुल स्मरण गरिएको घटनाबाट सुरूवात गरिएको छ । यो कथामा विशेषत प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ, भने घटनाको दोस्रो प्रहरबाट तृतीय पुरुष दृष्टिबिन्दुको पनि सम्मिश्रण गरिएको छ । यो कथामा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दु म पात्रले विगतमा आफूले गरेको गल्तिले माधुरीले अनाहकमा ज्यान गुमाउनुको साथै आफ्नो मुटुको टुक्रालाई पनि आफ्नो बाबुको जिम्मा लगाई यो संसारबाट विदा लिएको कुरा थाहा पाउँछ र पनि उसले चौकिदार समक्ष आफ्नो भूल स्वीकार गरेको छैन । त्यसैले म पात्र यो कथामा एक यौनपिपासु, निर्दयीको रूपमा देखिएको छ । जसले भर्खर यौवन अवस्थामा प्रवेश गर्न लागेकी किशोरीको यौवन मात्र लुटेको छैन उसलाई मृत्युको मुखमा समेत पुर्‍याएको छ र पनि आफ्नो भूललाई स्वीकार गरेको छैन । त्यसैले म पात्र यो कथामा एक यौनपिपासु, निर्दयीको रूपमा देखिएको छ । जसले भर्खर यौवन अवस्थामा प्रवेश गर्न लागेकी किशोरीको यौवन मात्र लुटेको छैन । उसलाई मृत्युको मुखमा समेत पुर्‍याएको छ र पनि आफ्नो भूललाई स्वीकार गरेको छैन । एउटा वाक्यमा मैले सन्तानको रहर पूरा गर्न पाइन भन्ने मात्र यो कथामा मनन गरेको देखिन्छ । कथामा प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुषको प्रयोग घटनाक्रम अनुसार उचीत तवरले नै प्रयोग भएको देखिन्छ । आफ्नो व्यस्तताले गर्दा सबैकुरा बिर्सेको भनी म पात्र आफूलाई दोषी हुनबाट जोगाउने कोशिशमा लागेको देखिन्छ । सानीलाई देखेपछि उसमा एकतमासको हीनताबोध भएको पाइन्छ । कथामा प्रथम पुरुष र तृतीय पुरुषको साथसाथै चौकीदार र सानी भनेर पात्रहरूसँग अर्न्तसम्बन्धित गरेर उचित तवरले दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.२.४.५ उद्देश्य

यो कथामा समाजमा गरिब निमुखा व्यक्तिका छोरीहरूले कसरी ठुलाठालुको माया जालमा परेर आफ्नो अस्मिता गुमाउन वाध्य हुन्छन् । कसरी सदियौँ देखि ठुला ठालुले सोझा साझालाई परिस्थितिको आडमा शोषण गरिरहेको कुरा सबैको सामु उजागर गर्नु यो कथाको उद्देश्य हो । त्यस्तै कार्यालयको चौकिदार गर्नेको आफ्नो छोरीको अस्मितासमेत बचाउन नसकेको कुरा सबैको सामु देखाउनु पनि यो कथाको अर्को उद्देश्य हो ।

कार्यालयमा काम गर्ने उमेर पुगेका नौजवानहरूले भर्खर यौवन अवस्थामा पाइला चाल्दै गरेका किशोरीहरूको यौवनसँग खेलेर कसरी मृत्युको मुखमा पुर्‍याउन सक्छन् भन्ने कुरालाई उजागर गर्दै त्यस्ता पुरुषसँग सचेत रहन आग्रह गर्नु पनि यो कथाको अर्को उद्देश्य हो । त्यस्तै वाध्यताबस आफू सरुवा भएर गएपछि त्यहि ठाउँमा आईपुग्दा आफूले गरेका कुकृत्यप्रति आत्मलोचना गरेको देखाउनु पनि यसको उद्देश्य रहेको छ । मानिसले आफूले गरेको भूलले आफैँले त्यसको सजाय पाएको महशुस गर्नु र आत्मसाथ गरेको देखाउनु पनि यसको अर्को उद्देश्य नै हो । मानिसले कुनैपनि कुकृत्य गर्छ भर्ने जीवनको कुनै न कुनै कालखण्डमा त्यसको प्रतिफल अवश्य पाउँछ भन्ने देखाउनु पनि यो कथाको अर्को उद्देश्य रहेको छ । आफूले गरेको दुष्कार्यले गर्दा एउटा अवोलाले कसरी अनाहकमा प्राण गुमाइन् र मृत्यु अँगाल्न पुगिन् भन्ने कुरा यस कथाले देखाएको छ । त्यसैले प्रत्येक यौवन अवस्था सुरू हुनलागेको यौवनाको साथै उनीहरूको अविभावकले पनि के कस्तो सर्तकता अपनाउनु पर्छ भन्ने कुरालाई देखाउन खोज्नु पनि यो कथाको अर्को उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.४.६ भाषाशैली

'पुनरावृत्ति' कथामा सरल भाषाशैलीको प्रयोग भएको छ । शब्दप्रयोगका हिसाबले तत्सम र आगन्तुक शब्दहरूकै बाहुल्यता रहेको देखिन्छ । वाक्य गठन ठिकै किसिमको छ । वर्णानात्मक अनुच्छेदका साथसाथै थोरै संवादात्मक अनुच्छेद पनि छन् । भाषा प्रयोगमा स्वाभाविकता ल्याउनका लागि केही ग्रामीण कथ्य भाषाको पनि प्रयोग गरिएको देखिन्छ । 'पुनरावृत्ती' कथाको संरचना पक्ष त्यति बलियो छैन । कथामा जे जस्ता घटनाहरू घट्छन् तिनमा स्वाभाविकता भन्दा नाटकीय पक्ष बढी देखिन्छ । यस हिसाबले हेर्दा 'पुनरावृत्ति'

कथाको भाषाशैली प्रयोगशील देखिनुका साथै कथालाई भाषिक खेलका रूपमा अभिव्यक्त गर्न खोजेजस्तो देखिन्छ । आफ्नो भुल कसरी वर्तमान समयमा उपस्थित भई अन्त्य भएको छ । म टोलाएको देख्दा सानीले लोहोटा बोकेको हात अझ म नजिक तेर्साउँदै ‘पानी’ भनी । झसङ्ग हुँदै लोहोटा समाउन खोजेँ मैले । तर हातबाट चिप्लिएर लोहोटा फ्यात्त भूइँमा खस्यो । लोहोटा खसेको आवाजसँग चोकिदार बुढोले एकचोटि हिक्क गर्स्यो र पुर्लुक्क ढल्यो एकातिर लोहोटाबाट पोखिएको पानीसँगै चौकिदारले पनि आफ्नो जीवनको गति नापिसकेको थियो (मधुश्री, २०७३ : ६५) । अन्त्यमा करुण दृष्यको चित्रण गरी कथालाई टुङ्ग्याइएको छ । कथामा विशेषतः आत्मालापी कथन र संवादको प्रयोग गरिए पनि सरल भाषा कै प्रयोग गरिएको छ ।

### ४.२.४.७ निष्कर्ष

यो कथामा म पात्रले जीवनको कुनै एउटा समयमा भोगेको भोगाइलाई फेरी त्यो ठाउँमा आएपछि आफूले गरेको भुललाई सम्झेको छ । उसले गरेको भुलले एक जनाको ज्यान गएको र एउटी टुहुरी जन्मेकी छ । यो कथाको अन्त्य खल्लो किसिमले भएको छ ।

### ४.२.५ ‘आइमाई’ कथाको अध्ययन

### ४.२.५.१ कथानक

‘आइमाई’ कथाको कथावस्तु समाजमा रहेका आइमाईहरू जो कुनै पेसामा संलग्न छैनन् । तिनीहरूले एउटा सानो कुरा पाएभने त्यसलाई कतिसम्म बढाएर समाजनै दुषित पार्ने कार्य गर्न सक्दछन् भन्ने कुरा यो कथामा देखाउन खोजिएको छ । यो कथामा हाम्रो समाजका मान्छेको सोचाइ कस्तो रहेको छ भन्ने तथ्यलाई उजागर गर्न खोजिएको छ । हाम्रो समाजमा व्याप्त तिललाई पहाड बनाउने प्रवृत्ति रहेको कुरालाई छर्लङ्ग पारिएको छ ।

कथामा रमेश अफिसबाट घर आइसकेपछि उसकी श्रीमती उषालाई पल्लो घरकी शोभा मोटरसाइकलमा गोदावरीतिर जाँदा बेहोस भएर बाइकबाट झरी भनेर बताए । रमेशकी श्रीमतीले यति के सुनेकी थिई पूर्ण कुरा नसुनीकनै अर्की साथी रमालाई सुनाउन गई पल्लो घरमा बस्ने शोभा त आज कसको हो कुन्नि मोटरसाइकलमै बेहोस भएर लडेकी अरे त (मधुश्री, २०७३ : ६६) । के चाहियो र त्यसपछि धारामा गएर रमाले मास्टर्नी

वकिल्नी आदिलाई पनि कुरा थपथाप पारेर सुनाउँदै गई, त्यस्तै वरिपरि भएका छर-छिमेकका सम्पूर्ण आइमाईहरू शान्ति, विना आदिलाई पनि सुनाइ, हुँदाहुँदै शोभालाई आइमाईहरूले भुँडी बोकेकी छ अरे समेत भन्न थाले । यसरी आइमाईले पाएभने कति सम्म गर्न सक्दा रहेछन् भन्ने नेपाली समाजको कु-संस्कारलाई यस कथाले विभिन्न पात्रहरू मार्फत देखाउन खोजेको छ ।

### ४.२.५.२ चरित्र चित्रण

यस कथामा मुख्य पात्र शोभा हुन् । सहायक पात्रहरूमा उषा तथा अरू गाउँका आइमाईहरू र रमेश गौण पात्रको रूपमा छ । यस कथामा आइमाईको द्वैध चरित्रलाई उजागर गर्न खोजिएको छ । एकातिर महिलाको तिललाई पहाड बनाउने प्रवृत्ति उषाको चरित्रमा देख्न सकिन्छ, भने शोभा जस्ति सहनशील र असल चरित्र भएकी नारीको पनि चित्रण गरिएको छ ।

यस कथामा रमेशलाई मद्दतगार असल चरित्र भएको पुरुषको पनि चित्रण गरिएको छ । गोदावरी जाँदा बाटोमा लडेर बेहोस भएको कुरा आफ्नी श्रीमतीलाई के मात्र भन्छन् । उषाले गाउँको आफ्नी छिमेकी रमालाई भन्छिन् कुरा बढाइचढाई गरेर । त्यस्तै रमाले वकिल्नी त्यसैगरी मास्टर्नी आदि सबैलाई थाहा हुन्छ हुँदा हुँदा यहाँ सम्मकी शोभालाई अर्काको पेट बोकेकी चरित्रहीनको आक्षेप लगाएर समाजबाट बहिष्कार गर्ने कुरागरी घर आँगनमा भेला गरी राख्छन् । यसरी कुरै नबुझी तिललाई पहाड बनाउने प्रवृत्तिलाई 'आइमाई' कथामार्फत प्रस्तुत गरिएको छ । यस कथामा समाजमा रहेका विभिन्न किसिमका महिलाहरूको बारेमा विभिन्न चरित्र मार्फत प्रस्तुत गरिएको छ ।

### ४.२.५.३ परिवेश

'आइमाई' कथा हाम्रै सहर काठमाडौँको विषयवस्तु कथा यसमा छ । जुन कथामा एउटी आइमाईले एउटा सानो कुरालाई बुझ्दै नबुझि कस्तो सम्म बनाउन सक्छन् भन्ने कुरा यस कथामा छ । हाम्रो समाजमा गृहणीहरू एक आपसमा कसैको कुरा गर्नुपर्‍यो भने के कति गर्न सक्छन् । तिललाई कसरी पहाड बनाउँछन् भन्ने कुरा यस कथामा छ । समाजमा महिलाले नै महिलालाई कसरी हिंसा गरिरहेको छन् भन्ने कुरा पनि यस कथामा छ । रमेश एउटा असल व्यक्ति हो भने उसकी श्रीमती उषा एक कुरौटे महिलाको रूपमा

रहेकी छन् । आफू कुनै कमाइ नगर्ने र लोग्नेको जागिरको भरमा समाजमा खुब मै हुँ भन्ने घमण्डी महिला पात्र हुन् उषा ।

यस कथामा श्रीमान् नभएकी महिलाले भोग्नुपर्ने पीडा र विभिन्न सामाजिक लान्छना भोग्नुपर्ने महिलाको रूपमा शोभा छिन् । त्यस्तै समाजका विभिन्न समाज भाँड्ने महिलाहरूको रूपमा रमा, मास्टर्नी, वकिल्नी, शान्ति, बिना, ललिता, उर्मिला, सरिता आदि महिलाहरू समाजमा लोग्नेको कमाइमा मै हुँ भन्ने र तिललाई पहाड बनाउने महिलाको रूपमा देखा परेका छन् । जो महिलाहरू विभिन्न करेसाबारी, पानीको लाइन आदि विभिन्न ठाउँमा बसेर एउटा कुरालाई पाए समाजभरिनै फिँजाउने महिला पात्रको रूपमा यस कथामा देखापरेका छन् । हाम्रो नेपाली समाजमा घरमा बस्ने महिलाहरूको सोचलाई कथामार्फत उजागर पारिएको छ । अहिलेको वर्तमान परिवेशलाई यस कथामा कथावस्तु बनाइएको छ ।

### ४.२.५.४ दृष्टिबिन्दु

आइमाई कथामा कथाकारले दृष्टिबिन्दुका मुख्य पात्रका रूपमा शोभालाई उभ्याएपछि मुख्य घटनाको सुरूवात रमेशबाट भएको छ । यो कथामा दृष्टिबिन्दुका रूपमा समाजमा रहेका विभिन्न चरित्रलाई उजागर गर्न उषा, रमा, मास्टर्नी, वकिल्नी, शान्ति, बिना आदि विभिन्न पात्रहरूलाई हाम्रो नेपाली समाजमा बसोबास गर्ने विभिन्न चरित्रात्मक हिसाबमा उभ्याएको पाइन्छ । यो कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने कतै कतै आन्तरिक दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ ।

कथाको ठाउँ ठाउँमा कतै कतै प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । कथामा एउटी विधवा आइमाई शोभा विरामी भएर अस्पताल जाँदा मोटरसाइकलबाट बाटोमा खसेकी थिइन् । यहि घटनालाई लिएर एउटी महिलाको चरित्र हत्या गर्न समेत पछि नपर्ने हाम्रा समाजमा आय आर्जनमा संलग्न नभएका दिनभरी घरमा बसेर श्रीमान्को पद र पैसाको आडमा समाजमा विभिन्न आफवाह फैलाउने आइमाईहरूको चरित्रको पर्दाफास गर्न खोजिएको छ । यसरी घरमा बस्ने आइमाईहरू धारामा होस् वा बाटोमा भेट्दा वा पसलमा सामान किन्न जाँदा होस् वा अरूको घरमा केही लिनेदिने निहुँले होस्, तिललाई पहाड बनाउँन पछि पर्दैनन् भन्ने कुरालाई घटनाक्रमद्वारा प्रस्तुत गरिएको छ । समाजमा यौवन अवस्थामा नै विधुवा हुने आइमाईलाई

बाँच्न कति कठिन हुन्छ भन्ने कुरा पनि देखाइएको छ । विभिन्न पात्र मार्फत् कतै कतै प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष सम्मिश्रण गरिएको आइमाईको चरित्रलाई पात्रहरूद्वारा न्याय गर्न खोजिएको भान हुन्छ । आइमाईहरूले पनि कुरै नबुझी समाजमा हल्ला फिजाएर हिँड्नु कतिको घातक हुन्छ भन्ने कुरा बुझ्नु जरुरी छ भन्ने देखाउन खोजिएको छ ।

### ४.२.५.५ उद्देश्य

यो कथामा काम नगरि घरमै बस्ने महिलाहरू एउटा सानो कुरालाई बढाएर कति सम्म बनाउँछन् र आइमाई नै आइमाईको शत्रु बन्छ र कसरी यस्ता आइमाईहरूले समाजलाई दुषित बनाउँछन् भन्ने देखाउनु यो कथाको उद्देश्य हो । त्यस्तै यथार्थ कुरा थाहा नपाई हल्लाको पछि दगुर्दा समाजको अगाडि मान्छे कसरी लज्जित हुन पुग्दछ भन्ने देखाउनु पनि यो कथाको अर्को उद्देश्य हो ।

समाजमा विधुवा आइमाईले भोग्ने पीडालाई देखाउन खोज्नु पनि यसको उद्देश्य हो । उमेर मै विधुवा भएकी महिलाले कसैसँग बोल्दा पनि विभिन्न लाग्छना खेप्नुपर्ने र किन महिला नै महिलाका शत्रु हुन्छन् भन्ने देखाउनु पनि यो कथाको अर्को उद्देश्य रहेको छ । समाजमा केही आय-आर्जन नगरी कुरा काट्दै हिँड्नै आइमाईहरू समाज विकृत बनाउन अहं भूमिका खेल्ने व्यक्तिहरू हुन् । उनीहरूसँग सचेत रहनुपर्छ भन्ने देखाउनु पनि यो कथाको उद्देश्य हो । उमेरमै विधुवा भएका आइमाईहरूलाई हाम्रो समाजमा जीवन जिउन धेरै गाह्रो छ । उनीहरूलाई समाजले धेरै कुरामा बन्देज लगाएको छ । यसरी महिलालाई मात्र किन यस्तो गर्छ, यो समाजले भनेर विधुवाका जीवनका पाटाहरूलाई उजागर गर्न खोज्नु पनि यो कथाको अर्को उद्देश्यको रूपमा रहेको छ । त्यस्तै समाजमा लोग्नेको नामबाट आफूलाई चिनाउने र मै हुँ भन्ने घमण्ड गर्ने आइमाईहरूले पनि विना सुजबुझ कुनै कार्य अथवा अरूको कुरा गर्न नहुनेप्रति सचेत गराउनु पनि यो कथाको उद्देश्य हो । कुनै पनि आइमाईहरूले आफू जस्तै अरू आइमाईहरू जो हाम्रै समाजमा बस्छन् । उनीहरूको सम्मान र इज्जत गर्न सकेमा मात्र आफूले सम्मान र इज्जत पाउन सकिन्छ भन्ने देखाउन खोज्नु पनि यो कथाको मुख्य उद्देश्य हो भन्न सकिन्छ ।

#### ४.२.५.६ भाषाशैली

'आइमाई' कथाको भाषा सरल छ । कथामा विशेषतः संवादको बढी प्रयोग र केही वर्णनात्मक शैलीमा छ । कथामा तत्सम् र आगन्तुक शब्दको प्रयोग बढी भएको देखिन्छ । वाक्यगठनका दृष्टिले कथामा ज्यादाजसो सरल वाक्यहरूकै प्रयोग भएको देखिन्छ । कथामा आत्मालाप र संवाद अत्यधिक रहेको हुनाले यसको भाषा कथ्यनिकट पनि रहेको छ । आइमाईहरूको पात्रहरू मार्फत विभिन्न चरित्रलाई देखाउन खोजिएको बुझिन्छ । नेपाली समाजमा आइमाईहरूले तिललाई पहाड बनाउँछन् भन्ने अभिव्यक्तिको चरितार्थ यो कथामा देख्न सकिन्छ । कथालाई भाषिक चमत्कार देखाई आलङ्कारिक बनाउनभन्दा पनि कथ्य विषयको सहज प्रस्तुति कसरी गर्ने भन्ने चासो कथाकारले लिएको देखिन्छ ।

आइमाईहरू बिना सुजबुझ बोल्ने र कुरालाई समाज भरी फैलाउने प्रवृत्तिले कुनै निर्दोश चरित्रको हत्या हुन्छ भन्ने नसोचेको देखाइएको छ । अन्त्यमा सत्यतथ्य थाहापाई आत्मग्लानि गरेर कथा टुङ्ग्याइएको छ ।

"शोभाले प्रश्नसूचक दृष्टिले रमेशलाई हेरि रही । रमेशले अन्य महिलातिर आँखा जुधायो सबै आइमाईका आँखा अपराधबोधले झुकिरहेका थिए" (मधुश्री, २०७३ : ७६) । समग्रमा यस हिसाबले हेर्दा आइमाई कथाको भाषाशैली प्रयोगशील देखिनुका साथै कथालाई भाषिक खेलका रूपमा अभिव्यक्त गर्न खोजे जस्तो देखिन्छ ।

#### ४.२.५.७ निष्कर्ष

यस कथाले घरमा बस्ने आइमाईहरूको चरित्रलाई उजागर गर्न खोजेको छ । हुनत सबै उस्तै हुँदैनन् । अधिकांश महिलाहरू कुरै नबुझी अरूलाई औंला उठाउन खोज्छन् । अरुलाई दोष थुपार्नु अगाडि सबै कुरा बुज्नु पर्छ भन्ने सन्देस यो कथाले दिन खोजेको छ ।

### ४.२.६ 'सिट नं. १२' कथाको अध्ययन

#### ४.२.६.१ कथानक

नेपाली समाजमा व्याप्त १२ अङ्कलाई अशुभ मानिने विषयलाई लिएर कथाकारले कथालाई उर्तान खोजेकी छन् । १२ अङ्कलाई जसो कसो गरेर भए पनि नफाप्दो रहेछ

भन्ने कुरालाई घुमाई घुमाई देखाउन खोजिएको छ । १२ अङ्क ले केही नभएता पनि कुनै न कुनै किसिमले यसलाई नफाप्ने रूपमा  हाम्रो समाजमा हेरिएको देखाइएको छ ।

यस कथामा म पात्रले काठमाडौँबाट विराटनगरको यात्रा गर्दा उनका आमाले १२ नं सिटमा नबस्नु भनेको र अन्त्यमा उनी सिट नं १२ मा बस्न पुगेको कथा प्रसंगलाई उतारिएको छ । जस्तै : "ऊ गइसकेपछि हेरेँ, मलाई मेरै आत्मीय जनसँगको बिछोडको अनुभूति भयो ।  बिचरा ! रातको दुई बजे सुनसान सडकमा कहाँ जान्छ होला ? उसँग त्यत्रो पैसा छ कतै कसैले केही गरे भने...? मलाई ऊ प्रति सहानुभूति भयो । मैले अनुभव गरेँ...। वास्तवमा नै १२ नं. को सिट नै नफाप्दो रहेछ" (मधुश्री, २०७३ : ९४) । गन्तव्यमा पुगेर गाडी रोकियो मैले प्यारो १२ नं को सिटलाई मन नलागी नलागी छोडें, जसरी मैले काठमाडौँ, थानकोट, नारायणघाट, हेटौंडालगायत बाइस घण्टाको सहयात्रीलाई छोडेकी थिएँ । यसरी सामाजिक विषय रहेको यस कथाको समापन भने अज्ञातबाट ज्ञातमा पुगी भएको देखिन्छ ।

### ४.२.६.२ चरित्र चित्रण

यस कथामा समाजमा व्याप्त १२ अङ्क अशुभ मानिने परिपाटीलाई शुभ र अशुभ बिचको द्वन्द्वमानै कथा अघि बढेको देखिन्छ । यस कथामा म पात्र र आमाको पात्रको चरित्र मार्फत कथालाई अघि बढाएको र पछि यात्राको सिलसिलासँगै आएर बस्ने सहयात्री मार्फत नै घटना अघि बढेको छ । आमाले १२ नं को सिटमा नबस्नु भनेर पहिले नै भनेको कारणले म पात्रलाई पनि कता कता डरको सृजना भएको देखिन्छ । यसमा आमाको चरित्र रुढिवाढि देखिन्छ । त्यस्तो म पात्रलाई पनि आमाले भनेको कुराले डर लागेको र त्यो १२ नं शुभ छ कि छैन भनेर तुलना गरेर यात्रा गरेको देखिन्छ । सिट नं. १२ मा पात्रहरू १२ नं. लाई अशुभको दृष्टिले हेरेको र उनीहरूको चरित्र पनि एकरूपता छैन ।

### ४.२.६.३ परिवेश

यो कथामा काठमाडौँबाट विराटनगर जाने र त्यस बिचमा पर्ने विभिन्न किसिमका वातावरणीय परिवेशको सेरोफेरोमा यो कथाको घटनाहरू छन् । यस कथामा समाजमा व्याप्त रहेका अन्धविश्वासलाई उजागर गर्न खोजिएको छ । हाम्रो नेपाली समाजमा  १२ नम्बरलाई शुभ मानिँदैन । यो कथा पनि बसको यात्रा गर्दा रहेको सिट नं. १२ को

विषयलाई लिएर रहेको मनसिकतामा आधारित कथा हो । कथाकारले कुनै पनि नम्बर वास्तवमा अशुभ हुँदैन भन्ने कुरा यस कथामा देखाउन खोजेकी छिन् । यो कथामा म पात्र कामको सिलसिलामा काठमाडौँबाट विराटनगर जाँदैछिन् । उनको मनमा पनि सिट नं. १२ मा नबस्ने मानसिकता छ । घर परिवारले पनि १२ नम्बर सिटमा नबस्नु भनेको कुरा सम्झँदै बस चढ्छिन् । अन्त्यमा विभिन्न घटनाक्रमले गर्दा म पात्र सिट नं. १२ मै बस्न पुग्छिन् । मनमा अनेक तर्कना गर्दै हुन्छिन् र उनको मानसिकतामा पनि परिवर्तन आउँछ । यसरी यात्रामा रहँदाका विभिन्न परिवेशको चित्रण यो कथामा पाइन्छ । यो कथा काठमाडौँ देखि विराटनगर यात्राको सेरोफेरोमा रहेर निर्माण गरिएको छ । त्यसैले यसमा विभिन्न परिवेशको बारेमा जानकारी पाउन सकिन्छ ।

### ४.२.६.४ दृष्टिबिन्दु

यो कथामा म पात्रद्वारा काठमाडौँबाट विराटनगर यात्रा गर्ने क्रममा घटेका घटनाहरूलाई समेटेर तयार पारिएको छ । यसरी यात्रा गर्ने क्रममा नेपाली समाजमा भएको  अन्धविश्वास बोकेका घरपरिवारले सिट नं. १२ मा नबस्न आग्रह गरेसँगै घटनाक्रम अघि बढेको छ । नेपाली समाजमा रुढिवादी मानसिकता व्याप्त छ । यो कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोगबाट कथा अघि बढेको छ भने कथाको दोस्रो अनुच्छेदबाट तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ ।

यो कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने कथाको दोस्रो भागमा बाह्य दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ । कथामा म पात्र नै मुख्य पात्रको रूपमा आएकी छिन् भने अरू पाहुनाका रूपमा आएका छन् । १२ नम्बर अशुभ हुन्छ भन्ने भनाइबाट कता कता म पात्रलाई मनमा डर पैदा भएको छ । अन्त्यमा डर लागेपनि नंबर कुनै शुभ अशुभ हुँदैन  भन्ने कुराको ज्ञानपनि पाउन सफल भएको देखाइएको छ ।

कथामा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोगलाई सम्मिश्रण गरिएको छ । यसरी हेर्दा कथामा कथाकारले नेपाली सामाजिक मानसिक परिस्थितिलाई प्रयोग गरेर सत्यतथ्य के हो भन्ने ज्ञात गराउन खोजेकी छन् ।नेपाली सामाजिक अन्धविश्वसलाई कथाकारले म पात्रको सहायताको प्रस्ट्याउन सफल भएका छन् । यो कथामा म पात्रको संवेगात्मक स्थितिको मूल्याङ्कन समेत गरिएको पाइन्छ । दृष्टिबिन्दुका हिसाबले यो कथा

ठिक ठाक नै देखिन्छ । सामाजिक सङ्किर्ण सोचाई आदिमा रुमलिएको नेपाली समाजको यथार्थलाई खोताल्ने जर्मको यो कथाले गरेको छ ।

### ४.२.६.५ उद्देश्य

यो कथाको मुख्य उद्देश्यकोको रूपमा समाजमा व्याप्त अन्धविश्वास र रूढिवाढी परम्परा हो, यसको सत्यतथ्य पस्कन खोज्नु नै यो कथाको मुख्य उद्देश्य रहेको छ । हाम्रो समाजमा १२ नम्बरलाई अशुभ मान्ने परम्परा व्याप्त छ । सबै नम्वरको आफ्नै महत्त्व छ । कुनैपनि नम्बर शुभ अशुभ हुँदैन भन्ने देखाउन खोज्नु पनि यो कथाको अर्को उद्देश्य हो ।

समाजमा परम्परादेखि सुन्दै आएको कुरालाई कसैले पनि चटक्कै त्याग्न सक्दैन मनमा जे जस्तो भएपछि केही न केही त त्रास रहन्छ । त्यही त्रासलाई सत्यतथ्य पत्ता लगाउनु पनि यो कथाको अर्को उद्देश्य हो । कुनैपनि नवर अशुभ हुँदैन, त्यो मान्छेको सोचाइमा भर पर्ने कुरा हो । यस्ता कुरालाई हामी त्याग्दै नयाँ सोचाई लिएर अग्बिढ्नु नै जीवनको सत्य हो भनेर देखाउनु पनि यो कथाको अर्को उद्देश्य हो । यात्रा गर्दा १२ नं. को सिटमा बस्नु हुँदैन भन्ने मानसिकतालाई उजागर गर्नु पन यसको उद्देश्य रहेको छ । नेपाली सामाजिक र भौगोलिक परिवेशले गर्दा पनि यस्ता मानसिकता हाम्रो समाजमा व्याप्त रहेका छन् । कोही न कोहीले त १२ अङ्कलाई पनि अवश्य अँगाल्नु पर्छ । अरू अङ्क जस्तै १२ पनि एक हो अरू बसका सिट जस्तै १२ अङ्कको सिट पनि उस्तै छष । त्यसैले हामीसँग भएका अङ्कहरू कुनै शुभ कुनै अशुभ भन्ने हुँदैन । हाम्रो शरीरका सबै अंगको उत्तिकै महत्त्व भए जस्तै सबै अङ्कहरूको पनि आ-आफ्नो ठाउँ उत्तिकै महत्त्व रहेको छ र यस्ता अन्धविश्वासलाई पाल्नु हुँदैन भनेर प्रस्ट्याउन खोज्नु नै यो कथाको मुख्य उद्देश्य हो भनेर भन्न सकिन्छ ।

### ४.२.६.६ भाषाशैली

'सिट नं. १२' कथाको भाषाशैली सरल छ । कथामा विषय सुहाउँदो यात्राको वर्णन पाइन्छ । कथामा विषयवस्तु सुहाउँदा पद र पदावलीका साथै बोलीचालीका शब्दहरूको प्रयोग भएको पाइन्छ । कथामा तत्सम र आगन्तुक शब्दहरूकै प्राचुर्य पाइन्छ । कथालाई यथार्थको नजिक बनाउनका लागि स्वगतकथनका साथसाथै संवादात्मक ढाँचाको प्रयोग

गरिएको छ । कथामा यात्रासँग सम्बन्धित शब्दहरूको पनि प्रयोग गरिएको छ । कथाका अधिकांश वाक्यहरू सरल संरचनामा निर्मित बनेका छन् ।

'सिट नं. १२' कथामा प्रस्तुतिको शैली अत्मालापी ढाँचा र संवादात्मक ढाँचामा गरिएको पाइन्छ । म पात्रले यात्रा गर्दा सिट नं. १२ मा चाहिँ नबस्नु है भनेको र अन्त्यमा म पात्र त्यहि सिटमा बस्न पुगेको यात्राको रोचक पक्ष पनि यो कथामा छ । नेपाली समाजको रुडिबाढी सोचलाई कथाकार शल्यक्रिया गर्न सफल भएकी छन् यो कथा मार्फत कथाको अन्त्य यसरी गरिएको छ । "गन्तव्यमा पुगेर गाडी रोकियो मैले आफ्नो प्यारो १२ नम्बरको सिटलाई त्यसै गरी मन नलागी नलागी छोडेँ, जसरी मैले काठमाडौं, थानकोट, कृष्णभिर, त्रिशूली, नारायणघाट, हेटौँडा लगायत बाइस घण्टाको सहयात्रीलाई छोडेकी थिएँ" (मधुश्री, २०७३ : ९४) । यो कथामा भाषाको हिसाबले हेर्दा सरल भाषाको बढी प्रयोग छ भने मिश्रित र संयुक्त वाक्यहरूको पनि प्रयोग गरेको पाइन्छ । सरसरर्ती हेर्दा भाषाका दृष्टिकोणले कथा सरल नै लाग्छ ।

#### ४.२.६.७ निष्कर्ष

यो कथा नेपाली सामाजिक परिवेशमा आधारित छ । नेपाली जन-मानिसमा प्रचलित शुभ अशुभ नम्बरलाई आधारित मानेर लेखिएको कथा यसमा छ । कुनै पनि नम्बर शुभ वा अशुभ हुँदैनन् भन्ने कुरालाई सिट नं. १२ कथामा देखाइएको छ ।

### ४.२.७ 'मम्मी मलाई किन छोड्नु भाको?' कथाको अध्ययन

#### ४.२.७.१ कथानक

'मम्मी ! मलाई किन छोड्नु भाको?' यस कथाको कथावस्तु एउटा विवश आमाको माया ममता र नेपाली समाजमा महिलाले झेल्नु परेका मार्मिक विषयलाई कथावस्तु बनाइएको छ । अविवाहित महिलाबाट सन्तान जन्मिएमा समाजमा पर्ने नकरात्मक असर अविवाहित आमाले भोग्नुपर्ने समस्या र त्यसको असरले कस्तो अवस्थाको सिर्जना हुन्छ भन्ने कटु सत्यलाई उजागर पार्न खोजिएको छ । आफ्नो सन्तानको मृत्यु पछिको आमाको मानसिक अवस्थालाई पनि राम्ररी चित्रण गर्न खोजिएको छ । यस कथामा मुख्य गरी निरु, मुना, राजन र उनको छोरीको बारेमा कथा अघि बढेको देखिन्छ । प्रेममा धोका दिएर जाने

राजन एउटा स्वार्थी लोग्नेमान्छेको रूपमा देखिएका छन् । उनी प्रेमलाई तराजुमा जोखेर हेर्ने व्यक्तिको रूपमा देखिएका छन् । निरु प्रेमप्रति समर्पित देखिएकि छिन् ।

राजनले मलाई लत्याएर गए पनि मेरो मनको साम्राज्यमा उनैको ढलीमली थियो । "मैले चाहेर पनि निकाल्न सकेकी थिइनँ, उनी बेइमान भए पनि म उनको झूटो प्रेमलाई नै सत्य ठानेर भ्रमभित्र बाँचिरहेकी थिएँ । मुना ! म पनि मान्छे हुँ, त्यो पनि आइमाई मान्छे । रहर त मलाई पनि लाग्थ्यो । लोग्नेको सानो घरको छोराछोरीको आफ्नो छुट्टै परिवारको । म पनि उमेरदार थिएँ । मस्त यौवन थियो । कहिलेकाहीँ मलाई पनि एकप्रकारको शारीरिक आवश्यकताको महसुस हुन्थ्यो" (मधुश्री, २०७३ : १०३) । यसप्रकार यस कथामा यौन सन्तुष्टिको चर्चा पनि गरिएको पाइन्छ । एउटी अविवाहित माहिलाले सन्तान जन्माउने साहस गरेकी कुरालाई पनि वास्तविक तरिकाले वर्णन गरिएको पाइन्छ र अन्तमा एउटी विना बाउकी छोरीले बाबु र आमा दुवैलाई प्राप्त गर्न सफल भएको कथालाई नाटकीय रूपले कथामा समावेश गरिएको छ ।

## ४.२.७.२ चरित्र चित्रण

यस कथामा मुख्य रूपमा निरु सहायक पात्रको रूपा मुना, राजन र छोरी र अरू सबै गौण पात्रका रूपमा छन् । छोरीको विषयवस्तुलाई मुख्य चित्रण गरिएको छ । यस कथामा निरुको समर्पित देखाएकी छन् भने अर्कोतिर परम्परागत सामाजिक बन्धनलाई तोडेर कुमारी आमा बनेकी छिन् । जसले गर्दा समाजका अनेकन लाञ्छनालाई सामना गर्न असमर्थ भएकी छन् । त्यस्तै मुना यस कथामा एक आर्दश पत्नीको रूपमा देखिएकी छन् । राजन यस कथामा एउटा डरछेरुवा र स्वार्थी लोग्नेमान्छेको चरित्रमा देखा परेको छ । छोरी एक अवोध बालकको चरित्रमा रहेकी छन् । यस कथाको निरु प्रेममा पागल र समर्पित भएकी छन् भने मुना पनि भर्खर आफ्नो छोरीको वियोग सहेकी, एक आर्दश पत्निको रूपमा छिन् । यसरी यो कथा नाटकीय ढङ्गले अन्त्य भएको देखिन्छ

## ४.२.७.३ परिवेश

यो कथाको परिवेश कुनै सहरको होला भन्ने भान हुन्छ । ठ्याक्कै कुनै पनि ठाउँको नाम तोकिएको छैन । यो कथा सहरिया परिवेशमा भएको भान हुन्छ, विभिन्न घटनाक्रमलाई हेर्दा, त्यसैले यो कथा सहरिया परिवेशकै हो । यो कथामा महिलाको लागि

प्रेम त्याग र आमा बन्नु कत्तिको महत्त्वपूर्ण छ भन्ने कुरा दर्शाइएको छ । यो कथामा निरु पात्रले आफ्नो प्रेमी राजनप्रति आफ्नो प्रेमलाई समर्पण गरेकी छन् ।

यो कथामा एउटी नारीले सच्चा प्रेमलाई कसरी समर्पण गरेकी छन् भन्ने देखाइएको छ ।विभिन्न पारिवारिक कारणले उनीहरूको विवाह हुन सकेन । पछि निरुसँग भेट भएपछि निरुले आफ्नो प्रेमीलाई विभिन्न कारणले आफ्नो बनाई छोरी पाउँछिन् यो कथामा प्रेम र त्यागको समिश्रण पाइन्छ ।

### ४.२.७.४ दृष्टिबिन्दु

यो कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग बढी गरिएको छ । यो कथाको सुरूवातनै तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोगबाट गरिएको छ । यो कथा प्रेम, सर्मपण कै वरिपरि घुमेको छ । यो कथामा सन्तान विछोडको पीडा मिलनको खुशी आदि सम्पूर्ण मानवीय गुणको सम्मिश्रण पाइन्छ । कथामा मुना, निरु, राजन, छोरी आदि पात्र दृष्टिबिन्दुको रूपमा आएका छन् ।

कथाको सुरूवात नै विछोडको घटनाद्वारा गरिएको छ । त्यस्तै प्रेमकोलागि गरेको त्याग सर्मपण आदि देखाइएको छ । कथामा ठाउँ ठाउँमा विभिन्न प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गर्नुको साथै पात्रहरूको उपस्थिति पनि गराईएको छ । कथामा निरुले प्रेमप्रति गरेको माया र सर्मपणलाई देखाइएको छ । अर्कोतिर मुनाको सन्तान प्रतिको आशक्तिलाई पनि देखाइएको छ । त्यस्तै बच्चाको अवोधपनालाई पनि दर्शाइएको छ । आफ्नो आमाले सन्तानलाई छोड्दा जति पीडा हुन्छ, त्यस्तै सन्तानलाई पनि आमा बाबाको विछोडले पीडा दिन्छ भन्ने कुरा पनि देखाइएको छ ।कथा नाटकीय लाग्ने किसिमको छ । यो कथामा सम्पूर्ण पात्र तथा घटनालाई नाटकीय रूपमा प्रस्तुत गरिएको छ । यो कथा परिधीय दृष्टिबिन्दुमा घुमेको छ । कथामा प्रेम र सर्मपण मात्रै छैन, धोका, छल पनि नगण्य मात्रामा पाइन्छ । दृष्टिबिन्दुका हिसाबले पनि कथा ठिकठाक नै तर नाटकीय देखिएको छ ।

### ४.२.७.५ उद्देश्य

यो कथाले प्रेम भावलाई व्यक्त गरेको छ । प्रेम भन्नाले एक किसिमको त्याग पनि हो । त्यसमा स्वार्थ लुकेको हुँदैन । साँचो प्रेममा पनि कहीँ कतै स्वार्थ त हुन्छ नै मानवीय

जीवनमा भन्ने कुरा दर्शाउनु पनि यो कथाको उद्देश्य हो । त्यस्तै विवाहित महिला र अविवाहित महिलाले गर्ने प्रेमलाई पनि उजागर गर्न खोज्नु यो कथाको अर्को उद्देश्य हो ।

कुनै महिलाले प्रेमप्रति गरिने समर्पण, सन्तानको प्राप्ति सन्तानलाई गर्ने माया आदि सम्पूर्ण कुराको मिश्रण नै मानवीय गुण हो । यस्ता गुणबाट कोही पनि व्यक्ति अछुतो रहन सक्दैन भन्ने मानवीय संवेदनालाई सबैको सामु उजागर गर्नु पनि यो कथाको अर्को उद्देश्य हो । त्यस्तै हाम्रो नेपाली समाजमा बाबु विनाको सन्तानलाई पाल्न विभिन्न चुनौतीहरूसँग सामना गर्नुपर्छ । त्यस्ता चुनौतीलाई एउटी महिलाले आफ्नो जीवन पर्यन्त गर्नुपर्ने हुन्छ । अझ अविवाहित महिलाको हकमा समाजमा आफ्नो अस्तित्व जोगाउन झन् मुश्किल पर्छ भन्ने यथार्थ कुरा सबैको सामु प्रस्ट्याउनु पनि अर्को उद्देश्य रहेको छ । सन्तानको प्राप्ति, सन्तानविनाको महिलाको जीवनकति दुःखदायी र निरस बन्न पुग्छ र सन्तान प्राप्त गर्न महिलाले के कस्ता उपायहरू अपनाउँछन् भन्ने देखाइएको छ । सन्तान प्राप्त गर्न पाउनु महिलाको अधिकार हो । त्यस्तै प्रेम पनि जबरजस्ती प्राप्त गर्न सकिँदैन भन्ने कुरा देखाउनु पनि यो कथाको अर्को उद्देश्य हो । त्यस्तै सबै मानवजातिको लागि प्रेम अपरिहार्य वस्तु हो जो विना संसारको सृष्टि असंभव छ, आमा बन्नु नारीको सौभाग्य हो भन्ने देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.७.६ भाषाशैली

आगन्तुक शब्दहरूको प्रयोग हुनाका साथै बुझ्नमा कहीँ कतै पनि पाठकलाई कठिनाइ अनुभव नहुने भएकाले 'मम्मी मलाई किन छोड्नु भको?' कथाको भाषा सरल प्रकारको नै देखिन्छ । वाक्यहरू सरल खालका नै छन् भने अनुच्छेद योजना पनि सन्तुलित देखा पर्छ । कथामा वर्णनात्मक, एकालापीय र संवादत्मक शैलीको प्रयोग पाइन्छ । मुनाले आफ्नो अगाडि आफ्नो जस्तै छोरी मम्मी भन्दै उभिएको देखेर हेरेकोहेऱ्यै हुन्छिन् । कथाको भाषाशैली त्यति धैरै परिष्कृत र उच्च तहको नदेखिए पनि यसले तदनुकूलको समाजलाई चित्रण गर्न सकेको नै छ ।

कथाको सुरूवातमा छोरीको विछोडमा आएको कारुणिक व्यथा कथाको अन्त्यमा मिलनको अवस्थामा अन्तिम अनुच्छेद आएको देखिन्छ । यस हिसाबले हेर्दा यस कथामा कथाकारले वर्तमानबाट विगतको यात्रा गर्दै पाठकलाई वर्तमानमै फर्काएर कथाको समापन गर्ने शैलीको उपयोग गरेको देखिन्छ । कथाको सुरूमा आएको संवाद र कथाको अन्त्यमा

आएको संवादमा क्रमबद्धता देखिन्छ । कथाको अन्त्यमा छोरीलाई अङ्कमाल गरेर मेरी छोरी भन्दै अँगालेको देखाएर कथालाई मातृत्व भावलाई फराकिलो पारेको देखिन्छ ।

### ४.२.७.७ निष्कर्ष

यो कथा एक किसिमको नाटकीय शैलीमा छ । कुनै पनि महिलाको चाहना,आवश्यकता पनि देखाइएको छ ।सन्तानको महत्त्वलाई पनि कथामा देखाइएको छ । कथा पढ्दा मार्मिक लाग्छ भने यसमा कथामा सामाजिक विषयवस्तुलाई यर्थाथपरक ढङ्गले उतारिएको छ ।

## ४.२.८ 'मासुको तिर्सना' कथाको अध्ययन

### ४.२.८.१ कथानक

'मासुको तिर्सना' कथाको कथावस्तुमा चरम गरिबीलाई यथार्थ चित्रण गरिएको छ । साहुले आफ्ना कामदारलाई गर्ने व्यवहार र मिठो मसिनो खान जतिनै मिहिनेत गरेपनि नसक्ने कटु यथार्थलाई यस कथामा उतार्न खोजिएको छ । यस कथामा कालेले एक टुक्रो मासुको तिर्सना मेट्न कतिसम्म गर्नसक्छ भन्ने कुरा  देखाउन खोजिएको छ ।

गरिबीले मान्छेलाई कतिसम्म विवश बनाउँछ भन्ने कुरा यस कथामा देखाउन खोजिएको छ । दिउँसो कार्की गाउँको माइला कार्कीको छोरो "घरमा खसी काट्ने अरे, मासु खाने भए लिन आउनु अरे भन्ने बाले पठाको" भन्दै साहूलाई बोलाउन आयो । भित्र पसेर साहुनीसँग सल्लाह गरेर एकछिनपछि मासु लिन लागे कार्की गाउँतिर ।

काले आँगनमा दाउरा चिरिरहेको थियो । मासुको नाम सुन्ने बित्तिकै कालेको मुखमा सरर्रर पानी आयो । हुन पनि दसैंपछि उसले मासु देखेकै थिएन । मुखमा भरिएको पानीलाई घुटुक्कै निल्दै उसले सोच्यो - "ओहो ! आज साहूकैमा बस्न पाए त धानको भात र मासु खान पाइन्थ्यो नि । मुख पनि फेरिन्थ्यो । तर के उपाय गरेर पो बस्नु लौ त?" भित्री मनले कालेले साहूकैमा बस्ने अठोट गऱ्यो । त्यसैले ढिलो ढिलो गर्दै उसले साँझसम्म लगाएर दाउरा चिरिरह्यो ।

दाउरा चिर्न अझै सकिएको थिएन । उता साहू पनि मासु लिएर आए । दाउरा चिर्न अझ बाँकी देखेर उनले कालेलाई हप्काउँदै भने -"के हो काले अझै सकिनस् साँझ पर्न

आँट्यो त ?"। "खै मालिक ! दिनभरि टुसुक्क नबसिकन चिरिरहेको छु तर अझै सकिएको छैन । बरु आज यहीँ बसेर भोलि ब्यानभरिमा सकिदिन्छु है मालिक ?" कालेले धनुषटङ्कार गरेर दस औँला जोड्यो (मधुश्री, २०७३ : ११९) । धन्न ! साहूले कालेको कुटनीति बुझेनन् । आफूले अह्राएको काममा कालेको बफादारिता देखाएको ठानेर हुन्छ भन्ने सङ्केत थिए । आफ्नो भित्री योजना सफल भएकोमा कालेले मनमनै ईश्वरलाई धन्यवाद दियो । यसरी यस कथामा कालेले एक टुक्रो मासुको तिर्सना मेट्नलाई गरेको सङ्घर्षलाई राम्ररी चित्रण गरिएको छ ।

## ४.२.८.२ चरित्र चित्रण

यस कथामा चरम गरिवीको चपेटामा रहेका निम्न वर्गिय परिवारको र उच्च वर्गिय परिवार बिचको अन्तरलाई चित्रण गरिएको छ । यस कथामा काले गाउँको जमिदारकोमा काम गरेर खाने व्यक्तिको रूपमा चित्रित छ । यस कथामा साहु साहुनीलाई कठोर र दुष्ट व्यक्तिको रूपमा चित्रण गरिएको छ ।

एकटुक्रो मासु खान पाउने आसमा कालेले आफ्नो घरमा रात नविताई मालिक कै घरमा बस्छ । राति एकटुक्रो मासु खान पाइएलाकि भनी मनमनै अनेक तर्क-वितर्क गर्दै रात छर्लङ्गै बितेको पत्तो नपाएको देखाइएको छ । यस कथामा उसकी साहुनी ज्यादै निष्ठुर महिलाको रूपमा देखा परेकी छन् । उसले आफ्नो घरको पिँढीमा सुतेको कालेलाई एक टुक्रो मासु समेत नदिइ आफूमात्रै खान्छन् । घरमा आउने कुकुरलाई त एक गाँस खान दिन्छन् तर ती साहुनीले कालेलाई मासुको एकटुक्रो पनि दिन्नन् । त्यसैले उनीहरू गरिवको पसिना चुस्न पल्केका साहुको रूपमा चित्रण गरिएका छन् ।

## ४.२.८.३ परिवेश

यो कथा गाउँले परिवेशमा आधारित कथा हो । गाउँमा बसोबास गर्ने निम्न वर्गिय व्यक्तिको यथार्थ चरित्रलाई यो कथामा उर्तान खोजिएको छ । गाउँमा बस्ने ठुला ठुला भनौदाहरूले गरिब निमुखा जनताको पसिना कसरी शोषण गरिरहेका छन् भन्ने कुरालाई कथावस्तु बनाइएको छ । गाउँमा बस्ने गरिब निमुख जनताले एकछाक मिठो खान र राम्रो लाउन समेत नपाउने एकछाक मासु खाने तिर्सना मेट्न कालेले कति कोसिश गर्दा पनि नसकेको र साहु भनेका शोषक वर्गनै हुन् भन्ने तितो यथार्थ पनि यो कथामा पाइन्छ ।

कथा पढ्दा गाउँको परिवेश बुझ्दा कथा अलि समयअगाडिकै हो भन्ने भान पर्छ । अहिलेसम्म पनि गाउँमा ठूलाठालुले सोझासाझा जनतालाई कुनै न कुनै रूपमा शोषण गरिरहेको कुरा पनि यो कथामा देख्न सकिन्छ । एउटा गरिबले मासु खाने तिर्सना मेट्नको लागि के कस्ता कार्यहरू गर्दछ तर पनि उसले आफ्नो तिर्सना मेट्न नसकेको कथा यसमा छ । काले एक गरिब व्यक्ति हो ऊ साहुले अह्राएको काम गर्ने गर्छ । गजेन्द्र साहुकोमा दाउरा चिर्न जाँदा मासु पकाउने थाहा पाएर रातपनि त्यहि बस्ने निर्णय गर्छ तर एक चोक्टा मासु पनि खान पाउँदैन । रातभरि निद्रा पर्दैन मासु दिन्छन् कि भन्ने आशमा तर निर्दयी साहुनीले ढोका लगाएर मासु खान्छन् । उसलाई एक टुक्रापनि दिँदैनन् । यसरी त्यस्तो निष्ठुरी व्यवहार देखाएपछि उसले पनि बुझ्छ कसरी ठुलाठालुले सोझासाझाको शोषण गरेर आफू बाँचेका छन् भन्ने कुरा । यो कथा वास्तवमै गाउँले परिवेशमा लेखिएको कथा हो, यस कथाको सम्पूर्ण सेरोफेरो गाउँकै वरिपरी घुमेको छ ।

### ४.२.८.४ दृष्टिबिन्दु

यो कथा गाउँले परिवेशको कथा हो । यो कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथाको मुख्यपात्र काले भए पनि अरू विभिन्न उपपात्रहरूद्वारा घटनाहरू अगि बढेको देखिन्छ । कथाको सुरूवात कालेकी स्वास्नी सुन्तलीको कथाबाट भएको छ । कथामा गजेन्द्र उसकी श्रीमती साहुनी र कालेकी श्रीमती सुन्तली छन् । सुन्तली गौण पात्रका रूपमा देखा परेका छन् ।

कथामा प्रथम दृष्टिबिन्दुको प्रयोग गरिएको छ । गरिबले एकछाक मासुको तिर्सना मेट्नको लागि गरेको कोशिश र साहुले आफ्नो मानवीय गुणलाई समेत नदेखाई आफू र आफ्नो परिवारले ढोका लगाएर खान्छन् । यी गरिबमारा कतिसम्म निष्ठुरी हुन सक्दा रहेछन् । आफू सबैजना खाएर घरमा आफ्नो सेवा गर्नेलाई नदिई कसरी रुच्यो होला भन्ने भावना पनि नभएका मान्छेहरू भन्ने तर्क गरिएको छ । यसरी गाउँमा बस्ने ठुलाठालुले गरिब निमुखालाई कसरी निर्चदा रहेछन् भन्ने कुरा प्रस्तुत गरिएको छ । कथाको मुख्य दृष्टिबिन्दु कालेको मनमा खेलेका कुराहरू नै घटनाक्रममा देखिएका छन् । गाउँमा ठुलाठालु बन्नलाई गरिबलाई मार्नु नै पर्ने, कति दया नभएकाहरू यस्ता स्वार्थी पनि दया नभएका भनेर कालेले सोचेको कुरालाई पनि प्रस्तुत गरिएको छ । घटना र पात्रको प्रस्तुतिकरण मिल्दोजुल्दो नै देखिन्छ । यो कथामा तृतीय दृष्टिबिन्दुको प्रयोग गरिएको छैन ।

कथाको अन्त्यमा काले साहुप्रतिको सोचाईमा समेत परिवर्तन गरी मानव भन्न नसुहाउने संज्ञा दिँदै घरतिर लागेबाट कथाको अन्त्य गरिएको छ । कथाको दृष्टिबिन्दु पात्रमा आएको चेतनाबाट नै कथाको अन्त्य गरिएको छ ।

### ४.२.८.५ उद्देश्य

यो कथाको उद्देश्य समाजका ठुला ठालुको कसरी सोझासाझा गाउँलेको पसिनालाई कौडीको भरमा लुटिरहेका छन् भन्ने देखाउन खोज्नु हो । त्यस्तै समाजमा आधाभन्दा बढी भाग ओगटेका निम्न वर्गीय नागरिकले एकपेट राम्ररी खान पनि एउटा तिर्सना नै भएको छ भन्ने देखाउन खोज्नु अर्को उद्देश्य हो ।

समाजमा बस्ने धनीवर्गले सदियौँ देखि नै थिचोमिचो गरी नै रहेका छन् । एउटा मानिसले आफू जस्तै अर्कोलाई हेराई हेराई खानु एउटा असभ्य मानिसको परिचय हो भनेर पनि देखाउन खोज्नु यो कथाको अर्को उद्देश्य हो । जहाँ गरिव उहाँ हरिप भने जस्तै गरिबलाई एकछाक मिठो खान पाउनु पनि आकाशको फल आँखा तानी मर भने झैँ भएको कुरालाई देखाउन खोजिएको छ । सधैँ साहुको चाकडी गर्दै जीवन बिताएपनि एक छाक मिठो खान र एक झुम्रो लगाउन सधैँ धौ धौ पर्ने हाम्रो नेपाली समाजको चरित्र देखाउनु पनि यसको अर्को उद्देश्य हो । त्यस्तै मानिसले वर्ग विभाजन गरी जुन कार्य गर्छ र व्यवहार गर्छ, त्यो ज्यादै अमानवीय कार्य हो । गरिबको पसिनाबाट नै उनीहरू साहु महाजन भएका हुन् । उनीहरू नभए कसरी साहु महाजन बन्न सक्छन्, यो कुरा पनि खोतल्ने उद्देश्य पनि हो, यो कथाको । एउटा गरिबले एकछाक मिठो खान कति कुरालाई त्याग्दै मिठो खान पाउने आसमा खुसामत गर्न जान्छ तर पनि उनीहरूले ढोका लगाएर आफूमात्र खान्छन् । यस्तो अमानवीय कार्य गर्नु के मानवीय गुण हो र भन्ने कुरा देखाउन खोज्नु पनि यो कथाको अर्को उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.८.६ भाषाशैली

'मासुको तिर्सना' कथाको भाषा सरल र सहज बोलि चालिको भाषा नै छ । कथाको सुरूमा लोग्नेस्वास्नीका बिचमा भएका तर्कवितर्कबाट कथाको सुरूवात गरिएको छ । श्रीमान्ले श्रीमतीलाई सम्बोधन अनादर तथा श्रीमतीले श्रीमान्लाई सम्बोधन मध्यम आदरमा गरिएको पाइन्छ । कथाको प्रस्तुति शैली खासमा संवादात्मक ढाँचाकै देखिन्छ ।

कथामा पछिल्लो अनुच्छेदबाट वर्णनात्मक, एकालापीय र संवादात्मक शैलीको प्रयोग पाइन्छ कथामा काले जस्ता सामन्ति वर्गको शोषणमा पर्ने गरिब निमुखालाई एकछाक मासुखाने तिर्सनाले कतिसम्म बाध्य बनाउँछ भन्ने देखाउनुको साथै शोषित वर्गका स्वरूपलाई पनि शल्यक्रिया गर्न खोजिएको छ ।

कथाको सुरूवातदेखि मासु खाने तिर्सनाले साहुको घरमा बास बस्न पुगेको कालेले आफू शोषित भएको अनुभव गरी त्यस्ता निष्ठुरीहरू समाजका शोषकवर्ग नै हुन्, तिनीहरू थुक्न समेत लायक छैन भनेर आँगनमा थुकेर हिँडेको देखाइएको छ ।

बिहान चराहरू चिरबिराउन थालेपछि काले व्युझियो । ऊ नजिकै बसेर पाङ्ग्रेले नलीखुट्टाको ठुलो हड्डी ल्याएर स्वाद मानी मानी चपाउँदै थियो । कालेले त्यो दृष्य हेरिरह्यो । उसको मुखमा सरर पानी आयो तर यसपालि भने उसले मुखमा भरिएको त्यो पानी निलेन । आँगनतिर पिचिक्क थुकिदियो (मधुश्री, २०७३ : १२६) । त्यो थुकमा उसको गरिबी र साहूप्रतिको घृणा पनि मिसिएको थियो ।यसरी यो कथामा गरिएका भाषा सरल नै लाग्छन् । वाक्यहरू सरल, मिश्रित र संयुक्त सबै प्रयोग गरिएको पाइन्छ ।

### ४.२.८.७ निष्कर्ष

यो कथामा विशेष गरी नेपाली समाजमा रहेको धनी वर्गले गरीब वर्गलाई गर्ने व्यवहारलाई देखाइएको छ । वास्तवमा अझैपनि गाउँघरमा एकछाक मिठो खान दशैं नै आउनु पर्ने कुरा निकै मार्मिक रूपमा देखाइएको छ । धनीहरू भने झन् धनी बन्दै गएका छन् भन्ने यथार्थ पनि यस कथामा छ ।

## ४.२.९ अंशवन्डा कथाको अध्ययन

### ४.२.९.१ कथानक

'अंशबन्डा' कथा कथावस्तुमा नेपाली समाजमा विद्यमान बाबुआमासँग भएको सम्पत्ति छोराछोरीलाई बाँडिदिने चलनलाई उतार्न खोजिएको छ । अंशबन्डा गरिसकेपछि बाबुआमालाई छोराछोरीले गर्ने व्यवहारलाई पनि यस कथाले उतार्न खोजेको पाइन्छ । बाबु आमालाई बोझ सम्झिने मूर्ख सन्तानको आकृति पनि यस कथामा उतारिएको छ । त्यस्तै मृत्युको मुखमा पुगेकी आमाले आफ्नो बुहारी भित्र्याउन चाहेको कुरापनि आफ्नो इच्छा

बाँकी भएको कुरालाई पनि देखाउन खोजिएको छ । जति सन्तान भएनी 'बाह्र छोरा तेह्र नाती' बुढाको धोक्रो काँधैमाथि भन्ने कुरालाई पनि राम्ररी चित्रण गरिएको छ । सन्तानमा बाबु पाल्नको निमित्त हानाथाप भएको र बाबुले सन्तान बारे सोचेको कुरा र सन्तानहरूले बाबु प्रति सोचेको कुरा ठिक उल्टो भएको पनि यथार्थ चित्रण गरिएको छ ।

सुब्बाले अहिलेसम्म सोच्न सकेका रहेनछन् कि, शिक्षा, संस्कार र मातापिताको स्नेह भरपुर पाएका शिक्षित र सु-संस्कृत छोरा छोरीहरूमा "भक्ति भन्दा आसक्ति" त्यति बढी झाँगिएको होला भनेर, उनले सोचेभन्दा धेरै पर पुगिसकेछन् । छोराछोरीहरू सायद समयले पो हो कि? यस्तै लाग्यो उनलाई (मधुश्री, २०७३ : १३६) । सुब्बाको घरको अंशबन्डा हेर्न पञ्च-भलादमी लगायत गाउँ नै उल्टियो । पञ्चले सुब्बाले निर्देशन अनुसार चारै जनालाई आफूले चाहेको वस्तुसहित सबै सम्पत्ति दामासाहीले चारै जनाका भागमा बराबरी पारिदिएका थिए । यसरी 'अंशबन्डा' कथामा बाबु आमाले आफ्नो कर्तव्य पूरा गरेता पनि छोराछोरीले बिर्सदै गएको अहिलेको सामाजिक परिवेशलाई देखाउन खोजिएको छ ।

## ४.२.९.२ चरित्र चित्रण

यो कथामा मुख्य पात्रका रूपमा सुब्बा बाजे र सहायक पात्रका रूपमा उनका छोराछोरी र गौण पात्रका रूपमा गाउँलेहरू रहेका छन् । सुब्बा बाजे जसको भर्खरै श्रीमति बितेकी छन् । बुढेसकालमा श्रीमती बित्दा परिवार भएपनि एक्लिएका छन् । उनका चार छोरा छोरी छन् । सबैलाई राम्रो शिक्षा र संस्कार दिएका छन् । उनी ढुक्क छन्, सबै छोराछोरीलाई अंशबन्डा गरिसकेपछि उनलाई राख्नको निमित्त होडबाजी गर्छन् होला । उनी आफनो छोराछोरी जन्मँदाखेरीको खुशीदेखि आफनो जीवनसँगिनीले छोडेर गएको अवस्था सम्मको समयलाई सम्झिन्छन् ।

यसरी सुब्बा बाजेले आफूसँग भएका सम्पूर्ण सम्पतिको दामाहिसाबले सबै छोराछोरीलाई बाँडिदिन्छन् । जब उनलाई पाल्ने कोही निस्किँदैनन् तब उनी छाँगाबाट खसेझैँ हुन्छन् । उनी अहिलेका छोराछोरीको भक्ति भन्दा आशक्तिमा केन्द्रित भएको देखेर दुखित बन्छन् । एउटा आदर्श, चरित्रवान्, कर्तव्यपरायण पिताको रूपमा सुब्बा बाजेको चित्रण गरिएको छ । छोराछोरीलाई स्वार्थी, व्यभिचारी व्यक्तिहरूको रूपमा यस कथामा चित्रण गरिएको पाइन्छ । अहिलेको समाजको यथार्थ चित्रण यस कथामा पाइन्छ ।

### ४.२.९.३ परिवेश

यो कथा शहर नजिकैको गाउँको परिवेशको भन्ने अनुमान लगाउन सकिन्छ । कुन ठाउँको भनेर ठाउँ तोकिएको छैन । अंशबन्डा कथा हाम्रो नेपाली समाजमा सबैको घर परिवारमा घट्ने घटनालाई समेटेर कथा तयार पारिएको छ । हाम्रो नेपाली समाजमा छोराछोरीले आफ्नो बाबुआमाप्रति गर्ने कर्तव्यलाई कसरी लत्याएर अघि बढ्दै छन् । उनीहरूले कुमालेको चक्रझैं घुम्ने आफ्नो जीवन पनि कुनै समय त्यहि ठाउँमा पुग्ने कुरालाई कि आत्मसाथ गर्न सकेका छैनन् भन्ने कुरा पनि यो कथाले दर्शाउन खोजेको छ ।

सुब्बा बाजे जो गाउँका धनीमानी मै गनिन्छन् । उनकी श्रीमतीको मृत्युपछि उनी एक्लै पर्छन् । दुई छोरा दुई छोरी घरभरी नाति-नातिमा भएर पनि उनी एक्ला बनेका छन् । यसरी सुब्बिनीको उनलाई पाल्नको निमित्त तँछाड-मछाड गर्लान् भन्ने आशा हुन्छ । त्यसैले उनले सम्पति छोरा छोरीलाई रोजाई रोजाई बराबर बाँड्न बोलाउँछन् । उनको अंशबन्डा हेर्न गाउँका पञ्चभलादमी पनि आएका थिए । उनले छोराछोरीलाई उनीहरूको इच्छा सबै पु-याइदिएका थिए । त्यसैले उनलाई छोराछोरीप्रति आशा थियो तर उनको आशा त्यतिखेर चकनाचुर भयो जब सबै छोरा छोरीले एक एक बहाना बनाएर बाबुलाई लान असमर्थ जनाए । यसरी यो कथाले अहिलेको समसामयीक घटनालाई कथामार्फत देखाएको छ । यो कथामा जे-जति सम्पति भएपनि जति नै शिक्षादिक्षा दिए पनि सु-संस्कारी सन्तान भएनन् भने आफ्ना जननीको कर्तव्यलाई लत्याउँछन् भन्ने कथा यसमा देखिन्छ । नेपाली पुस्ताले आफ्नो भावी सन्ततीलाई पनि कसरी शिक्षा दिने भोलिको दिन आफ्नो पनि कस्तो हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन भन्ने शिक्षाको कथा पढेर थाहा पाउन सकिन्छ ।

### ४.२.९.४ दृष्टिबिन्दु

यो कथामा मुख्य पात्र सुब्बाबाजे दृष्टिबिन्दु हुन् भने घटनाक्रम अनुसार प्रथम र तृतीय दृष्टिबिन्दुको पनि प्रयोग गरिएको पाइन्छ । यो कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने कतै कतै आन्तरिक दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ । समग्रमा दृष्टिबिन्दुको प्रयोग घटनाक्रम अनुरूप मिलाइएको छ । सुब्बाबाजे पाँच वर्षको हुँदा आमामर्दा टुहुरा भएको थिए र सबैले टुहुराको दिन फर्कन्छ भनेको सुने सुब्बा बाजेले तर

पचहत्तर वर्षको उमेर बुढी मर्दा अभागी रहेछन् भनेको सुने सुब्बा बाजेले । नभन्दै सुब्बाबाजे अभागी नै देखियो घटनाक्रम अनुसार पनि ।

यो कथामा नेपालको सामाजिक परिवेशलाई घटनाक्रमद्वारा प्रस्तुत गरिएको छ । आमाबाबुले असल शिक्षा र संस्कार दिएर हुर्काएका छोराछोरी पनि बाबुको अन्तिम अवस्थामा आफूसँग राख्नलाई विभिन्न बहाना गर्दै पन्छिछन् । के यहि हो त छोराछोरीको आमाबाबुप्रति कर्तव्य । सहारा नहुँदा आँला समाएर हिँडाउने बाबुको हात आमासँगको विछोडमा तड्पिएको अवस्थामा उल्टै हात छोडेर हिँड्ने । सम्पति रोजिछाडी लिने बाबुलाई पाल्न चाँहि कति गाह्रो भएको अहिलेको पुस्तामा । भोलिको दिनमा आफ्नो पनि त्यहि समय आउँछ भन्ने कुरा बुझ्न जरुरी देखिएको छ । यस हिसाबले मुख्य दृष्टिबिन्दु सुब्बा बाजेका रूपमा भएपनि घटनक्रमसँगै प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग गरिएको पाइन्छ । त्यस्तै कतै बाहिरी दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । संवादात्मक ढाँचाको प्रस्तुतिमा कहिले घटनावलीलाई सुब्बा बाजेका आँखाबाट त कहिले छोराछोरीका आँखाबाट हेरिएको छ । विभिन्न घटनाक्रमलाई केलाएर दृष्टिबिन्दुको प्रयोगबाट कथा मार्मिक भएको छ ।

## ४.२.९.५ उद्देश्य

यो कथाको मुख्य उद्देश्य समसामयिक परिस्थितिमा छोराछोरीले बाबुआमालाई बोझ सम्झिन्छन् र उनीहरूले यो गलत गरिरहेका छन् भनेर सचेत गराउनु पनि हो । बाबुआमाप्रति छोराछोरीको पनि आफ्नो दायित्व हुन्छ, उनीहरूले आफ्नो दायित्वलाई भुल्नु हुँदैन भन्ने कुरा देखाउनु यो कथाको अर्को उद्देश्य हो ।

अहिलेको वर्तमान समयमा बाबु आमाले औंला समातेर हिँड्न सिकाई एक योग्य नागरिक बनाउँछन् तर त्यही बाबुआमाको बुढेसकालमा हात छोडेर हिँड्छन् । उनीहरूले यो कुरा मनन गर्नु जरुरी उनीहरू गराउनु पनि यो कथाको उद्देश्य हो । समय सधैँ एकै रहँदैन सबैले जीवनका सम्पूर्ण चरणहरू पार गर्नुपर्दछ । त्यसैले समयमै सबै युवा पिढिले यसलाई ममन गर्नु नै बुद्धिमानी हुन्छ भन्ने देखाउन खोज्नु रोजीछाडि लिने तर जो एक सिँगै अनमोल रत्न हो उसलाई त्याग्नु कतिको बुद्धिमानी हो । के उनीहरूले आफ्नो भावी पुस्तालाई बाटो देखाउनु पर्दैन । आउने भावी पुस्ताले कस्तो संस्कार सिक्ने भन्ने देखाउन खोज्नु पनि यो कथाको उद्देश्य नै हो । त्यस्तै नेपाली समाजमा भन्ने उखान जस्तै छेउको

सियो माझैमा कोहिबेला उखानको चरितार्थ पनि देखाउनु र भावी पुस्तालाई मातापिता प्रति सम्मान गर्नुपर्छ भन्ने भावनाको विकास गराउन खोज्नु पनि यो कथाको उद्देश्यमा पर्दछ । त्यस्तै जन्मेदेखिको दायित्व निभाउने माता पितालाई उनीहरूको जीवनको अन्तिम घडि किन सम्मानमा साथ बाँच्न दिन आजको पुस्ताले किन कन्जुस्याँइ किन गरेको छ भन्ने कुरा देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.९.६ भाषाशैली

'अंशबन्डा' कथामा सरल भाषाको प्रयोग गरिएको कछ । तद्भव शब्दहरूको साथै बोलिचालीका भाषा पनि प्रयोग गरिएको छ । त्यस्तै तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । सरल वाक्यहरूको प्रयोग गरिएको छ । ठाउँ ठाउँमा संयुक्त वाक्यहरूको पनि प्रयोग गरिएको छ । बुढेसकालमा श्रीमतीले छोडेर गएपछि बुढाले पाउने पारिवारिक हेलत्त्वलाई दर्शाउन खोजिएको छ । यो कथामा पचत्तर वर्षीय सुब्बा बाजे सुब्बिनीको मृत्युपछि निरीह भएको छन् । आफ्नो सम्पूर्ण सम्पतिको चार जना छोरा छोरीलाई रोजीछाडी अंशबन्डा गरिदिएपनि सुब्बा बाजेलाई एक एकवटा बहाना बनाएर कसैले पाल्दैनन् ।

सुब्बीनीको मृत्युपछि एक्लो भएको सुब्बा बाजेको जीवनशैलीलाई वर्णनात्मक, एकालापीय र संवादात्मक शैलीमा प्रस्तुत गरिएको छ । यस अंशबन्डा कथामा कलाको सुरूवाट वर्तमान गरी विगतमा लगि फेरि वर्तमानमा नै फर्काएर अन्त्य गरिएको छ । जीवनको अन्तिम अवस्थामा छोराछोरीको उनलाई नराख्ने मनस्थिति थाहापाएपछि दुखि दुखीत सुब्बा बाजेले घर छाडेको देखाएर कथा अन्त्य गरिएको छ । भोलिपल्ट बाह्र बजेतिर जेठो छोराको नातिले पो हजुरबुबाको कोठा हेर्दा खाली थियो (मधुश्री, २०७३ : १३८) । यसरी यो कथामा वर्तमान परिस्थितिमा छोराछोरीले बिर्सदै गएको आफ्नो कर्तव्यको उजागर गर्न खोजिएको छ । भाषाशैली सरल र कारुणिक छन् ।

### ४.२.९.७ निष्कर्ष

यो कथा वास्तविक नेपाली समाजमा जल्दोबल्दो विषयवस्तुमा आधारित छ ।आमा वावु प्रति छोराछोरीले गनुपर्ने कर्तव्य भुल्दै गएको कथा यसमा छ ।यो कथा ज्यादै मार्मिक

छ । सबै छोराछोरीले भोलीको आफ्नो समयलाई ख्याल गर्नुपर्ने सन्देश यो कथाले दिन खोजेको छ ।

## ४.२.१० 'पानी परेको रात' कथाको अध्ययन

### ४.२.१०.१ कथानक

'पानी परेको रात' कथामा प्राकृतिक प्रकोपबाट बच्न मानिसले गर्नुपरेको सङ्घर्षलाई जीवन्त तरिकाले वर्णित गरिएको छ । पूरै आठ दिनसम्म पानी परेको र निरन्तरको वर्षाले विकराल रूप लिई पाखासँगै आफन्तहरू बगेका, छरछिमेकहरूले पनि आफूलाई बचाउन गरेको चित्कारलाई देखाउन खोजिएको छ । हामीले जतिसुकै विकास गरेतापनि प्राकृतिक प्रकोपबाट कोहिपनि अछुतो रहन नसक्ने कुरालाई चित्रण गरिएको छ । ऊ पात्रको प्राकृतिक प्रकोप पानीको रौद्ररूपबाट आफ्ना परिवार गुमाउनुको पीडा आफ्ना गरिबी जसले गर्दा आफ्नो परिवारलाई पहिरोमा बग्नबाट बचाउन पीडालाई कथामा चित्रण गरिएको छ ।

यस कथामा एक्कासि बिजुली नै नचम्किकन 'गड्याङ' गऱ्यो गाउँ नै थर्कने गरी सबै जना त्रसित भए । सम्भावित दुर्घटनाको भयले । अब के हुने, हो? के हुन लागेको हो? सबै अनुमान मात्र गर्दथे । चर्रर ...आवाज आयो अनि झन् बढ्दै गयो आवाज । सबैका आँखा पारी पाखामा ठोक्किए । उसको घरभन्दा माथिको पाखो आफ्नो अस्तित्व गाँसिएको धर्तीसँग सम्बन्ध विच्छेद गर्दै खुरुरुरु उँधो पो बग्न थाल्यो । उसको घरप पनि त्यो पाखोसँगै तल तल पो सर्न थाल्यो । सबैका आँखा भयभीत थिए । उहीँ थिए । सबैको मुखबाट राम राम . . .राम राम निस्कियो । एकैछिनमा उसको छोरी र स्वास्नी एकैछिनमा विलाए (मधुश्री, २०७३ : १४७)।

यसरी उसले वर्षदिनसम्म पनि बगेर गएका आमाछोरी आउँछन्की भनेर बाटो हेरिरह्यो । तर नर्फकनेगरि गएका आमाछोरी आएनन् । उसले आफूसँगै रहेको पाङ्ग्रेलाई आफू जस्तै अवला ठानेर साथी बनायो र अन्तमा पाङ्ग्रेसँग ऊ पनि पहिरोमा परेर बिलाएको कथालाई निकै मार्मिक रूपमा चित्रण गरिएको छ ।

### ४.२.१०.२ चरित्र चित्रण

यस कथामा मुख्यपात्र ऊ हो । उसकी श्रीमती र गाउँलेहरू सहायक पात्र हुन् भने गौण पात्रको रूपमा उसको पाङ्ग्रे कुकर हो । यस कथामा ऊ पात्र, उसको कुकुर पाङ्ग्रे एउटा अवला पात्रको रूपमा चित्रण गरिएको पाइन्छ। यसमा उसकी श्रीमती र भर्खर जन्मेकी छोरीसँग ऊ खुशी छ तर अविरल सात पदिन परेको पानीसँगै उनी घर सहित बगेर त्यसै विलाउँछन् । ऊ विलाएका स्वास्नी र छोरी फर्कने आशामा पाङ्ग्रे कुकुरसँग बाटो हेरिरहन्छ । यस कथामा ऊ पात्र एक निरिह गरिब सोझो व्यक्तिको रूपमा चित्रण गरिएको छ ।

यस कथामा प्रकृतिको रुद्ररूपलाई पनि यथार्थ रूपमा चित्रण गरिएको छ । पाङ्ग्रे कुकुर मालिक प्रति वफादार देखाइएको छ । यो कथाको ऊ पात्र प्रकृतिले पनि गरिव र असहाय भगवानले पनि हेर्दोरहेन छन् उनीहरूलाई नै सबैतिर दु:ख दिँदा रहेछन् भन्ने सोच्दछन् । यसरी एकवर्षपछि पानी परेर पाङ्ग्रे कुकुरसँग ऊ पनि त्यही धर्तीमा बिलाउँछ । यसरी यस कथमा एउटा गरिव, असहाय र निमुखा सोझा जनताको यथार्था चित्रण ऊ पात्रमा र कुकुर मालिक प्रति वफादारीको रूपमा चित्रण गरिएको छ ।

### ४.२.१०.३ परिवेश

यो कथा नेपालको कुनै पहाडी गाउँको परिवेश वरिपरि घुमेको कथा हो । पहाडमा धेरै दिनसम्म पानी परेर विभिन्न ठाउँमा बाढी पहिरोले मच्चाएको बितन्डाको कथा यसमा छ । सातदिन सम्म पानी परेर विभिन्न ठाउँमा आएको बाढी पहिरोले घर, खेत, गोठ, बाली आदि बगे । धेरैको धनजनको क्षति भयो । सरकारलाई पनि राहत बाँड्न मुस्किल पऱ्यो । धेरैका सर्वस्व भयो । यो गाउँमा बेला बेलामा बाढी पहिरोले सर्वस्व भयो । यो गाउँमा बेला बेलामा बाढी पहिरोले गर्ने विध्वंशलाई आधार बनाएर लेखिएको कथा हो । यो पहाडी परिवेशमा मिल्दोजल्दो कथा हो ।

पानी रोकिएको दुई दिनपछि फेरि घनघोर वर्षा हुन थाल्यो । गाउँका सबैजना डराउन थाले ऊ पनि राहतको पीठो बोकेर आउँदै थियो । उसको श्रीमती र छोरीलाई सातदिनको वर्षाले उसको पाखोघर बगाएर छोरी श्रीमतीलाई वेपत्ता बनाएको थियो । उसलाई यो संसारमा एक्लो बनाएको थियो । त्यसको ठिक एकवर्ष पछि त्यस्तै गरी पानी

पर्दा उसको मनमा चसक्क भयो । पोहर सालको दृश्य सम्झेर उसको एक्लो साथी पाङ्ग्रेलाई अङ्गालो मारेर सुत्छ । अन्त्यमा पाङ्ग्रेसँगै ऊ पनि बगरे त्यहि माटोमा विलिन हुन्छ, उसको कतै नामोनिसान पाइँदैन त्यहिँ विलाउँछ । यसरी यो कथामा नेपालको पहाडी क्षेत्रमा बस्ने गरिब निमुखा जनताको यथार्थ चित्रण यो कथामा पाउन सकिन्छ । विवशताले गर्दा पाखोमा घर बनाउन विवश नेपालीको कथा छ यसमा । यो कथा विशुद्ध पहाडी परिवेशमा चित्रण गरिएको छ ।

### ४.२.१०.४ दृष्टिबिन्दु

यो कथामा ऊ पात्रको उपस्थित सबैजसो ठाउँमा उपस्थित गराइएको छ । धेरैजसो ठाउँमा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यो कथामा आन्तरिक रबाह्य दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । नगण्य मात्रामा पात्रको पनि उपस्थित गराइएको छ । यो कथा प्राकृतिक वितन्डताले निम्त्याएको घटनाक्रमबाट नै कथाको निर्माण भएको छ । कथामा सातदिन सम्म पानी परेर बबन्डर मचाएको घटनाकै वरिपरि कथा घुमेको छ ।

एक वर्ष अगाडि सातदिनको झरिमा उसको श्रीमती र भर्खर जन्मिएकी छ, सत दिन मात्र भएकी थिई दैवले चुँडेर लग्यो । त्यस्तै यसपालि पनि पानी परेको छ । त्यस्तै केही डर लागेको छ । यो कथामा केही अरू पात्रलाई उभ्याएको छ । घटनाक्रम अनुसार, यसमा केही बाहिरी दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ । प्राकृतिक प्रकोपले वृद्ध, बाला, सुत्केरी आदि केही भन्दैन भन्ने सत्यतालाई प्रस्तुत गरिएको छ । यो कथामा प्रथम दृष्टिबिन्दुको प्रयोग हाबी भएको छ । कथा मार्मिक छ, कथामा मुकपात्र काले पनि छ जो उसको साथि भएको छ । एकवर्ष पछि त्यस्तै पानी परेको छ । काले र ऊ एक आपसमा अङ्गालोमा कसिएका छन्, एकछिनपछि त्यसैगरी घर बगेर माटोमा बिलिन हुन्छ । ऊ र उसको काले निस्तेज हुन्छन् र कथाको अन्त्य हुन्छ । यसरी कथाको अन्त्यपनि तृतीय दृष्टिबिन्दुको प्रयोगबाट भएको छ । कथामा ऊ पात्र नै मुख्य दृष्टिबिन्दु हो र उसको अन्त्यसँगै कथाको पनि अन्त्य भएको छ । त्यसैले यो कथाको दृष्टिबिन्दुको सम्मिश्रण घटनाक्रम अनुसार मिल्दो क्रममा नै रहेको छ, त्यसैले दृष्टिबिन्दुको प्रयोग उचित तरिकाले नै भएको छ भन्न सकिन्छ ।

### ४.२.१०.५ उद्देश्य

हाम्रो नेपाल हिमाल, पहाड र तराई मिलेर बनेको छ । पहाडमा बस्ने मानिस होस् वा हिमाल तराई प्राकृतिक प्रकोपले कुनै न कुनै रूपमा कुनैवेला दु:ख दिएकै हुन्छ । प्राकृतिक प्रकोप भन्ने कुरा कसैको वसमा छैन । यसलाई न्यूनिकरण गर्न सकिन्छ रोक्न भने सकिँदैन भन्ने कुरा देखाउन खोज्नु यो कथाको उद्देश्य हुन सक्दछ ।

संसारको जुनसुकै ठाउँमा पनि वेला वेलामा विभिन्न प्राकृतिक प्रकोपले सताएकै हुन्छ । यस्तो अवस्थामा पनि मानिसले आफूलाई सम्हालेर अघिबढ्न सक्नुपर्छ । प्राकृतिक प्रकोपले वालो, बृद्ध केही भन्ने छैन भन्ने कुरा देखाउनु यो कथाको अर्को उद्देश्य हो । प्राकृतिक प्रकोपमा आफ्ना सम्पूर्ण परिवार आफ्ना आँखा अगाडि नै मृत्युको घाटमा पुग्दा पनि केही गर्न सकिँदैन भन्ने कुरा सबैका सामु देखाउन खोज्नु पनि यो कथाको अर्को उद्देश्य रहेको प्रतित हुन्छ । त्यस्तै कुकुर पनि मानिसको अभिन्न साथी बन्न सक्छ उसले बोल्न नसकेनी कुरा बुझ्छ । मासिको जीवनमा जनावरको पनि अटुट सम्बन्ध हुन्छ भनेर देखाउन खोज्नु यो कथाको अर्को उद्देश्य हो । प्रकृतिले मानिसलाई उसका जीवनका सम्पूर्ण कुराहरू दिएतापनि कहिलेकाहिँ प्रकृतिले उग्ररूप लिन्छ र क्षणभरमै सर्वस्व बनाउन सक्छ । यसलाई कसैले टारेर टर्दैन यो एउटा ध्रुव सत्य हो यसलाई मानव जातिले जस्तोसुकै परिस्थितिमा पनि आत्मसात् गर्नुपर्छ भन्ने सन्देश दिनु पनि यो कथाको अर्को उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.१०.६ भाषाशैली

यो 'पानी परेको रात' कथामा भाषाशैली सरल नै छ । शब्दहरू कारुणिक लाग्छन् । ग्रामीण भेगका बोलीचालिका शब्दहरूको प्रयोग बढी गरिएको छ । तद्भव शब्दहरूको पनि प्रयोग गरिएको छ । समग्रमा भन्दा कथामा मिश्रित शब्दहरूको प्रयोग छ । प्राकृतिक प्रकोपले आफ्नो धनजनको क्षति भएपछि विक्षिप्त भएको म पात्रको कथालाई कारुणिक देखाइएको छ । कथा वर्णात्मक एकालापीय र कतै संवादात्मक पनि रहेको छ । कथाको भाषा सरल हुनुको साथै मार्मिक पनि छ ।

कथाको सुरूवातमा सातदिन सम्म परेको मच्चाएको बितन्डताले जीवनमा ल्याएको कारुणिक अवस्थाको चित्रण गरिएको र अन्तिम पनि एक वर्षपछि त्यस्तै पानीको चपेटामा

परेर विक्षिप्त बनेको ऊ र उसको पाङ्ग्रे पनिको अन्त्य भएसँगै कथाको अन्त्य भएको छ । कथाको पहिलो चरण र अन्तिम चरण क्रमबद्ध रूपमा मिलाइएको छ ।

पाङ्ग्रे र ऊ अङ्गालोमा देखाइएको छ । अझै जोडले च्याप्यो पाङ्ग्रेलाई । केही क्षणपछि उसको घर पनि कऱ्याक कुरुक गऱ्यो । टाउको माथि घरको छानो गर्ल्याम्म खस्यो । आफू तल तल कतै खोँचतिर पुगेजस्तो लाग्यो । उसको नाकसम्म पानीले छोप्यो ऊ निसास्सियो । बल गरेर सास फेर्न खोज्यो तर बिस्तारै हिक्क भयो । केही बेरपछि एक अर्काको आलिङ्गनबद्ध भएको पाङ्ग्रे र उसको अङ्गालो क्रमशः चिसो हुँदै गयो (मधुश्री, २०७३ : १५७) । भोलिपल्ट हेर्दा उसको भन्ने कहीँ कतै केही चिनो र चपरी पनि बाँकि थिएन । यसरी यस कथामा मान्छेको साथी कुकुर ज्यादै प्यारो देखाइएको छ । अन्तिम अवस्थाको साथी पाङ्ग्रे नै भएको छ । समग्रमा कथाको भाषाशैली सरल र कारुणिक लाग्छन् ।

### ४.२.१०.७ निष्कर्ष

यो कथामा प्रकृतिले निम्ताएको विध्वंसलाई देखाइएको छ । प्राकृतिक प्रकोपलाई कसैले रोक्न नसक्ने कुरा पनि यस कथाले देखाउन खोजेको छ । सातदिनसम्म पानी परेर ऊ पात्रको जहान, छोरीलाई माटोमै मिलाउँछ । उनीहरूको कतै नामोनिसान भेटिंदैन । वास्तवमा प्राकृतिक प्रकोपलाई रोक्न सकिँदैन भन्ने कथा यसमा छ ।

## ४.२.११ 'मध्यरात र खुल्ला झ्यालभित्रको उज्यालो' कथाको अध्ययन

### ४.२.११.१ कथानक

'मध्यरात र खुल्ला झ्यालभित्रको उज्यालो' कथामा पम पात्रले आफ्नो मनका भावना कल्पना र हाम्रो नेपाली समाजको सोचाइलाई सजीव चित्रण गरिएको छ । हाम्रो समाजमा लोग्ने मरिसकेका जवान नारीहरूले भोग्ने आफ्ना यौन कुण्ठालाई उजागर पार्न खोजिएको छ माओवादी युद्धकालीन समयको घटनालाई पनि आम नागरिक र पुलिसमा जागिर खाने व्यक्तिले भोग्नुपर्ने व्यथालाई पनि सुस्त रूपमा वर्णन गरिएको छ । म पात्रले मध्यरातमा बत्ति गएको बेलामा छिमेकी बुकुनिको कोठामा बलेको मधुरो प्रकाश र झ्याल खुलै भएको कारण बाहिर आएको देखिन्छ । राति मध्यरातमा पनि बुकुनी बत्ति बालेर के गर्दै होली

भनेर विभिन्न किसिमका तर्कना गर्दै मनोवाद गरेको कुरालाई प्रश्नउत्तरको तरिकाले बयान गरिएको छ र बत्ति निभेसँगै कथाको पनि अन्त्य गरिएको छ ।

यस कथामा लोग्ने नभएकी महिलाले आफ्नो इच्छालाई दमित गराइ समाजको लागि बाँच्नुपर्ने हाम्रो नेपाली संस्कारलाई पनि आईमाई प्रति एकोहोरो रूपमा रहेको सामाजिक भेदभावलाई उजागर गरिएको छ । किन महिलाले मात्रै बच्चा जन्माउने हुर्काउने घरको सम्पूर्ण व्यवहार र समाजिक बन्धनमा बाँच्नुपर्ने लोग्नेमान्छे सधैँ स्वच्छन्त रूपमा पत्निको मृत्युपछि पनि आफ्नो इच्छालाई सजिलै पूरा गर्न पाउने महिलाले सधैँ कुण्ठित भएर बाँच्नु पर्ने कुरालाई पनि देखाउन खोजिएको छ भने अर्कोतिर बुकुनिले अर्कै केटासँग लागि कि भनेर प्रश्न पनि उठाउन खाजिएको छ । समाजमा जे जस्ता घटनाहरू घटेतापनि आइमाईलाई नै दोषी ठहऱ्याउने प्रवृत्तिलाई पनि देखाइएको छ । यसमा लोग्नेमानिसहरू नै दोषी हुन् भन्ने कुरालाई प्रस्टयाइएको छ ।

विचरा त्यसमा पनि बुकुनीको दोष छ कि छैन । प्रायः फसाउँने त लोग्नेमान्छेहरू त हुन्छन् नि । भँडुवाहरू । आफ्नी स्वास्नीको गालामा अलिकति पोतो देख्न थाले भने पोटिला चिल्ला चम्किला गाला ताक्न थालिहाल्छन् । मौका पऱ्यो भने जस्तोसुकै साधु ठान्ने बह्मचारी पनि कन्हैयाचारी बनिहाल्छन् । उनीहरूको त के जन्छ र? जतिवटी राधासँग रासलीला गरे पनि जति बरालिए पनि उनीहरू पवित्र, चोखो । जालझेल गरेर हुन्छ, कि, धम्की, त्रास देखाएर हुन्छ कि आफ्नो उद्देश्य त पूरा गरेरै छोड्छन् । पछि आफ्नो उद्देश्य पूरा भएपछि त्यही आइमाईलाई आरोप लगाउने पहिलो व्यक्ति तिनै हुन्छन् । उनीहरू नै पहिले घृणा र तिरस्कार गर्छन् । विभिन्न उपनामहरू राख्छन् किनभने परम्परागत संस्कारको बोझले पिल्सिएको समाजले पुरुषहरूलाई साँढे झैँ खुल्ला छोडिदिएको छ । जति चरि पनि हुने । जहाँ चरे पनि हुने । तर फरक यत्ति हो कि समाजले उनीहरूलाई साँढेलाई झैँ तातो पन्यूले डामेर चिहन लगाइदिएका छैनन् (मधुश्री, २०७३ : १६८) । यसरी मनोवादको रूपमा एउटी विधवा महिलाले भोग्नुपर्ने पीडालाई पनि उजागर गरिएको छ ।

### ४.२.११.२ चरित्र चित्रण

यो कथामा मुख्य पात्र म पात्र नै हो सहायक पात्रको रूपमा बुकुनी छे भने गौण पात्र बुकुनीको लोग्ने छोरा आँटी छन् । यस कथामा म पात्रले आफ्नो मनमा उब्जेका शङ्का उपशंकाहरू व्यक्त गरिएको पाइन्छ । यसमा म पात्र पनि आम नेपाली नारी जस्तै

सोच भएकी महिलाको रूपमा चित्रण गरिएको छ । यसमा बुकुनिलाई विभिन्न चरित्रसँग दाँजेर म पात्रले हेरेको पाइन्छ ।

कोठाभित्र बलेको मधुरो प्रकाश देखेर म पात्रले आफ्ना मनमा कुण्ठिएर रहेका विभिन्न इच्छालाई बुकुनिको चरित्रसँग दाँजेको पाइन्छ । यस कथामा बुकुनिको चरित्र स्थिर रहेको पाइन्छ भने म पात्रलाई भने सबै किसिमका चरित्रसँग दाँज्न सकिन्छ । यस कथामा पात्र थोरै भएपनि समाजमा घट्ने विभिन्न किसिमका सामाजिक घटनाको चित्रण यस कथामा देख्न सकिन्छ । यो कथा अहिलेको नेपाली समाजको यथार्थ चित्रण बोकेको कथाको रूपमा आएको छ । यस कथामा अहिलेको नेपाली समाजमा खाडी मुलुकमा गएर काम गर्ने युवा र उसका परिवार सहरमा बसेर जीविका गर्ने र विभिन्न किसिमका असामाजिक कार्यहरू गरी आफ्नो परिवार विखण्डित पार्न समेत पछि नपर्ने सामाजिक चित्रण यस कथामा पाइन्छ ।

### ४.२.११.३ परिवेश

यो कथा अहिलेको समसामयिक नेपाली समाजमा भैरहेको यथार्थ प्रसङ्गलाई कथा मार्फत खोतल्ने जर्मको गरिएको छ । यो कथा अहिले नेपाली समाजमा ठुलो समस्याको रूपमा रहेको नेपाली युवाहरू पैसा कमाउन विदेश जाने र आफ्नो जवानी श्रीमतीलाई सहरमा कोठा भाडा लिएर राख्ने प्रवृत्तिलाई आधार बनाएर कथा तयार पारिएको छ । त्यस्तै पुलिस, आर्मीका श्रीमती पनि कोठा भाडामा लिएर बस्छन् । उनका श्रीमान्हरू कहिले काहिँ मात्र कोठामा आउने गर्छन् । यसमा एउटी पुलिसकी श्रीमती बुकुनीको कथा छ ।

यो कथाको परिवेश शहरको कुनै वस्तिको हो । जहाँ विभिन्न किसिमका मानिसहरू भाडामा बस्ने गर्छन् । नेपाली समाजको समसामयिक परिवेशमा आधारित कथा हो यो । म पात्रले आफ्नो नजिकै भाडामा बस्ने बुकुनीको बारेमा अनेक कल्पना गरी आफ्नो कल्पनामा विभिन्न अड्कलहरू काटि तयार गरिएको कथा हो । बुकुनीको लोग्ने कहिलेकाहिँ मात्र घर आउने गर्छ । त्यस्तैमा एकदिन मध्यरातमा बुकुनीको कोठामा बत्ती बलेको देखेर म पात्रले अनेक तर्कना व्यक्त गरेकी छे । म पात्रले आफ्नो यौनकुण्ठालाई बुकुनीको जवानीसँग दाँजेर व्यक्त गरेकी छन् । हाम्रो नेपाली समाजमा लोग्ने मरेपछि जवानीमै विधवा भई आफ्ना सम्पूर्ण आकाङ्क्षाहरू कुण्ठिन पारेर बस्नुपर्ने नेपाली महिलाहरूको प्रतिनिधित्व म पात्रले

गरेकी छन् । त्यसैले उसले आफ्नो अतृप्त चाहना पूरा गर्न नपाएकीले बुकुनीको कोठाबाट मध्यरातमा आएको उज्यालो देखेर विभिन्न तर्क विर्तक गरेकी छ । यो कथा नेपाली समाजको सामजिक परिवेशमा आधारित रहेर रचना गरिएको छ ।

### ४.२.११.४ दृष्टिबिन्दु

कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ (लुइटेल, २०६० : ९७) । यो कथामा आन्तरिक दृष्टिबिन्दु प्रयोग गरिएको पाइन्छ । यस कथामा म पात्रको उपस्थिति कथा भरी नै रहेको छ भने बुकुनीको उपस्थिति निस्क्रिय छ तर घटनाभरि उनको उपस्थिति रहेको छ । यस कथामा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथामा प्रथम पुरुष दृष्टिबिन्दु हावी भएको छ । बुकुनीको चरित्रलाई म पात्रको तर्कनामा उपस्थित छ भने उनको छोरा र उनको पतिको पनि नगन्य मात्रामा प्रयोग गरिएको छ ।

कथाको घटनाक्रम अनुसार दृष्टिबिन्दुको प्रयोग गरिएकोले कथा समसामयिक परिस्थितिमा यर्थाथपरक नै लाग्दछ । म पात्रले आफ्ना यौवनमा तिर्सनाहरू पूरा गर्न नपाएकोले उसले बुकुनीको जीवनमा आफ्नो प्यास मेट्न खोजिएको भान हुन्छ । नेपाली समाजले नारीलाई गरेको विभेद हाम्रो समाजमा म पात्र जस्ता नारीहरू धेरै छन् जो समाजसँग विदोह गर्न नसकी आफ्ना तृष्णालाई दमन गरिराखेका हुन्छन् । म पात्रले आफ्नो छिमेकमा बस्ने बुकुनीको कोठाभित्रबाट मध्य रातमा देखिएको उज्यालो देखेर कल्पना भनौं वा तर्कनालाई नै विषयवस्तु बनाइएको छ । कथाको घटनाक्रमलाई सिलसिलाबद्ध, रूपमा मिलाइएको छ । समाजमा एक्लै बाँच्न कति सङ्घर्षमय हुन्छ भन्ने कुरालाई पनि खोतल्ने प्रयास गरिएको छ । कथा सलल बगेको छ । दृष्टिबिन्दुको प्रयोग पनि घटनाक्रम अनुसार उचीत नै देखिन्छ । कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग पनि उचित तरिकाले गरिएको पाइन्छ । समग्रमा भन्नुपर्दा दृष्टिबिन्दुको सम्मिश्रण उचित तरिकाले भएको देखिन्छ ।

### ४.२.११.५ उद्देश्य

एउटा महिलाको कुण्ठाले उसको मस्तिष्कमा कति असर गर्दछ र उसको सोचाईमा पनि के कस्ता असरहरू गर्दछ भन्ने कुरालाई यो कथाले देखाउन खोज्नु यो कथाको उद्देश्य हुन सक्छ भन्न सकिन्छ । त्यस्तै पतिसँगै नबस्ने महिलाले आफ्नो कोठामा बत्ति बाल्दापनि

अरूले के कस्ता कुराहरू सोच्न सक्छन् भन्ने कुरा देखाउनु र महिला एक्लै समाजमा बस्नु कत्तिको असहज हुनपुग्छ भन्ने देखाउन खोज्नु यो कथाको अर्को उद्देश्य हो ।

एकातिर यौवन अवस्थानै विधवा जीवन बिताउनु कति पीडादायी हुन्छ र उसले आफ्नो इच्छालाई कसरी दमन गर्नुपर्छ भन्नेकुरा खोतल्ने प्रयास गर्नु यो कथाको अर्को उद्देश्य रहेको छ । यौवन अवस्थामा नै विधवा जीवन बिताउनु कम चुनौतिपूर्ण छैन भन्ने देखाउनु पनि यो कथाको एउटा उद्देश्य नै हो । त्यस्तै यौवनले भरिपूर्ण यौवना लोग्ने भएर पनि एक्लैबस्नु पर्ने वाध्यता हुनुपनि एक किसिमको सामाजिक चुनौती हो । नेपाली समाज महिलाप्रति अनुदारवादी हुनुले पनि समाजमा विभिन्न कुण्ठाहरू हुर्किन सफल हुन्छन् र जीवनको कुनै कालखण्डमा यसले जीवनलाई नै ध्वस्त बनाउन पनि सक्छ भन्ने दर्शाउन खोज्नु पनि यो कथाको अर्को उद्देश्य हो । महिलाले नै महिलालाई राम्रो नजरले हर्न सक्दैनन् । उनीहरूमा पनि एककिसिमको ईर्ष्या उत्पन्न हुन सक्छ । त्यसलाई समयमै रोकथाम गर्नुपर्ने कुरा देखाउन खोज्नु पनि यसको उद्देश्य भित्र पर्दछ । आफ्ना दमित इच्छाहरू पूरा नहुँदा एउटी महिलाले अर्की महिलाको बारेमा कल्पना गरेर पनि तृप्तीलिने कोसिश गर्छन् भन्ने देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो भन्न सकिन्छ ।

## ४.२.११.६ भाषाशैली

'मध्यरात र खुल्ला झ्यालभित्रको उज्यालो' कथामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । कथा एक यौन कुण्ठित रूपमा छ । कथामा एकालापीय र वर्णानात्मक शैलीको प्रयोग गरिएको छ । संवादको प्रयोग गरिएको छैन । जवान अवस्थामानै विधुवा भएकी नारीको यौनकुण्ठालाई एकालापीय मनोविश्लेषनात्मक शैलीमा वर्णन गरिएको छ । कथामा नेपालको सामाजिक यथार्थ चित्रण पाइन्छ । सामान्य बोलिचालीका भाषा, तद्भव, आगन्तुक आदि शब्दहरू प्रयोग गरिएको छ । कथामा म पात्रले बुकुनीको कोठाबाट मध्यरातमा आएको बत्तिको उज्यालो देखेर विभिन्न तर्कना गर्दै एकलापीय शैलीमा सोचेको कुरालाई दसाईएको छ ।

कथा यर्थापरक नै छ । कथालाई सुरूवात र अन्त्य क्रमबद्ध रूपमा रहेको छ । वाक्य सरल लाग्छन् । मध्यरातमा कोठाबाट निस्केको उज्यालोबाट कथा सुरू गरेर कोठाको बत्ती निभेसँगै कथाको अन्त्य गरिएको छ । अघिसम्म मधुरो प्रकाश देखिने झ्याल कालो देखियो । मेरो मनमा उठेका प्रश्न सबै त्यही बत्तीको प्रकाशसँगै झ्याप्प भए (मधुश्री, २०७३

: १७०) । यसरी यो कथामा सरल भाषाको प्रयोगको साथै विभिन्न सरल शब्दहरूको चयनले कथा यथार्थपरक लाग्छ ।

## ४.२.११.७ निष्कर्ष

यो कथा नेपाली समाजको वास्तविक जीवनमा आधारित कथा हो । यसमा नेपाली समाजमा महिलाले आफ्नो चाहना र इच्छाहरूलाई दबाएर कुण्ठित हुनुपर्ने अवस्थालाई कथा मार्फत व्यक्त गरिएको छ । कथा वास्तविक लाग्छ । यो कथा अहिलेको नेपाली समाजको जल्दोबल्दो घटनामा आधारित देखिन्छ ।

## ४.२.१२ 'विजेता' कथाको अध्ययन

### ४.२.१२.१ कथानक

'विजेता' कथाको कथावस्तु उ पात्र उसकी श्रीमती छोरा र उसको इच्छा आकाङ्क्षा विवशतालाई दर्शाइएको छ । सहरको बसाईं भाडा तिर्नु पर्ने घरका सम्पूर्ण आवश्यकता पूरा गर्नुपर्ने वाध्यता छ । ऊ झमेलमा बस्छ । वास्तवमा त्यो ठाउँ झम्सिखेल हो तर त्यहाँको उन्मुक्त वातावरण अनुसार त्यसको नयाँ नामकरण झमेल गरिएको छ । उसलाई झमेलको वातावरणले सधैं आकर्षित गर्दछ तर उसको आफ्नो आर्थिक कमजोरीले झमेलका त्यस्ता उन्मुक्त वातावरणमा बसेर निस्फिक्रीसँग रक्सीको चुस्कि लिन पाएको छैन तर ऊ लालायित छ । यसरी यस कथामा मानवीय गुणलाई प्रस्तुत गरिएको छ । त्यस्तै एउटा सामान्य कर्मचारी जो काठमाडौंमा कोठा भाडा लिएर बस्छ उसले घरको खर्च छोराछोरीको फि आदि विभिन्न खर्च धान्नु पर्छ त्यस्तो व्यक्तिले विलासी जीवनको कल्पना गर्नु र जे जस्तो परिस्थिति भएपनि एकपटक झमेलको रेस्टुरेन्टमा गएर आफ्नो जीवनलाई पनि रङ्गिन बनाउन खोज्नु र आखिरमा त्यसभित्रको खोक्रोपनलाई आत्मसात गरी त्यस विलासी र आडम्बरमाथि विजय प्राप्त गर्नु नै यस कथाको मुख्य विषयवस्तु रहेको छ ।

रक्सीका नामबाट उसले मेनु पढ्न सुरू गऱ्यो । एक पेगको मूल्यमा आँखा पुग्दा मनले झसक्क सानो छोराको ज्वरोले थलिएको मरन्च्याँसे अनुहार र औषधी सम्झियो । पल्याक पुलुक हेरेर भुल्न खोज्यो र मासुको परिकारमा आँखा पुऱ्यायो । बँदेलको मासु, खसीको कवाव, कुखुराको रोस्ट, चिकेन तन्दुरी पढ्दा उसलाई ठुलो छोराको मासुभात खाने

अतृप्त रहर छतातुल्ल भएर मिसियो । अनि अरू स्न्याक्समा आँखा पुग्दा श्रीमतीको भान्सामा पस्किने तरकारी अभावमा भएको मलिन अनुहार झुलुक्क भयो । मेनुलाई पुनः टेवलमा राख्यो । उसले एकचोटि फेरि मेनुका सबै खाने कुरालाई हेर्‍यो । आफूलाई अनि आफ्नो परिवारलाई दाँज्यो । झमेलले उसलाई उपहास गरेजस्तै लाग्यो (मधुश्री २०७३ : १७८) । यसरी एउटा जिम्मेवार व्यक्तिले आँखाको भ्रममा पर्नु भन्दा आफ्नो जिम्मेवारी राम्ररी बहन गरी विजेता बन्न सफल भएको कुरालाई यस कथामा व्यक्त गरिएको छ ।

### ४.२.१२.२ चरित्र चित्रण

यस कथामा चारजना पात्रको कथालाई चित्रण गरिएको छ । मुख्य पात्र ऊ हो र सहायक पात्रको रूपमा उसकी श्रीमती र दुईवटा छोराहरू छन् भने गौण पात्रको रूपमा रेष्टुरेण्टमा काम गर्ने आदि पात्रहरू रहेका छन् । ऊ, उसको, श्रीमती र दुई छोरा यसमा ऊ पात्रको चरित्र एउटा घर व्यवहार धान्न सङ्घर्षशील पुरुष जो आफ्नो इच्छा पूरा गर्न असमर्थ छ । काठमाडौँको महङ्गीमा पनि विभिन्न किसिमका धनाड्यहरूको रवाफ देखेर उसलाई पनि एकदिन मजाले नै धनीको झैँ सानवान देखाउने रहर जाग्छ र त्यसकै तल्लीनमा रहन्छ । पैसा जम्मा गर्छ, घरमा उसको छोरालाई औषधी किन्ने पैसासमेत नभएको श्रीमतीले अझसम्म राम्रो लगाउन नपाएको अवस्थाको चित्रण यस कथामा छ ।

एकदिन उसले धनीको रवाफ देखाउन रेष्टुरेण्टमा जाँदा आफ्ना विभिन्न किसिमका आवश्यकतालाई सम्झेर आफ्नो यर्थाथलाई स्विकार गर्दै विजय प्राप्त गरी घर फर्कन सफल एउटा सामान्य किसिमको नागरिकको रूपमा ऊ पात्र सफल भएको छ । त्यसैले यस कथामा नेपालका विभिन्न स्थानबाट उपत्यका भित्र आएर कोठा भाडामा लिई विभिन्न पेसामा सङ्घर्षरत व्यक्तिको चित्रण गरिएको पाइन्छ । यसमा ऊ पात्र क्रियाशिल छ भने अरूपात्र गौण रूपमा आएका छन् । उसले आफ्नो इच्छालाई नै आफ्नो गन्तव्य जस्तो ठानेर अघि बढ्दै जान्छ र अन्त्यमा आफ्नो परिस्थितिलाई सम्झौता गर्दै विजेता बन्दछ । त्यसैले यस कथामा आर्थिक अवस्था कम भएका आम नेपाली व्यक्तिहरूको चित्रण पाइन्छ ।

### ४.२.१२.३ परिवेश

यो कथा ललितपुरको झम्सिखेलको परिवेशमा रचना गरिएको छ । झम्सिखेलको विभिन्न रेष्टुरेण्ट र त्यहाँ आउने बस्ने मानिसहरू देखेर म पात्रले पनि एकदिन कुनैपनि चिन्ता नगरि निस्फिक्री भएर आनन्दले एउटा रेष्टुरेण्टमा धनि व्यक्तिको झैं सानले खान जाने निधो गरेको छ । ऊ एउटा काठमाडौंमा सङ्घर्षशिल व्यक्ति हो । जसको एउटा जागिरले दुईवटा बच्चा र श्रीमती पाल्नु पर्ने बाध्यता छ । तैपनि ऊ एकदिन झम्सिखेलको रेष्टुरेण्टमा बसेर मज्जाले खाने सपना बोकेको छ ।

यो कथा पुरै सहरिया परिवेशमा आधारित छ । झम्सिखेललाई झमेल नामकरण गरिएको छ । जब साँझपर्दै जान्छ झम्सिखेल नव दुलही झैं लाल्छ । साँझ छिप्पिदैं गएपछि उसमा झन् मादकता थपिँदै जान्छ । यस्तो झमेलको दैनिकी देखेर ऊ पनि कहिले त्यहाँ गएर आफ्ना आकाङ्क्षा पूरा गरौं भन्ने तल्लिनमा सधैं झमेलको दर्शन गर्दै हिँड्छ । त्यहाँको ठाँटिलो पारा देखेर उसलाई पनि त्यत्तिकै मात चढेको छ । त्यसका लागि उसले अनेक प्रयत्न गर्छ । उसले आफ्नो छोरो बिरामी हुँदा पनि अस्पताल लान हिच्किचाउँछ । घरमा विभिन्न चिजबीजको अभाव रहँदापनि उसले टाल्दै जान्छ र एकदिन ऊ ठाँटबाँटका साथ एउटा रेष्टुरेण्टमा जान्छ । रेष्टुरेण्टमा पसेपछि खुव सानले बस्छ । वेयराले मेनु ल्याएपछि त्यहाँको मूल्य हेरेर उसलाई घरका विभिन्न आवश्यकताको याद आउँछ । अन्ततः ऊ यो देखावटी जालबाट विजय प्राप्त गरी घर परिवारलाई खुशीपार्न फर्किन्छ । यसरी आडम्बरलाई जितेर ऊ एउटा विजेता बन्न पुगेको कथा यसमा छ । यो कथा विभिन्न ठाउँबाट काठमाडौंका विभिन्न ठाउँमा बसेर आफ्नो परिवार पाल्ने वर्गको कथालाई आधार बनाएर यो कथाको रचना गरिएको छ ।

### ४.२.१२.४ दृष्टिबिन्दु

यो कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग छ । 'विजेता' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोगबाट नै कथाको सुरूवात भएको मानिन्छ । यस कथामा तृतीय पुरुष दृष्टिबिन्दुको साथै केही पात्रहरूको पनि उपस्थिति गराइएको छ । कथामा पात्रको बाहिरी देखावटीपनलाई आफ्नो मनद्वारा जित्न सफल भएर एउटा विजेता बन्न सफल भएको देखाइएको छ ।

यो कथामा तृतीय पुरुष दृष्टिबिन्दुको उपस्थिति कथाभरि नै छ । ठाउँ ठाउँमा नगण्य मात्रामा अरू पात्र रेष्टुरेण्टमा आउने ग्राहक बाहिरी दृष्टिबिन्दुको साथै ऊ पात्रको श्रीमती र छोराहरूको पनि उपस्थिति कथाभरि रहेको छ । त्यसैले कथामा तृतीय पुरुष दृष्टिबिन्दु तथा पात्रहरूको दृष्टिबिन्दुको प्रयोगको सम्मिश्रण गरिएको पाइन्छ । सहरको झिलीमिली र फोस्रो देखावटी देखेर आफूलाई पनि त्यसमै ढाल्न प्रयोग गर्नु भन्दा पहिले आफ्नो घाँटी हेर्नु पर्ने कुरा पनि देखाउन खोजिएको छ । हामीले बाहिरी आवरण राम्रो देखेर त्यसको पछि लाग्नु हुँदैन यथार्थलाई स्वीकार गर्न सक्नुपर्छ भन्ने सन्देश पनि यो कथामा पाउन सकिन्छ । कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग घटनाक्रम अनुसार मिल्दोजुल्दो नै रहेको देखिन्छ । कथाकारले पात्रलाई दृष्टिबिन्दु अनुरूप ढालेको देखिन्छ । दृष्टिबिन्दुको प्रयोग घटनाक्रम अनुरूप नै रहेको देखिन्छ । समग्रमा कथामा दृष्टिबिन्दुको सम्मिश्रण उचित देखिएको छ ।

### ४.२.१२.५ उद्देश्य

मानिस आफूले जान्ने उमेर भएदेखि नै सधैँ राम्रो चिजहरूप्रति आर्कषित हुने गर्दछ । हेर्दा राम्रो देखिने चिजविजहरू सबै असल नै हुन्छ भन्न सकिन्न । मानिसले जहिले पनि आफनो गच्छे अनुसारको उद्देश्य राख्नुपर्छ । आडम्बरको पछि लागेर आफ्ना कर्तव्यलाई भुल्नु हुँदैन । आडम्बरी चिजमाथि मनले विजय प्राप्त गर्न सक्नुपर्छ भन्ने देखाउनु यो कथाको उद्देश्य हो ।

गाउँबाट शिक्षादीक्षा वा रोजिरोटीको सिलसिलामा शहरमा कोठा भाडामा लिएर बस्ने मानिसलाई परिवारको भार बहन गर्न कत्तिको चुनौतीपूर्ण हुन्छ भन्ने देखाउनु यो कथाको अर्को उद्देश्य हो । बाहिरबाट देखिने झिलीमिली भनेको बत्तिको उज्यालोमा पुतली झुम्मिनु जस्तै हुन्छ भन्नु यो कथाको अर्को उद्देश्य हो । मानिसले आफ्नो घाँटी हेरेर हाड निल्नुपर्छ भने झैं आफ्नो हैसियत भन्दा ठुलो कुरामा जिद्दी गर्नु मूर्खता हो । समयमै यस सम्बन्धि ज्ञान लिई विजय प्राप्त गरेको देखाउनु पनि यो कथाको ठुलो उद्देश्य हो । कुनैपनि चिजविजको बाहिरी आवरण हेरेर त्यसको पछि लाग्नु भनेको मृगतृष्णा जस्तै हो भनेर देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.१२.६ भाषाशैली

विजेता कथामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । तद्सम शब्दहरूको पनि प्रयोग गरिएको छ । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग पनि गरिएको छ । सरल वाक्यमा कथा सरल बगेको छ । केहीमात्रामा मिश्रित र संयुक्त वाक्यहरूको पनि प्रयोग गरिएको छ । यो कथामा नेपाली सहरिया समाजका विकृतिलाई यथार्थपरक ढङ्गले प्रस्तुत गर्नका लागि सोझो र सरल भाषाको प्रयोग गर्नुका साथै वाक्यगठनका हिसाबले पनि सरलतालाई जोड दिएको पाइन्छ । यो कथामा भाषाशैलीको चमत्कार देखाएर अभिव्यक्तिलाई कतै कतै आलङ्कारिक र बिम्बात्मक तथा कृतिम बनाउन पनि खोजिएको छ । कथाको सुरूवातमा झमेलको वर्णनात्मक शैलीमा सुरू गरेर पात्रले त्यही झमेलको बाहिरी आवरणलाई जितेर विजेता बनी आफ्नो परिवारमा खुशी साटेर कथाको अन्त्य गरिएको छ । कथामा वास्तविकता देख्न पाइन्छ ।

यस कथामा पात्रले कृत्रिमता र वास्तविकतालाई अङ्गालेर नै कथाको अन्त्य गरिएकोले कथावस्तु सान्दर्भिक नै लाग्छ । कथामा सरल भाषाको साथै विभिन्न आगन्तुक शब्दहरूको प्रयोगले कथालाई शीर्षक अनुसार उपयुक्त नै देखिएको छ । कथा वर्तमान समयमा काठमाडौँ र यस क्षेत्रका वरिपरि टाढाटाढाबाट आएर भाडामा बसी आफू र आफ्नो परिवारको पेट पाल्न बाध्य सामान्य कर्मचारीको कथा हो ‘विजेता’ । समग्रमा भाषाशैलीका हिसाबले कथा सान्दर्भिक लाग्दछ ।

### ४.२.१२.७ निष्कर्ष

वास्तवमा यो कथा एउटा ठाउँलाई लिएर लेखिएकोछ । काठमाडौँमा डेरा गरी बस्ने व्यक्तिलाई बाँच्नको लागि गर्नुपर्ने सङ्घर्षलाई यो कथामा देखाइएको छ । बाहिरी आवरणलाई हेर्ने नेपाली समाजको मानसिकतालाई पनि यो कथाले देखाउन खोजेको छ । वास्तवमा यो कथा यथार्थपरक लाग्दछ ।

## ४.२.१३ 'अम्बाको बोट' कथाको अध्ययन

### ४.२.१३.१ कथानक

'अम्बाको बोट' कथाको कथावस्तुका बुढेसकालको अवस्थालाई चित्रण गरिएको छ । आमाबाबुले बुढेसकालमा सहारा पाउन मुस्किलको स्थितिलाई देखाइएको छ । बढी महत्त्वकाङ्क्षाले गर्दा मानिसहरू अमेरिकाजस्ता मुलुकमा गएपछि फर्केर नआउने । आफ्नो मातृभूमिमा रहेका आफ्ना आमाबाबुले उनीहरूले बाटो हेरेर बसेको कुरालाई चटक्कै बिर्सि विदेशी भूमिमा हराउने छोराको यथार्थ चित्रण यस अम्बाको बोट कथामा पाइन्छ। पढाइलाई निरन्तरता दिन बाबुआमाले गरेको सङ्घर्षलाई बिर्सिएर बुढेसकालमा दिनुपर्ने सहारालाई पैसा भएपछि भैहाल्छनि भन्ने नेपालको अहिलेको परिवेशलाई हेरी यथार्थ चित्रण गरिएको छ । यता बाबु अमेरिका गएका छोराहरू आउने पर्खाइमा अम्बाको बोटलाई हेरेर बसिरहेका छन् । त्यो त्यहि अम्बाको बोट हो जहाँ उनका छोराहरूले अम्बा पाकेपछि रमाईरमाई खाएको खेलेको दृष्य उनको मानसपटलमा झल्झलि आइरहेको थियो । उता भने छोराहरू आ-आफैँ मस्त रहेको कुरालाई यस कथाले दर्साउन खोजेको छ । छोराहरू विदेसीयपछि पिरले बुढोको स्वास्नी पनि मरेकी र ऊ टुहुरो भएको यथार्थतालाई यस अम्बाको बोट कथामा निकै मार्मिक किसिमले देखाइएको छ ।

छोराहरू विदेशतिर लागेपछि आफ्नो धर्म र संस्कारलाई पनि त्यागेर आफूमै मस्त भएको नेपाली एक्काइसौँ शताब्दीको परिवेशलाई निकै मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । कथामा टेवलमा राखेको टीकाको थाली र कम्प्युटरको स्क्रिनमा आँखा घुमिरहे के औचित्य रह्यो र अब यसको मलाई? छोराहरूलाई अबदेखि दसैँको उनीहरू के मतलव, उनीहरू क्रिस्चियन रे । उनीहरू अहिलेसम्म भोगोलिक दूरीबाट मात्र टाढा थिए तर बिस्तारै मेरो भावनात्मक सम्बन्धबाट पनि टाढा लाग्न थाल्यो । उनीहरूप्रति भएको सबै संवेदनाहरू क्रमशः ओइलाउँदै गए मभित्रबाट ।

कम्प्युटर बन्द गरेँ । असह्य पीडा भयो मलाई । ऊ मेरो आवेगलाई अध्यारो मुख पारेर हेरिरहेको थियो । मलाई खलखली पसिना आएजस्तो भयो । अनि बाहिर निस्के । बाटोमा टीका र जमरा लगाएका मान्छेहरूको चहलपहल बढेको रहेछ । मान्छे हिँडिरहेका चौरमा केटाकेटीहरू खेल्दै छन्, रङ्गीबिरङ्गी भएर । कोही टिकामा दक्षिणा पाएका पैसा गन्दै

छन् (मधुश्री, २०७३ : १८९) । यसरी यस कथामा नेपालीको समसामयिक सामाजिक परिस्थितिको चित्रण गरिएको छ ।

### ४.२.१३.२ चरित्र चित्रण

यस कथामा म पात्रलाई एक बुढेसकाल लागि सकेको एक हजुरबुबा बन्ने उमेरको व्यक्तिको रूपमा चित्रण गरिएको छ । यस कथामा उमेर पुगेको हजुरबुबा बन्ने उमेरमा रहेका म पात्रले बुढेसकालको साहारा आफ्नो छोरा आउने पर्खाइमा रहेको कथालाई अहिलेको समसामयिक अवस्थाको चित्रण गरिएको छ । यस कथामा म पात्र आफ्नो श्रीमतीको मृत्युपछि एक्लै घरमा बसेका छन्, जसको आफ्नो साथी भन्ने एउटा कुकुर मात्र छ । उनका दुईवटा छोराहरू छन्, जो विश्वको धनाढ्य मुलुक अमेरिकामा बस्छन् । यस कथामा अहिलेको समाजमा रहेको पैसाको पछि लागेर आफ्नो अभिभावकको दायित्वबाट पन्छिने नेपाली समाजको परिपाटीको चित्रण पाइन्छ ।

यो कथाका म पात्रले छोराहरू दशैंमा आउँछन् भनेर बोटमा पाकेका अम्बा पनि गाउँले केटाकेटीलाई समेत नदिई बोटमै राखेका छन् । छोराहरू आउँछन् र रमाउँला भनेर । यो त्यहि अम्बाको बोट हो जुन बोटको अम्बा कहिले पाक्छ भनेर उनका छोराहरूले बालककालमा सोधेका खेलेका रमाइला पलहरू समेत त्यस अम्बाको बोटसँग गाँसिएको छ । एक किसिमले भन्ने हो भने त्यो अम्बाको बोटसँग म पात्रको भावनात्मक सम्बन्ध गाँसिएको छ । बाटो कुर्दा कुर्दै दशैंको टिकाको दिन दुईवटै छोराहरूले इ-मेल मार्फत् आफू नेपाल आउन नसकेको र चर्चमा गएर बिहे गर्न लागेको कुरा लेखेर पठाउँछन् । यो देखेर म पात्रको मन ज्यादै खिन्न हुन्छ र अन्त्यमा उनले अम्बाको बोट पनि काटिदिन्छन् । यो कथा नेपालको अहिलेको सामाजिक यथार्थ चित्रण गरिएको कथा हो । अहिलेको समाज आफ्नो धर्म परम्परालाई त्याग्दै अन्य विभिन्न धर्म परम्परालाई अङ्गाल्दै हिँड्ने परिपाटीको समेत यस कथाले चित्रण गरेको छ । यो कथामा छोराहरू अविवेकी र स्वार्थीको रूपमा चित्रित छन् । बाबुलाई एक विवश रूपमा चित्रित गरिएको छ । यस कथामा मुख्य पात्र म पात्र हो सहायक पात्रको रूपमा उसका श्रीमती र छोराहरू छन् भने गौण पात्रको रूपमा गाउँले केटाकेटीहरू र काले कुकुर रहेको छ ।

### ४.२.१३.३ परिवेश

यो कथा मुख्य त सहर नजिकैको गाउँको सेरोफेरोलाई लिएर रचना गरिएको छ । सहरको साँगुरो ठाउँबाट दिक्क भएर सहर नजिकै गाउँमा बसोबास गर्न पुगेका परिवारको कथा छ । सहरी वातावरणमा साह्रै निस्सासिएर मानौँ धुलो धुवाँ आदि विभिन्न कारणले गाउँमा ठाँटबाँटका साथ बसेका परिवारको कथा यसमा छ । नेपालको समसमायीक घटनालाई यो कथामा समावेश गरिएको छ । अहिले नेपालीहरू जतिसुकै सम्पत्ति भएपनि पैसाको पछि लागेर विभिन्न देशहरूमा जाने र आफ्ना बाबु आमालाई वेवास्ता गर्ने परिपाटीलाई पनि यो कथाले उजागर गर्न खोजेको छ ।

यो कथामा आमा बाबुको सपनालाई सन्तानले कसरी चकनाचुर पार्छन् भन्ने कुरा पनि थाहापाउन सकिन्छ । म पात्र एक पाको उमेरका व्यक्ति हुन् । जो श्रीमतीको मृत्युपछि एक्लै घरमा बस्छन् । उनको साथी भन्नु एउटा कुकुर थियो । छनत दुईवटा छोराहरू थिए दुवै परदेशी अमेरिका तिर बसाइँ । दशैं नजिकै आउन लागेको छ । अम्बाको बोटमा अम्बा पनि पाक्दै छन् । उनका छोराहरूले सानो हुँदा कैले अम्बा पाक्छ भन्दै प्रतिक्षा गरेका हुन्थे । अहिले गाउँका केटाकेटीले माग्दा पनि उनले छोरा आउँछन्, अनि बाँडेर खाउँला भनेर टार्दै हुन्छन् । टिकाको दिनसम्म कुर्दाकुर्दै अन्त्यमा दुवैजना आउन नसक्ने कुरा इ-मेलद्वारा जानकारी गराउँछन् अन्त्यमा उनको छोराहरूसँग भेट गर्ने कार्य चकनाचुर हुन्छ र उनले त्यो अम्बाको बोट नै काटिदिन्छन् । यो कथा अहिलेको नेपाली सामाजिक परिवेशमा आधारित कथा हो, जुन विभिन्न प्रलोभनमा परेर विदेशमा भासिनेहरू उतैको माया मोहमा परेर आफ्ना संस्कृति परम्परा तथा धर्मलाई समेत तिलाञ्जली दिन पछि पर्दैनन् भन्ने यसमा छ ।

### ४.२.१३.४ दृष्टिबिन्दु

यस कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'अम्बाको बोट' कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग हावी भएको छ । यो कथामा कतैकतै पात्रका रूपमा म पात्रका छोराहरू, गाउँले केटाकेटी र नगण्य मात्रामा प्रयोग र तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ । कथा मार्मिक नै लाग्छ । कथा समसामयिक नेपाली परिवेशसँग मिल्दो रहेको भेटिन्छ ।

अहिलेको नेपाली युवापुस्ता पैसाको पछि लागेर आफ्नो धर्म, संस्कृति त्यागेर अर्काको धर्म संस्कृति अँगाल्नेहरूको बारेमा खोतल्ने प्रयास गरिएको छ । त्यस्तै आफ्नो जीवनको अन्तिम अवस्थामा रहेको बाबुको कुनै वास्ता नगरी आफ्नो स्वार्थ पूरा गर्न तल्लीन रहेका छोराहरू जो आफू सन्तान हुनुको कर्तव्य भुलेर भूलभूलैयामा रूमलिरहेका छन् । त्यसैले घटनाक्रम भरी म पात्रको उपस्थिति र उसका स्मरणको सम्मिश्रण प्रस्तुति रहेको छ । जसरी उनले सन्तानलाई औँला समाएर हिँड्न सिकाए तर छोराहरूले जीवनको ओरालीमा आएर हात छोडेर हिँडेको यथार्थ कुरालाई उजागर गरिएको छ । कथामा दृष्टिबिन्दुको प्रयोगलाई पनि उचित तरिकाले घटनाक्रम अनुसार प्रयोग गर्ने जमर्को गरिएको छ । सानोमा अम्बाको त्यहि बोटमा रमाउने छोराहरू आज बाबु एक्लो हुँदापनि बाबुको हात थाम्न आइपुगेनन् र उनले अम्बाको बोट काटेर आफ्नो स्मरणबाट मुक्त पाउन खोजेको देखिन्छ । कथामा दृष्टिबिन्दुको प्रयोग उचित तरिकाले गरिएको छ भन्न सकिन्छ ।

### ४.२.१३.५ उद्देश्य

आजको युगमा मानिससँग सबैकुरा भएपनि बढी पैसा कमाउने लोभमा पैसाको पछि लागेर आफ्नो धर्म, संस्कृतिलाई समेत त्याग्न पछि पर्दैनन् भन्ने कुरा देखाउन खोज्नु यो कथाको उद्देश्य हो । आमाबाबुको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामाथि भने झैँ आफूले जन्मेको ठाउँ बाबुआमा, सबैलाई एकैछिनमा त्याग्न सक्छन् । बाबुआमाले आफ्नो जीवनका अमूल्य क्षणहरू छोराछोरीलाई दिएपनि उनीहरूले अलिकति समय दिनपनि किन कन्जुस्याईं गर्छन् भन्ने कुरा देखाउन खोज्नु यो कथाको अर्को उद्देश्य हो ।

त्यहि अम्बाको बोटमा आफ्ना जीवनका अमूल्य क्षण बिताएकाहरू त्यसलाई आफ्नो दिमागको कुनै कुनामा पनि राख्दैनन् । अहिलेको नयाँ पिँढिले आफ्ना आमाबाबुप्रतिको दायित्वलाई कसरी बिर्सँदैछन् भन्ने कुरा देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो । विदेशमा गएर त्यहिँको भिडभाडमा हराउने छोराछोरीले यो बुझ्नु जरुरी छ की उनीहरूको बाटो कुरेर बस्ने उनीहरूका आमाबाबु पनि छन् भन्ने देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो । कुनै कामको सिलसिलामा अमेरिका जस्ता विकसित मुलुकमा गएपनि आफ्नो जन्मभूमि र जन्मदातालाई भुल्नु हुँदैन । भोलि हामी पनि त्यो अवस्थामा पुग्नेछौँ, त्यतिवेला धेरै ढिलो हुनेछ । त्यसैले समयमै सचेत भई असल सन्तान आदि बनेर आफ्ना जननीप्रतिको आफ्नो कर्तव्यलाई नभूल आफ्नो परम्परा, संस्कृति वेशभूषा आदिलाई पनि

नभूल भनेर देखाउनु खोजिएको छ । अहिलको युवापिँढी पैसाको पछि लागेर आफ्ना सम्पूर्ण दायित्व र कर्तव्यबाट पन्छिँदै छन् भन्ने कुरा देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.१३.६ भाषाशैली

'अम्बाको बोट' कथामा सरल भाषाको प्रयोग गरिएको छ । कथा चेतनामूलक छ, समय सांन्दर्भिक पनि छ । यो कथामा सामान्य बोलिचालिको भाषा प्रयोग गरिएको छ । आगन्तुक शब्दहरू प्रशस्त मात्रामा प्रयोग भएका छन् । कथा मार्मिक नै छ । बाबुआमाको माया छोराछोरी माथि छोराछोरीको माया ढुङ्गामाथि भनेझैँ कथामा पनि यहि कुराको चरितार्थ भएको पाईन्छ । अम्बा पाकेको देखेर रमाउने छोराहरू आजको दिनमा आफ्नो सबै धर्म संस्कृति बिर्सेर विदेशकै धर्म र संस्कृति अँगालेर बुढो बाबुको छोरा आउने आश पनि निरास भएपछि बुढाले सम्झना स्वरूप अम्बाको बोट नै काट्छन् । पनि प्रकृतिको देन त्यो बोटमा फेरी मुजुराहरू पलाएको देखाएर कथाको अन्त्य गरिएको छ ।

केही दिनपछि देखेँ, काटिएको ठुलोबाट थुप्रै मुजुराहरू पलाएका थिए । अनायास मेरो चेतनाले अर्न्तमन छाम्यो सुस्तरी (मधुश्री, २०७३ : १९०) । त्यसैले यो कथा चेतनामूलक पनि छ । भाषाशैली सरल र सहज पनि छ । कथा नेपाली समाजको वास्तविकतामा आधारित देखिन्छ । कथा मार्मिक लाग्छ, यो कथाले वर्तमान नेपाली जीवनसन्दर्भलाई प्रस्तुत गरेको छ ।

### ४.२.१३.७ निष्कर्ष

हाम्रा कर्णधारहरू पैसामुखी भएर गएको यथार्थ कुरा यस कथामा छ । पैसाको लागि सन्ततिले आफ्नो धर्म संस्कार पनि त्याग्दै छन्  भन्ने कुरालाई यो कथाले देखाउन खोजेको छ । पैसाको अगाडि जन्मदिने वाबु आमा समेत त्याग्न पछि नपर्ने कुरा यस कथामा छ ।

### ४.२.१४ 'बुधनको घोडी' कथाको अध्ययन

#### ४.२.१४.१ कथानक

बुधनको घोडी कथाबाट नै यस कथासङ्ग्रहको नामकरण गरिएको छ । यस कथामा तराईको विपन्नवर्गको कथा यसमा छ । हरिया धेरै गरिब हुन्छ । उसलाई आफ्नो घोडीले बच्चा पाई भने उसको सपना पूरा हुन्छ भन्ने सोच्छ तर उसलाई आफ्नो घोडी करिश्मा गर्भवति भएको हेर्न मन हुन्छ । घोडीलाई गर्भवती गराउन लैजाने पैसा समेत हुँदैन । ऊ टाँगामा मान्छे ओसारपसार गर्ने काम गर्छ, त्यहि पैसाले उसको गुजारा चलेको हुन्छ । त्यसैले उसले आफ्नो इच्छा पूरा गर्न सक्दैन । उसको काम सौराहा चोकमा पुगेर पर्यटक ओसार्ने हुन्छ । सौराहा चोक टाँडीबाट एक हुल पर्यटक लगेर सौराहा बजारमा ओह्लेपछि टाँगाबाट करिश्मालाई खोलेरचर्न छोडिदिएको थियो (मधुश्री, २०७३ : १९१) । बुधन सानै देखि बेसहारा हुन्छ उसको आफ्नो भन्ने नै त्यहि करिश्मा बाहेक कोहि छैन यस दुनियाँमा, त्यसैले धेरै माया गर्छ बुधन करिश्मालाई, दुवै एक अर्काका सहारा बनेका छन्, उनीहरू बुधनको इच्छा अनुसार करिश्मा गर्भवती हुन्छे । बुधनले उसको ख्याल राख्दा राख्दै पनि आफ्नो जोहोको लागि गर्भवतीको समयसम्म पनि पर्यटक ओसार पसार गर्ने काम गर्न बाध्य हुन्छ । त्यसैले उसले अन्त्यमा मरेको बच्चा जन्माउँछ र उसको सपना तुहिन्छ । गरिबको दिन कहिल्यै आउँदैन भनेको सत्य साबित भएको देखाइएको छ, यस कथामा कथाकारले ।

हरिया गरिब भएकै कारण उसले गर्भवति करिश्मालाई अन्त्यसम्म पनि पर्यटन ओसार्ने काममा प्रयोग गरेको देखाइएको छ । यो कथा निकै मार्मिक किसिमले प्रस्तुत गरिएको छ । तराईको ज्यादै निम्न वर्गीय व्यक्तिको कथा यसमा प्रस्तुत गरिएको छ । यस कथामा कथाकारले मानिसको विवशता र गरिबीलाई यथार्थ रूपले चित्रण गरिएको पाइन्छ । विवश हरियाले पैसाको अभावमा बल्लतल्ल गर्भवति भएकी घोडीलाई गर्भवती अवस्थामा पनि भनेको जस्तो राम्रो खान दिन सक्दैन । घोडीलाई ज्यादै गाह्रो भएको अवस्थामा पनि उसलाई पर्यटन ओसार्ने काम लगाउन हरिया बाध्य भएको कुरा यस कथामा देखाइएको छ । त्यस्तै गर्भवति अवस्थामा स्याहार नपाएपछि अन्त्यमा हरियाले मरेको बच्चा जन्माउँछे, जसले हरियाको सपना समेत चकनाचुर भएको कथावस्तुलाई यस कथामा प्रस्तुत गरिएको छ । यो 'बुधनको घोडी' कथामा तराईमा बसोबास गर्ने निम्न

वर्गीय समाजमा रहेका व्यक्तिहरूको जीवन गाथालाई निकै मार्मिक रूपमा प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा यो कथा ज्यादै मार्मिक रहेको छ ।

### ४.२.१४.२ चरित्र चित्रण

यस कथामा मुख्य पात्र बुधनको हो भने सहायक पात्र उसको घोडी करिश्मा हो र गौण पात्रका रूपमा हरिया, मास्टर आदि छन् । यो कथामा बुधनलाई एउटा असहाय गरिव र टुहुरो व्यक्तिको रूपमा चित्रण गरिएको छ । परिपक्व उमेर हुँदासम्म पनि कुनै आफ्नो सम्पत्ति नभएको र सधैँ अरूको आशमा बस्नुपर्ने अवस्थाको सिर्जना गरिएको छ । मास्टरलाई एउटा सहयोगी भावना भएको व्यक्तिको रूपमा चित्रण गरिएको छ । त्यस्तै समाजमा रहेका विभिन्न किसिमका अरूले राम्रो गर्लाकि भनेर अरूलाई दुःख दिने नियत भएको व्यक्तिको रूपमा हरियाको चित्रण गरिएको छ । उसलाई गरिब बुधनप्रति पटक्कै दयाको भावना नभएको देखाइएको छ । त्यस्तै समाजमा घट्ने घटनाहरू नियाल्ने र छिनोफानो गर्ने व्यक्तिहरूको रूपमा गोपीसरलाई चित्रण गरिएको छ ।

यस कथामा मुक पात्र बुधनको घोडीको विवशतालाई पनि मार्मिक रूपमा प्रस्तुत गरिएको छ । बुधनको घोडीले गर्भवती भएको अन्तिम दिनसम्म पनि सकि नसकि बुधनलाई साथ दिएकी छ । आफ्नो कर्तव्य पूरा गरेकी छ । बुधन विचरा धेरै गरिव भएको कारण धेरै लाचार देखाइएको छ । गोपीसर बुधनलाई आफ्नै छत्रछायाँमा हुर्काउने व्यक्ति हुन् तर पनि बुधनको जीवनका सम्पूर्ण पाटाहरूलाई उनले बुझेर न्याय गर्न सकेको छैनन् । उनी पनि अरूको कुरा सुन्ने व्यक्तिको रूपमा देखा परेका छन् । यो कथामा सौराहातिर टाँगा चलाउने विवश गरिब आम जनताका कुरा यस कथामा कथाकारले समेटेकी छन् ।

### ४.२.१४.३ परिवेश

यो कथा नेपालको चितवन जिल्लामा अवस्थित टाँडी, सौराहा आदिको परिवेशमा आधारित रहेर रचना गरिएको कथा हो । यो कथामा टाँडीबाट सौराहासम्म टाँगा चलाउने व्यक्तिहरूको यथार्थ कथा यसमा पाउन सकिन्छ । उनीहरूको जनजीवनमा आधारित रहेर कथा व्यथालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । यो कथा तराईको परिवेशमा आधारित रहेर  रचना गरिएको छ ।

बुधन एक टुहुरो व्यक्ति हो, जसको आमा बाबुको कुनै ठेगाना थिएन । गोपिसरले छत्रछायाँमा हुर्केको हुन्छ । उसको सम्पत्ति भन्नु नै उसको घोडी करिश्मा छे । साथी, सम्पत्ति जे भने पनि यहि करिश्मा हो । केही कुरा गर्नु परे पनि, दुःख सुख पनि करिश्मा सँग नै बाँड्नै गर्थ्यो । उसलाई माया पनि गर्छ यसरी बुधनको घरमा दुइटा प्राणी छन् करिश्मा र बुधन । पैसा नभएको कारण करिश्मा गर्भवती भएकी छैनन् । एकदिन अचानक हरियाको सलमानद्वारा करिश्मा गर्भवती हुन्छे । यो कुरा हरियाले थाहा पाएर पैसाको लागि गोपिसरकोमा बैठक बोलाउँछ र पैसादिने कवुल गरेर बुधन आउँछ । गर्भवती करिश्मालाई अन्तिम दिनसम्म पनि काममा लगाउनु उसको वाध्यता हुन्छ । करिश्माले अन्त्यमा मरेको वछेडा पाउँछे र बुधनले देखेका सपनाहरू चकनाचुर हुन्छ । बुधन झोक्राउँछ उसले कुनै उपाय सुझाउन सक्दैन । यो कथा गरिबी र निम्न वर्गीय टाँगावालहरूको प्रतिनिधित्व गर्ने कथा हो । यो ग्रामीण परिवेशमा रचना गरिएको छ ।

## ४.२.१४.४ दृष्टिबिन्दु

बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'बुधनको घोडी' कथामा कथाकारले बुधनको पात्र मार्फत चरित्रको प्रस्तुति गरिएको छ । ठाउँ-ठाउँमा तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ । कथा ज्यादै मार्मिक छ । कथामा बुधनको घोडी करिश्माको उपस्थिति कथाको घटनाभर रहेको छ । त्यसैले करिश्मालाई पनि बाह्य दृष्टिबिन्दुको रूपमा कथाभरी उपस्थिति गराइएको छ । कथाको सुरूवात नै बुधनको घोडी करिश्माको उपस्थितिबाट नै भएको पाइन्छ ।

यो कथाको दृष्टिबिन्दु बुधनको जीवनी र उसकै सेरोफेरोमा कथा अघिबढेको देखिन्छ । कथा निम्न वर्गीय जो टाँडीबाट सौराहासम्म टाँगा चलाउँछन् । उनीहरूको जीवनशैली कति कष्टप्रद रहेको र जीवन कति सङ्घर्षमय रहेको छ भन्ने स्पष्ट पार्न खोजिएको छ । कथा मार्मिक रहेको छ । समाजमा रूपैयाँ, पैसा नहुनेको गर्भवती रहेकी घोडी करिश्मालाई वाध्यतावश अन्तिम समयसम्म पनि पर्यटन ओर्सार्ने कार्यमा लगाउनाले मरेको बछेडो जन्माउँछे र बुधनको सपना चकनाचुर भएको छ । कथामा घटनाक्रम सिलसिलावृद्ध रूपमा नै रहेको छ । कथामा दृष्टिबिन्दु र पात्रहरूको दृष्टिबिन्दु उचीत तरिकाले सम्मिश्रण गरिएको पाइन्छ । समग्रमा 'बुधनको घोडी' कथाबाट पुस्तकको

नामकरण पनि उचित नै लाग्दछ । कथामा दृष्टिबिन्दुको प्रयोग घटनाक्रम अनुरूप मिल्दो रहेको छ । त्यसैले कथा मार्मिक र यथार्थपरक देखिन्छ ।

### ४.२.१४.५ उद्देश्य

यस कथामा गरीब व्यक्तिले कसरी आफ्नो जीवन निर्वाह गर्छ । उसलाई समाजले कहिले पनि चासो दिँदैन । समाजमा भएका निम्न वर्गीय व्यक्तिले के कस्ता कठिन परिस्थितिबाट आफ्नो जीवनको गतिलाई अघि बढाएको हुन्छ भन्ने कुरा देखाउन खोज्नु यो कथाको उद्देश्य हो ।

आफ्नो गरिवीमा पनि जीवनलाई गतिदिन विवश व्यक्तिहरूको जीवनको कुनै एउटा पाटोको बयान गर्नु, त्यस्तै मुकवान जनावरलाई पनि एउटा मानव झैँ व्यवहार गर्नु र आफ्नो सुखदु:खको साथि बनाउन सकिन्छ भन्ने कुरा देखाउनु पनि यो कथाको अर्को उद्देश्य हो । निम्न वर्गिय व्यक्तिलाई समाजमा जीवन चलाउन कति मुश्किल हुन्छ भन्ने देखाउन खोज्नु पनि यो कथाको अर्को उद्देश्य हो भन्न सकिन्छ । विवशताको कारण गर्भवति अवस्थामा रहेको बेलामा पनि सकिनसकि काम गर्न लगाउनु र उसको विवशतालाई देखे नदेखे झैँ गर्नुपर्ने कुरालाई सबैको सामु उजागर गर्न खोज्नु पनि यो कथाको उद्देश्यमा पर्दछ । मानिस पैसाको सामु कति निरिह्य रहन्छ यो समाजमा त्यस्तै भारी बोकेर मालिकको आवश्यकता पूरा गर्ने वेजुवान जनावहरू कति इमानदार हुन्छन् भन्ने कुरा देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो । आफ्नो जीवननिर्वाह गर्न गरिवलाई कति मुश्किल हुन्छ र कसरी उनीहरू निरिह हुन्छन् भन्ने कुरालाई प्रस्ट्याउन खोज्नु यो कथाको अर्को उद्देश्य हो

### ४.२.१४.६ भाषाशैली

'बुधनको घोडी' कथासङ्ग्रहको नामकरणबाट नै रचना गरिएको कथा हो । कथामा टाँडि सौराहामा टाँगा चलाउने निम्न वर्गीय नेपालीको जीवनशैलीमा आधारित कथा हो । कथामा तराईमा बोल्ने भाषाशैलीको प्रयोग गरिएको पनि छ । सरसरती हेर्दा कथामा सरल भाषाकै प्रयोग गरिएको पाइन्छ । कथा ज्यादै मर्मिक र कारुणिक लाग्छ । कथाले निम्न वर्गीय मानिससँग बस्ने बेजुवान घोडीले पनि ऊ सँगै भोगेका दु:खलाई ज्यादै मार्मिक किसिमले वर्णन गरिएको पाइन्छ । कथा वर्णनात्मक र संवादात्मक छ । कथाको सुरूवातमा

बुधन आफ्नो घोडीले बछेडा पाउने आशमा रहेको र कथाको अन्त्यमा घोडी करिश्माले मरेको बछेडा पाएको हेरेर जिल्ल परेको देखाएर कथाको अन्त्य गरिएको छ । यसबाट कथाको घटनाक्रम लयबद्ध तरिकाले गरिएको पाइन्छ ।

त्यसै बेला हरिया पाँच, छ जनाको जमात लिएर आउँदै गरेको देख्यो बुधनको । बुधनले एकचोडी हिजो बेलुका पाएको पैसा छाम्यो गोजीमा राखेको अनि हेऱ्यो घरी हरिया र घरी करिश्माको निर्जीव बछेडातिर (मधुश्री, २०७३ : २०७) । यसरी कथावस्तु अनुसार शीर्षक ज्यादै उपयुक्त देखिन्छ । कथा वास्तविक र घटनाक्रम सत्य लाग्दछ । कथावस्तु ज्यादै मार्मिक  छ । भाषाशैली सरल छ । सरल वाक्यको प्रयोग गरिएको छ भने अधिकांश भागमा संयुक्त वाक्यको पनि प्रयोग छ । कथामा तद्भव, तत्सम आदि शब्दहरूको पनि प्रयोग गरिएको  छ ।

### ४.२.१४.७ निष्कर्ष

यो कथा तराईको सौराहामा टाँगा चलाएर गुजारा गर्ने व्यक्तिहरूको जीवनीमा आधारित छ। गरिबीको रेखामुनी रहेका मानिसको जीवनसँग मिल्दोजुल्दो कथा यसमा छ । कथा ज्यादै मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।

### ४.२.१५ 'बाजी' कथाको अध्ययन

### ४.२.१५.१ कथानक

यस कथामा म पात्र र उसको कथा छ । जो भखैरका जवान युवक युवतीका कथालाई समेटिएको छ । जो पढ्दै छन्, रोजगारी छैन । काठमाडौँमा एउटा कोठा भाडामा लिएर घरबाट खर्च ल्याएर पढाइ गर्दैछन् । म पात्र र ऊ जहिले पनि विभिन्न कुरामा बाजी राख्ने गर्छन् । दुवैजना कुनैपनि कुरामा हार्न चाहँदैनन् । त्यसैले कतिपय कुरा त टुङ्गोमा नै पुग्दैन । यस कथामा पनि उनीहरूले कुनैपनि लोग्नेमान्छे, र आइमाई एकै कोठामा रातभरी त्यसै बस्न सक्दैनन् । उनीहरू शारीरिक रूपमा कमजोर पर्छन् भनेर उसले भन्छ भने मा पात्रले कि बस्न नसक्नु भन्ने कुरामा दुवैका बाजी पर्छ । यसरी बाजीमा जित्नको लागि म पात्रले त्यस कोठामा राति आएर विभिन्न किसिमका हाउभाउ दर्शाएर त्यस कोठामा रातभरी बस्दा पनि कुनै किसिमको शारीरिक संसर्ग नभई राम्ररी नै एउटै कोठा, एउटै

ओछ्यानमा रात बिताएर म पात्रले बाजी जितेको कुरा यस कथामा दर्शाइएको छ । यो कथा जवानीले भरिपूर्ण भएका युवा युवतीको कथालाई विस्तृत रूपमा वर्णन गरिएको छ । यहाँ सुन त, यदि एउटा केटामान्छे र एउटी केटीमान्छे एउटै कोठामा बिताए भने के हुन्छ ।

## ४.२.१५.२ चरित्र चित्रण

यो कथामा मुख्य पात्र म र सहायक पात्र ऊ अनी गौण पात्रका रूपमा चखेटी, कलेजका साथीहरू आदि छन् । यस कथामा मुख्य रूपमा जम्मा दुई जना पात्रको मात्र चरित्रको चित्रण गरेकी छन् । यस कथामा उपस्थित दुई पात्र म र ऊ हुन् । उनीहरू सँगै कलेजमा उनीहरू दुवैजना एक किसिमका हार नचाहने घमण्डी पात्रको रूपमा देखिन्छन् । त्यसै आम नेपाली जो टाढा-टाढा गाउँबाट काठमाडौँमा उज्यालो भविष्य खोज्न काठमाडौँ आउँछन् । काठमाडौँमा आएपछि विभिन्न किसिमका समस्यासँग जुद्धै बसि आफ्नो जीवनलाई अघि बढाउने भन्ने कथा यसमा चित्रित छ ।

यो कथामा म पात्र आइमाई र ऊ पुरुष पात्रको रूपमा रहेका छन् । यी दुवैजना एक आपसमा प्रमेमी प्रेमीका पनि हुन् । उनीहरू विभिन्न कुरामा बाजी राख्ने गर्छन् । यसरी बाजी राख्दा दुवैजना हार्न नचाहने किसिमका छन् । जसले गर्दा उनीहरूको बाजी कहिले काहीँ टुँङ्गोमानै पुग्दैन । यो कथामा पुरुष पात्र महिलालाई एउटा कमजोर पात्रको रूपमा सोच्छ । उसले जवान महिला र पुरुष सँगैबस्दा एक किसिमको आकर्षण हुन्छ । जसले गर्दा उनीहरू आगोमा घिउ पग्लिए झैँ पग्लिन्छन् । उनीहरू शरिरलाई हार्छन् भन्ने मानसिकता बोक्ने व्यक्तिको रूपमा चित्रित छन् । यही कुरालाई म पात्रले महिला र पुरुषको सम्बन्ध शारीरिक मात्र हुँदैन । यही आफूले नियन्त्रण गर्न सकेको खण्डमा एउटै आछ्याउमा रातभरी बस्दा पनि केही हुँदैन । मानिसको मनको कुरा हो । त्यसलाई आफूले नियन्त्रण गर्नै सकेको खण्डमा जस्तो सुकै स्थितिमा पनि लोग्ने मानिस र आइमाई रात बिताउन सक्छन् भन्ने धारणा म पात्रको रहेको छ । त्यसैले यो कथामा कथाकारले दुई पात्रलाई दुई किसिमको धारणा राख्ने व्यक्तिहरूको रूपमा चित्रण गरेकी छन् ।

### ४.२.१५.३ परिवेश

'यो कथा काठमाडौँको सेरोफेरोमा रहेर रचना गरिएको छ । काठमाडौँकै वातावरणीय परिवेश यो कथामा देख्न सकिन्छ । काठमाडौँमा देशका विभिन्न ठाउँबाट आएर बसोबास गर्ने जोडीको कथा छ । जो पढ्नको लागि काठमाडौँमा एउटा कोठा भाडामा लिएर बस्छन् । उनीहरू छुट्टा छुट्टै ठाउँमा कोठा लिएर बस्छन् । समय समय विभिन्न कुरामा बाजी राख्छन् । दुवैजना हार्न नचाहने हुन्छन् । त्यसैले कहिले त वाजी टुङ्गोमा पुग्न नै पाउँदैन ।'

यसरी ऊ र म पात्रले एकदिन त्यस्तै कुरामा वाजी राख्छन् । उसले महिला र पुरुषको सम्बन्ध एकान्तमा नपग्ली रहन नसक्ने कुरा गर्छ तर म भने यो कुरालाई नकार्न थाल्छु र वाजी राखिन्छ । एकदिन म उसले भनेझैँ राती उसको कोठामा आएर विभिन्न कुरामा अलमलाई विभिन्न हाउभाउ कटाक्षद्वारा, उसको ओछ्यानमा बस्नु म्वाँइ खान्छु र रात त्यहिँ बिताउँछु र पनि हामीबिच त्यस्तो केही हुँदैन, अन्त्यमा बाजी मैले जित्छु । ऊ हेरेको हेर्‍यै हुन्छ । वास्तवमा यो कथाले महिला र पुरुषको सम्बन्ध निकै गहिरो रहेको छ। उनीहरूको सम्बन्धलाई आगो र घिउसँग मात्र तुलना गर्नु हुँदैन । यही मानिसले आफूलाई नियन्त्रण गर्न सकेको खण्डमा जस्तो सुकै परिस्थितिलाई पनि जित्न सकिन्छ भन्ने कुरा यो कथामा बुझाउन खोजिएको छ । महिला पुरुष सृष्टिका सुन्दर रचना हुन् यो संसारमा दुवैको अस्तित्व रहनुपर्छ र आफूलाई नियन्त्रण गर्न सकेको खण्डमा जस्तोसुकै परिस्थितिलाई पनि सामना गरी जिन्दगीको वाजी मार्न सकिन्छ भन्ने कुरालाई राम्ररी दर्शाइएको छ ।

### ४.२.१५.४ दृष्टिबिन्दु

यो कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'बाजी' कथामा मुख्यरूपमा दुई पात्रको मात्र कथा छ । दुई पात्रको घटनाक्रम नै कथा हो । म पात्र नै कथाकारको रूपमा प्रस्तुत भएकी छन् भने ऊ, उसको भन्ने तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग छ । यो कथामा प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दुको सम्मिश्रण पाइन्छ । यो कथा दुईजना पात्रको ख्याल ख्यालमा नै घटनाक्रम भएको र कथाको निर्माण भएको छ ।

'बाजी' कथामा युवा युवतीले एक आपसमा बाजी राख्ने गरेको र सधैँ दुवैजना हार्न नचाहने छन् । दुवै जना हार्न नचाहने भएकोले बाजी टुङ्गोमा नै पुग्न पाउँदैन । यो 'बाजी' कथामा ऊ पात्रले युवा युवतीसँगै एउटै कोठामा रात बिताउन सक्दैनन् । उनीहरू आगो र घिउ हुन् भनी तर्क राख्छ भने म पात्रले अवश्य सकिन्छ भन्ने भावना राख्छिन् । उसलाई पत्तै नदिई विभिन्न किसिमका हाउभाऊ र कटाक्षगरी कोठामा आई रात बिताउँछे र उसले भनेको जस्तो केही नभई उज्यालो हुन्छ र म पात्रले बाजी आफूले जितेको कुरा गरेपछि ऊ हेरेको हेऱ्यौ हुन्छ । यसरी म पात्रले बाजी जित्न सफल भएको देखाइएको छ । महिला र पुरुष पनि असल मित्र बन्न सक्छन् । यो कथामा प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोगको सम्मिश्रण उचित तरिकाले गरिएको छ । कथामा अन्य पात्रको प्रयोग नगव्य मात्रामा छ भनौँ नाम मात्र उच्चारण भएको छ । त्यसैले यो कथामा दृष्टिबिन्दुको प्रयोगअनुसार कथा युवापुस्ता लक्षित देखिन्छ ।

### ४.२.१५.५ उद्देश्य

यो कथामा एउटा नारी र पुरुषको मित्रता पनि कति अटुट हुन्छ । एउटै कलेजमा पढ्ने साथीहरूबिच कति सुनौलो सम्बन्ध रहन्छ भन्ने कुरा यो कथाले देखाउन खोजेको छ । नारी पुरुषको सम्बन्ध सधैँ आगो र घिउसँग मात्र तुलना गर्न मिल्दैन उनीहरू असल मित्र बन्न पनि सक्छन्, जीवनसाथी पनि बन्न सक्छन् भन्ने कुरा देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो ।

कुनैपनि एउटै कोठामा जवान महिला र पुरुष रात विताउन पनि सक्छन् । उनीहरू सबै परिस्थितिसँग सामना गर्नुको साथै आफ्नो मर्यादामा पनि रहन सक्छन् । त्यस्तै आफ्नो वाजी जित्नको लागि मानिसले कसरी नाटक गरी विजेता बन्न सक्दछ र कसरी सजिलै अरूलाई हराउन सक्छ । सबैकुरा आखिर बुद्धिको खेल न हो भन्ने देखाउन खोज्नु पनि यो कथाको अर्को उद्देश्यमा पर्दछ । त्यस्तै आफ्नो मनलाई नियन्त्रण गर्न सकेको खण्डमा जवान युवायुवती रातभरि त्यसै रात विताउन पनि सक्छन् । त्यसमा कुनै शंका छैन भन्ने देखाउन सक्नु पनि यसको अर्को उद्देश्य हो । जीवन अमुल्य छ यसलाई हामीले सहज र सरस किसिमले बाँच्न सक्नुपर्छ भन्ने देखाउन खोज्नु पनि यो कथाको उद्देश्य हो । मानवको जीवनमा एकपल्ट आउने यौवनलाई सहि तरिकाले उपयोग गर्न सकेको खण्डमा पूरा जीवन नै सम्झन योग्य बन्दछ । यसलाई सम्मान र इज्जतका साथ बाँचौं । कसैसँग वाजी

राख्नु नराम्रो होइन यो पनि एक किसिमको खेल नै हो । यसमा एक पक्षको जित र अर्को पक्षको हार हुन्छ भन्ने कुरा देखाउनु पनि अर्को उद्देश्य हो भन्न सकिन्छ ।

### ४.२.१५.६ भाषाशैली

'बाजी' कथामा नेपाली सहरिया समाजमा बस्ने शिक्षित जोडीको कथा हो । नेपाली समाजमा बाजी राख्ने भन्ने विद्यमान संस्कृतिलाई कथाको रूप दिइएको छ । बाजी राख्दा एकले जित्ने अर्कोले हार्ने हुन्छ नै । यो एक किसिमको खेल हो भन्दा पनि फरक नपर्ला । यो कथामा सरल र सहज भाषाकै बाहुल्य रहेको छ । साहित्यिक र आलङ्कारिक भाषाको प्रयोग गरिएको छैन । कथा पूर्ण रूपमा संवादनात्मक भएपनि केही मात्रामा वर्णनात्मक पनि छ । तद्भव शब्दहरूको साथै आगन्तुक तथा बोलिचालिका भाषाहरू प्रयोग गरिएको छ । कथाको सुरूमा बाजीको विषयवस्तुबाट कथा सुरू हुन्छ भने बाजी जितेपछि म पात्रले भनेपछि मात्र उसले थाहा पाएबाट कथाको अन्त्य गरिएको छ ।

समग्रमा कथामा मनोरञ्जन पनि छ । एक जोडी युवा युवतीको रसिलो गफगाफले कथालाई मनोरञ्जनात्मक बनाएको छ । कथा कतैपनि नरोकि सलल बगेको छ । समग्रमा कथा शीर्षक सार्थक सिद्ध भएको छ । कथा भरी एक किसिमको उत्सुकता पाइन्छ । कथामा सरल भाषाको प्रयोग धेरै गरिएको छ भने कतै कतै मिश्रित र संयुक्त वाक्य प्रयोग पनि गरिएको छ । समग्रमा कथा ज्यादै मनोरञ्जनात्मक लाग्छ । कथाका सबैजस्तो भाग संवादात्मक छन् । यस्ता संवादमा प्रश्नोत्तरात्मक शैली छन् । कथाकारले प्रत्यक्ष कथासन्दर्भलाई समेटेको पाइन्छ ।

### ४.२.१५.७ निष्कर्ष

यो कथाको विषयवस्तु सामान्य रहेको छ । कथा सामान्य रहेता पनि कथालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । नेपाली समाजमा व्याप्त बाजी राख्ने प्रचलनदेखि दुई विपरीत लिङ्ग बिचको आर्कषणलाई पनि सहज रूपमा यस कथामा व्यक्त गरिएको छ ।

## ४.३ निष्कर्ष

बुधनको घोडी कथासङ्ग्रहमा पन्ध्रवटा कथाहरू समेटिएका छन् । सम्पूर्ण कथाहरू पढ्दा हाम्रा नेपाली समाजमा घट्ने घटनाहरू नै हुन् भन्ने भान हुन्छ । वास्तवमा सम्पूर्ण

कथाहरू यथार्थपरक लाग्छन् । माओवादी द्वन्द्वकालीन समयको घटनालाई समेत यस कथासङ्ग्रहमा समेटिएको छ । त्यस्तै अहिलेको नेपाली समाजका विभिन्न समस्याहरू : रेमिट्यान्सले भित्र्याएका पारिवारिक समस्यादेखि यौन मनोविज्ञानका कुराहरू, ठुलाबडाले गरीब निमुखाप्रति गरेका शोषहरूदेखि लिएर बुढेसकालमा छोराछोरीले आफ्ना बावुआमालाई गर्नुपर्ने व्यवहारमा चुकेका आदि घटनाहरूमा केन्द्रित रही कथाको रचना गरिएको छ । त्यसैले समग्रमा भन्नुपर्दा मन्दिरा मधुश्रीको बुधनको घोडी कथासङ्ग्रह एउटा महत्त्वपूर्ण नेपाली कथासङ्ग्रह हो भन्न सकिन्छ ।

# परिच्छेद पाँच
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधकार्य कथाकार मन्दिरा मधुश्रीको 'बुधनको घोडी' कथासङ्ग्रहकोष विधातात्त्विक अध्ययन गर्ने कार्यसँग सम्बन्धित छ । यस अध्ययनलाई शोधपत्रको स्वरूप प्रदान गर्नका लागि पाँच ओटा परिच्छेद बनाइएका छन् । पहिलो परिच्छेदमा शोधको परिचय दिइएको छ भने दोस्रो परिच्छेदमा कथाको सैद्धान्तिकस्वरूप प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा मन्दिरा मधुश्रीको जीवनी र व्यक्तित्व प्रस्तुत गरिएको छ । परिच्छेद चारमा विश्लेष्य कृति 'बुधनको घोडी' कथासङ्ग्रहका कथाहरूलाई कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ,पाँचौ परिच्छेदमा सारांश तथा निष्कर्ष राखिएको छ।

कथाकार मन्दिरा मधुश्रीको विवेच्य कृति 'बुधनको घोडी' (२०७३) कथासङ्ग्रहमा पन्ध्र ओटा कथाहरू सङ्गृहीत छन् । यो कथासङ्ग्रहको प्रकाशन हुनुअघि नै मधुश्रीका विभिन्न कथा, गजलहरू विभिन्न साहित्यिक पत्रिकाहरूमा प्रकाशित भैसकेका छन् भने पुस्तकका रूपमा भने उनको यो कथासङ्ग्रह पहिलो कृति हो । आफ्नो कथाकारितामा उनले सामाजिक, राजनीतिक आदि विसङ्गतिको उल्लेख गर्दै त्यसले सामाजिक जीवनमा पार्ने प्रभावका बारेमा चित्रण गरेकी छन् । उनका कथाहरूमा यौन मनोविज्ञानलाई देखाइएको छ ।

'बुधनको घोडी' कथासङ्ग्रहभित्रका कथाहरूको कथावस्तुको स्रोत नेपाली समाज नै हो । नेपाल समाजका जटिलताहरूलाई औंल्याउँदै कथामा विषयगत विविधताका साथै समसामयिकतालाई पनि विशेष रुचिका साथ प्रस्तुत गरिएको पाइन्छ । विशेषत यौन कथाहरूमा दाम्पत्य जीवनका समस्या, परिवार विघटन, विदेश पलायन प्रेम, प्रेममा देखिने वासनात्मक प्रवृत्ति, राजनीतिक क्षेत्रका खराबी, व्यक्तिवादी सोच, गरिबी रुढिबाडी सोच जस्ता विषयलाई मधुश्रीले कथावस्तुका रूपमा ग्रहण गरेको देखिन्छ । यसरी प्रयोग गरिएको सामाजिक कथावस्तुमा उपकथाहरू पात्रको स्मृतिमा शृङ्खलित बनेर आउने गरेको देखिन्छ कथाको कथानक प्रायः रैखिक ढाँचाकै देखिए पनि केही कथामा वर्तुलित बनाइएको पाइन्छ । आत्मालापी कथनलाई बढी महत्त्व दिनाले कथाका केही ठाउँमा कथानक

विशृङ्खलित बन्न गएको पनि देखिन्छ । नेपाली समाजका समस्यालाई देखाउनका लागि चयन गरिएको 'बुधनको घोडी' कथासङ्ग्रहका कथाहरूको कथावस्तु यथार्थसँग नजिक हुनाका साथै कतै न कतै यौनसँग समेत गाँसिएका छन् ।

'बुधनको घोडी' कथासङ्ग्रहका कथाहरूमा नेपाली समाजकै जनजिन्दगी भोगेको चरित्रहरूको उपयोग गरिएको छ । कथाहरूमा आएका पात्रहरू प्रायः ग्रामीण वातावरणमा हुर्केका देखिन्छन् । चरित्रहरूमा पुरुष र नारीको सङ्ख्या बराबर जस्तै देखिन्छ । कथासङ्ग्रभित्रका कथाहरूमा आएका पात्रहरूमा गरिबीमा हुर्केका असाहृय व्यक्तिहरू, धनको पछि दौडने व्यक्तिहरू, गाउँमा शोषणका खेल खेलिरहेका शोषकहरू, नारीलाई मनोरञ्जनका साधन सम्झने यौन पिपासुहरू, बाहिरी झिलिमिलिमा भुल्न खोज्ने व्यक्तिहरू, बाबुआमाप्रतिको कर्तव्य भुल्नेहरू, अनाहकमा ज्यान गुमाउनेहरू छन् । यसरी समस्यासहितको समाजबाट चरित्रको चयन गरी समाजका विकृति र विसङ्गतिको शल्यक्रिया गर्ने काम यस सङ्ग्रहका कथामा भएको छ ।

'बुधनको घोडी' कथासङ्ग्रहको परिवेश काठमाडौँ त्यसको आसपासको झम्सिखेल, ग्रामीण भेग, तराईका कुनै ठाउँ, दुर्गम ग्रामीण भेग आदि स्थानलाई बनाइएको छ । समयगत परिवेशका हिसाबले कथाका घटनाहरू केही मिनेटमा घट्न सक्ने हुनुका साथै बाह्र, तेह्र वर्षका लामा पनि देखा पर्छन् । ऐतिहासिक समय सन्दर्भका हिसाबले कथासङ्ग्रहका कथाहरू वर्तमान युगकै आसपासमा रहेका पाइन्छन् । कथासङ्ग्रहभित्रका प्रायः कथाहरूमा विकृत बन्दै गएको नेपाली समाजको चित्र पाइन्छ । सामाजिक बेइमानी, यौनकुण्ठा, श्रम शोषण, आर्थिक शोषण, हेपाहा प्रवृत्ति, रुढिबाढी विश्वास, मायाप्रेम यौन शोषण आदि यहाँको वातावरणमा पाइने विशेषता हुन् । कथाहरूमा ग्रामीण समाजमा त्यही अनुसारको शोषण छ भने सहरिया समाज पनि बढी विकृत बन्दै गएको देखाइएको छ ।

'बुधनको घोडी' कथासङ्ग्रहका कथाहरूको लेखनगत उद्देश्य वर्तमान समाज र विगतमा घटेका घटनाहरूको यथार्थता देखाउनु हो । यस सङ्ग्रका कथामा नेपाली समाजका बेथिति र निरुद्देश्यतालाई देखाउने काम भएको छ । यसको साथै ग्रामीण भेगका दुःख दरिद्रता, शोषण, सहरी जीवनको निस्सारता र कहालीलाग्दो स्थितिको चित्रण गर्नु, सहरी जीवन, पुँजीवादी युगको पैसामुखी चरित्र र मानवीय मूल्यको क्षतिलाई देखाउनुका साथै मानवको पक्षमा र द्रव्यमुखी चरित्रको विपक्षमा मत जाहेर गर्नु कथाकारको

कथालेखनको उद्देश्य देखा पर्छ । कथाकारले आफ्नो कथासङ्ग्रहमार्फत समाजमा जागरण फैलाउन खोजेका छन् । धन कमाउने अभिलाषाका कारण मानव जीवन जटिल बन्दै गइरहेको देखाउनु, यौनकुण्ठा, यौनशोषण, ग्रामीण भेगका शोषक वर्गहरूको चरित्र देखाउनु, निम्न वर्गीय व्यक्तिहरूको सङ्घर्षपूर्ण जीवनको सहस्योघाटन गर्नु, बाहिरी आवरणमा आर्कषित हुनु, राजनीतिक प्रभाव देखाउनु, आइमाईको चरित्र देखाउन खोज्नु यस सङ्ग्रहको कथाहरूको उद्देश्य देखा पर्छ । जन्मदिने जननीहरूको वेवास्ता गर्नु र पैसाको पछि दर्गुनु आदि सङ्कटपूर्ण वर्तमान मानवसमाजको स्थितिलाई देखाउनु नै 'बुधनको घोडी' कथासङ्ग्रहका कथाहरूको खास उद्देश्य देखिन्छ ।

'बुधनको घोडी' कथासङ्ग्रहमा प्रायः प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ भने तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग गरिएको छ । दुवै दृष्टिबिन्दुको प्रयोग ठिक ठिकै तरिकाले गरेको पाइन्छ । कथाहरूमा कथाकारले कथावाचकका संवेगात्मक स्थितिको, मानसिक उतारचढावको विशेष स्थिति नदेखाई त्यससँग सम्बन्धित विषयलाई वर्णानात्मक ढङ्गले पेस गरेको पाइन्छ । यस्तो अवस्थाका कथाका पात्रपात्राहरू सन्दर्भ र घटनाहरूको वर्णनकर्ता भएर प्रस्तुत हुन्छन् ।

'बुधनको घोडी' कथासङ्ग्रहका कथाहरूको भाषा सरल छ । काथाकारले आफूले चयन गरेको विषयलाई समाजका यथार्थ पात्रपात्राहरूको नेतृत्वमा संवाद, बहस र प्रश्नोत्तरको सरल कुराकानी शैलीमा प्रस्तुत गरेको पाइन्छ । यस्तो अवस्थामा अधिकांश कथामा पात्रको मनोवादात्मक कथन पाइन्छ । शब्दहरूका हिसाबले कथामा तत्सम र आगन्तुक शब्दहरूकै बाहुल्य पाइन्छ भने वाक्यविधानका हसिाबले सरल वाक्यहरूको उपयोग बढी मात्रामा गरेको देखिन्छ । संवादहरू छोटाछरिता देखिए पनि स्वगतकथनहरू अस्वा भाविक किसिमले निकै लामा लामा देखिन्छन् । अनुच्छेद गठनमा सन्तुलन नै देखिए पनि कथाकार मधुश्रीका कथा प्रस्तुति शैली कलात्मक र यथार्थिक नै देखिन्छ । कथालाई वर्तमानबाट सुरू गरेर अतीतको यात्रा गराई वर्तमानमै फर्काएर समापन गर्ने शैली पनि यस कथाहरूमा देख्न सकिन्छ ।

## ५.२ निष्कर्ष

१. 'बुधनको घोडी' कथासङ्ग्रहभित्रका कथामा कथानक योजना सूक्ष्म छ । यहाँ कथानकको आदि, मध्य र अन्त्यको सिलसिला स्थुल रूपमा पाइँदैन ।

२. 'बुधनको घोडी' कथासङ्ग्रहभित्रका कथामा चरित्रहरूको विकास परम्परागत किसिमले योजनावद्ध गरिएको छैन । एउटै कथामा प्रसङ्ग अनुसारको पात्रहरू रहेका छन् । चरित्र चित्रमा परम्परागत मान्यतालाई खण्डित गरिएको छ ।

३. 'बुधनको घोडी' कथासङ्ग्रहभित्रका कथामा सहरी र ग्रामीण दुवै परिवेशको प्रयोग भएको छ । प्राय. कथाहरू ग्रामीण परिवेशका छन् । समयका दृष्टिले कथाहरू समसामयिकतामा आधारित देखिन्छन् भने धेरै जसो निम्न वर्गीय परिवारमा हुने जटिलता र असहजताहरू यहाँ परिस्थितिका रूपमा आएका छन् । यसरी हेर्दा ग्रामीण र सहरी समाज दुवैतिरका समसामयिक विषयलाई सम्बोधन गर्नका लागि तयार पारिएको विषयसुहाउँदो परिवेश कथाहरूमा पाइन्छ ।

४. 'बुधनको घोडी' कथासङ्ग्रहभित्रका कथाले खासगरी निम्न वर्गीय परिवारमा बाँचिरहेको वर्तमान जीवनका जटिलताहरूलाई अभिव्यक्त गर्ने उद्देश्य राखेका छन् । खासगरी सहरी मध्ययवर्गीय जीवनका जटिलता र असन्तोषहरूलाई अभिव्यक्त गर्ने काममा पनि कथाहरू सफल भएको छन् ।

५. 'बुधनको घोडी' कथासङ्ग्रहभित्रका कथामा मूलतः मिश्रित तथा सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग पाइन्छ । एउटै कथामा पनि प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको मिश्रित प्रयोगले कथालाई उत्तर आधुनिकताको नजिक पुऱ्याएको छ ।

६. 'बुधनको घोडी' कथासङ्ग्रहभित्रका कथामा तत्सम र बोलीचालीको भाषाको अधिक्य छ । आगन्तुक र तद्भव शब्दहरूको प्रयोग पनि पाइन्छ । मिश्रित र संयुक्त वाक्यको प्रयोग पनि पाइन्छ तर अधिकांश वाक्यहरू सरल नै छन् । बोधगभ्यतामा सहन हुने गरी वाक्यात्मक संरचनाहरू तयार पारिएका छन् । साहित्यिक भाषाको न्यूनता र जनजिब्रोको भाषाको अधिक प्रयोग सङ्ग्रहभित्रका कथाहरूमा पाइन्छ ।

मन्दिरा मधुश्रीका कथामा यौन मनोविज्ञानलाई नै विशेष जोड दिइएको पाइन्छ । त्यस्तै उनका कथामा समाजमा भएका यथार्थता, अन्याय,अत्याचार, शोषण, दमन, पारिवारीक घटना, राजनीतिक घटना आदि लाई पनि समावेश गरिएको पाइन्छ । उनले लामो सशस्त्र द्वन्द्व बाट साधारण जनतामा परेको मर्का र पीडित सर्वसाधारणको वर्तमान समयको दीनचर्या जस्ता विषयलाई आधार बनाई कथाको विषय बनाएकी हुन्छिन् ।

उनका आफनो कथायात्रा अगाडि बढाउने क्रममा उनको कथासङ्ग्रह र कथायात्रालाई हेर्दा उनको कथा लेखनमा राजनीतिक, यौन तथा प्रेम, युगीन विकृति र विसंगति, अस्तित्व जस्ता विषयवस्तुलाई समेत अँगालेको पाइन्छ । उनको कथायात्राको कालमा प्रकाशित कथाहरूमा पाइने मूलभूत अभिलक्षणहरू यस प्रकारका रहेका छन् ।

१. यौन मनोविज्ञान र सामाजिक यथार्थताको चित्रण,

२. वर्ग सङ्घर्ष, जनयुद्धको चित्रण र दमन,

३.राजनीतिक विषय,

४.ग्रामीण र सहरिया परिवेशको चित्रण,

५.प्रतीक बिम्ब विधानको प्रयोग,

६.शासक वर्गद्वारा गरिने शोषणको चित्रण

७.मानवतावादको अभिव्यक्ति

८.साना मझौला आयामका कथा संरचना

९.सरल, सहज, वोधगम्य र स्थानीय लवजको प्रयोग

समाजको प्रतिविम्बलाई कलात्मक लेखन नगरिकन जस्ताको तस्तै देखाउने काम सामाजिक कथा मार्फत गर्ने गरिन्छ । सामाजिक प्रतिविम्व झल्कने कथालाई सामाजिक यथार्थवादी कथा भनिन्छ । मधुश्रीका कथामा समाजमा रहेका आर्थिक, सामाजिक, सांस्कृतिक र भौगोलिक स्थितिको वस्तुपरक चित्रण गर्नुका साथै कारुणिक र भावुकता समेतलाई अभिव्यक्त गरेको पाइन्छ । उनका कथामा विशेषतःयौन मनोविज्ञानलाई समेटेको पाइन्छ ।

यस बुधनको घोडी कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमा विशेषत माओवादी द्वन्द्वको यथार्थपरक कथालाई पनि समावेश गरिएको छ, त्यस्तै यौन, यौन कुण्ठा, वर्गीय द्वन्द्व आदि लाई विषयवस्तु बनाएर कथा तयार पारिएको छ ।

१. मन्दिरा मधुश्रीका कथामा युग चेतना

# सन्दर्भसामग्री सूची


उपाध्याय, केशवप्रसाद. (२०५९) *साहित्य प्रकाश* (छै.सं.) ललितपुर : साझा प्रकाशन ।

कोइराला, रामहरि. (२०७३). "विविध स्वादका कथाहरू". *मधुपर्क.* ३९ (५). पृ. ५८ ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी ज्ञानु. (२०६९). *नेपाली कथाको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ठकुरी, माया. (२०७३). "शुभकामना". *बुधनको घोडी.* ललितपुर. डम्बरकुमारी-गणेश साहित्य प्रतिष्ठान ।

ढकाल, सुवास. (सम्पादन). (२०७३). "बुधनको घोडी". *नारी.* १४ (१०/१३६. पृ. १२४) ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७०). *कविता सिद्धान्त र नेपाली साहित्यको इतिहास.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

तिवारी, नारायण. (२०७३). "शुभकामना". *बुधनको घोडी.* ललितपुर. डम्बरकुमारी-गणेश साहित्य प्रतिष्ठान ।

तिवारी (घिमिरे), मीना. (२०६०). "मन्दिराको बुधनको घोडी". *ऐक्यवद्धता.* १६ (५). पृ. ६१

पोखरेल, राधादेवी. (२०६१). *शव, सालिक र सहस्र बुद्ध कथासङ्ग्रहको कृतिपरक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

पोखरेल, बालकृष्ण र अन्य. (२०४०). (सम्मा.) *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

बराल, ईश्वर. (२०२९). *झ्यालबाट.* ललितपुर : साझा प्रकाशन ।

मधुश्री, मन्दिरा. (२०७३). *बुधनको घोडी.* डम्बरकुमारी-गणेश सहित्य प्रतिष्ठान

राजरैना. (सन् १९७८). *कहानीकार फणीश्वरनाथ रेणु.* नई दिल्ली : सीमान्त प्रकाशन

रेग्मी, सनत. (२०७३). "शुभकामना". *बुधनको घोडी.* ललितपुर. डम्बरकुमारी -गणेश साहित्य प्रतिष्ठान

शर्मा, मोहनराज. (२०५०). *कथाको विकास प्रक्रिया* (दो.सं.) ललितपुर : साझा प्रकाशन

शर्मा, मोहनराज र श्रेष्ठ दयाराम. (२०४६). *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.* काठमाडौँ : प्रज्ञाप्रतिष्ठान ।

शर्मा, रमेशचन्द्र. (सन् १९८२). *हिन्दी कहानी का सफर.* अलिगढ : भारत प्रकाशन मन्दिर ।

प्रधान, परशु. (२०७३). *शुभकामना. बुधनको घोडी.* ललितपुर : डम्बरकुमारी-गणेश साहित्य प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम. (२०३४). माधवी र नेपाली कथापरम्परा. *मधुपर्क,* १०/८-९, पृ. १०१-१०५ ।

----. (२०६०). *नेपाली कथा भाग ४.* (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

----. (२०६६). *अभिनव कथाशास्त्र.* काठमाडौँ : पालुवा प्रकाशन ।

----. (२०७०). *नेपाली कथा र कथाकार.* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।